## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू


**केन्द्रीय कार्यालय, हरिहर भवन, ललितपुर**

इमेल : nhrc@nhrcnepal.org
फोन : ०१–५०१००१५/१६/१७/१८
वेबसाइट : www.nhrcnepal.org
फ्याक्स : ०१–५५४७९७३, ५५४७९७४
हटलाइन : ०१–५०१००००

**प्रदेश १, विराटनगर**
फोन नं. : ०२१–४६१९३१/४६१०९३
फ्याक्स : ०२१–४६११००

**प्रदेश २, जनकपुर**
फोन नं. : ०४१–५२७८११/१२
फ्याक्स : ०४१–५२७२५०

**प्रदेश ३, सानेपा**
फोन नं. : ०१–५५३०३६२
फ्याक्स : ०१–५५२९१७२

**गण्डकी प्रदेश, पोखरा**
फोन नं. : ०६१–४६२८११/४६३८२२
फ्याक्स : ०६१–४६५०४२

**प्रदेश ५, बुटवल**
फोन नं. : ०७१–४१०१७५
फ्याक्स : ०७१–४१०१७६

**सुदुर पश्चिम प्रदेश, धनगढी**
फोन नं. : ०९१–५२५६२१/२२
फ्याक्स : ०९१–५२५६२३

**प्रदेश १ (शाखा), खोटाङ्ग**
फोन नं. : ०३६–४२०२८४
फ्याक्स : ०३६–४२०२८४

**प्रदेश ५, (शाखा) नेपालगञ्ज**
फोन नं. : ०८१–५२६७०७/०८
फ्याक्स : ०८१–५२६७०६

**कर्णाली प्रदेश (शाखा), जुम्ला**
फोन नं. : ०८७–५२०२२२
फ्याक्स : ०८७–५२०२२२


# जबरजस्ती करणीमा परेका महिलाको मानव अधिकार एवम् न्यायमा पहुँचमा नेपाल प्रहरीको जवाफदेहीता

# अध्ययन प्रतिवेदन

**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहरभवन, ललितपुर, नेपाल

# जबरजस्ती करणीमा परेका महिलाको मानव अधिकार एवम् न्यायमा पहुँचमा नेपाल प्रहरीको जवाफदेहीता

## अध्ययन प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

**प्रतिवेदन लेखन**

लेखन/सम्पादन - मा.मोहना अन्सारी, सदस्य

- मञ्जु खतिवडा, उप-निर्देशक

**तथ्याङ्क संकलन तथा विश्लेषण**

दिपा आचार्य - मानव अधिकार अधिकृत

उषा किरण मेघी - मानव अधिकार अधिकृत

रुपाश्री निरौला - मानव अधिकार अधिकृत

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग

पो.ब.न. ९१८२, काठमाडौँ, नेपाल

**प्रकाशन मितिः** २०७६

**प्रकाशन प्रतिः** १०००

**प्रतिवेदन नं.**: २४६ (के.का.)

**मुद्रण** :

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय अनूप राज शर्मा

**सदस्यहरू**

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

माननीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

# मन्तव्य

विश्व परिदृश्यमा महिला र पुरुष बिच कुनै न कुनै रुपमा विभेद, असमानता, हिंसा विद्यमान छ। नेपालमा पनि यसलाई नकार्न सकिदैन। वि.सं.२०६८ को जनगणना अनुसार ५१.५० प्रतिशत भन्दा बढी जनसंख्या रहेका महिलाहरू आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक तथा प्रशासनिक तवरले समान रूपमा अधिकार उपभोग गर्न सकिरहेका छैनन्। नेपाली समाजमा महिला माथि विभिन्न बहानामा हिंसा कायमै छ। दाइजो, बालविबाह, मञ्जुरीबिना विबाह, जबरजस्ती करणी, यौनजन्य दुर्व्यवहार, मानव बेचबिखन, घरेलु हिंसा, बोक्सीको आरोप लगायतमा महिलाहरु दिनानुदिन प्रताडित भइरहेका छन्। हिंसाको कारण कतिपय महिलाहरूले ज्यान गुमाएका घटनाहरू पनि त्यत्तिकै छन्। महिलामाथि हिंसाका घटनाहरुको बृद्धि सँग सँगै हिंसा पीडितहरुको मानव अधिकार संरक्षण र न्याय पहुँचमा समेत कठिनाई तथा बाधा व्यवधानहरू पनि त्यत्तिकै रूपमा आइरहेका छन्।

जबरजस्ती करणीमा परेका महिला तथा बालिकाहरुको मानव अधिकार संरक्षण गर्नु, न्यायमा पहुँच पुर्‍याउनु पीडितहरूलाई तत्काल संरक्षण गर्नु, पुनर्स्थापन गर्नु, सुरक्षा प्रदान गर्नु राज्यको प्रमुख दायित्व हो। यो दीयत्व पूरा गर्नको लागि जिम्मेवारी दिईएको निकायलाई सक्षम, सबल, स्रोत र साधन सम्पन्न बनाउने दायित्व पनि राज्यको नै हो। तर पनि हिंसा पीडितहरुले सहज र सरल रुपमा न्याय पाउने विषय सदैव चुनौतीको रुपमा रहेको देखिन्छ। परम्परागत अनुसन्धान प्रणाली, लैङ्गिक संवेदनशील अनुसन्धान अभाव, सक्षम र दक्ष अनुसन्धानकर्ताको अभाव, जघन्य अपराधको विषयमा विशेषज्ञ चिकित्सकले दिनुपर्ने मेडिको लिगल प्रतिवेदन तयार गर्नको लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, प्रहरी अनुसन्धान पद्दति वैज्ञानिक हुन नसक्नु, जिम्मेवार र जबाफदेहि निकायहरुमा स्रोत तथा साधान र दक्ष जनशक्तिको अभाव जस्ता जटिलताले गर्दा पीडितले न्यायको अनुभूति गर्न नसकिरहेको अवस्था विद्यमान रहेको छ।

राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको संविधानले काम, कर्तव्य र अधिकार तोकेको छ। सोही अनुरुप आयोगले पाँचौ रणनीतिक योजनामा "**सबैका लागि घर घरमा मानव अधिकार: शान्ति र विकासको आधार**" भन्ने नारा तय गरी प्रत्येक नागरिकको पहुँचमा मानव अधिकार शिक्षा पुर्‍याउने लक्ष्य राखेको छ। आयोगले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई प्राथमिकतामा राखेर कार्य गर्दै आएको छ। आयोगले महिला हिंसा न्यूनिकरणमा नेपाल प्रहरीको जबाफदेहिता विषयक राष्ट्रिय अभियान कार्यक्रम ७ वटै प्रदेशमा नेपाल प्रहरीको सहकार्यमा संचालन गरेको थियो। आयोगले यस विषयमा सञ्चालन गरेको अभियानको निष्कर्ष र सुझावलाई सरोकारवाला समक्ष पुर्‍याउने उद्देश्यका साथ आयोजित कार्यक्रमहरुबाट प्राप्त हुन आएका विषयहरूलाई समेटी यो प्रतिवेदन प्रकाशित गरिएको छ। जबरजस्ती करणीमा परेका महिला तथा बालिकाहरुको न्यायमा पहुँच सरल, सहज र सुरक्षित तरीकाले हुनुपर्दछ र यस कार्यमा संलग्न रहेका जिम्मेवार निकायहरू लगायत सम्पूर्ण सरोकारवालालाई यस प्रतिवेदनले थप सहयोग पुर्‍याउनेछ भन्ने मेरो विश्वास रहेको छ।

अन्त्यमा, यस अभियन कार्यक्रम सम्पन्न गर्नको लागि निरन्तर सक्रिय रहनुहुने यस आयोगका माननीय सदस्य मोहना अन्सारी, आयोगका सचिव, उपनिर्देशक मञ्जु खतिवडा सहित कर्मचारीहरू विशेष धन्यवादको पात्र हुनुहुन्छ साथै यस अभियानमा सहयोग पुर्‍याउनुहुने प्रदेश सभाका प्रतिनीधिहरु र प्रदेश सरकार, नेपाल प्रहरी सहित सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु।

अनूप राज शर्मा
अध्यक्ष

## मन्तव्य

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र १९४८ मानव अधिकारलाई विश्वव्यापी बनाउन एवम् मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्नको लागि महत्वपूर्ण दस्तावेज रहेको छ जुन घोषणापत्र भएतापनि राज्यहरु यसको कार्यान्वयन गर्न नैतिक रुपमा बाध्यकारी रहन्छन् । जसको आधारमा अन्य दस्तावेजहरुको विकास भएको पाईएको छ। यस घोषणापत्रले सबै मानवहरु समान अधिकार र स्वतन्त्रता लिई जन्मेका हुन्छन् भन्ने कुरालाई मान्यता दिएको छ। यसले अविभेदको अधिकार, कानूनको अगाडि समानताको अधिकार, मातृत्वको अवस्थामा विशेष रेखदेख र सहयोग आवश्यक हुने कुरालाई जोड दिएको छ।

नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धि १९७९ लाई अनुमोदन गरी पक्ष राष्ट्र बनेको छ। त्यसैगरी सन् १९९५ को चौथो विश्व महिला सम्मेलनबाट पारित वेइजिङ्ग घोषणा तथा कार्ययोजना, संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को प्रस्तावहरु १३२५ र १८२०, दिगो विकासका लक्ष्य लगायत मानव अधिकार प्रत्याभूति गर्ने विभिन्न सन्धि सम्झौतामा हस्ताक्षर गरी लैंङ्गिक समानता, महिला अधिकार र महिला सशक्तीकरण गर्ने प्रतिवद्धता व्यक्त गरेको छ। क्षेत्रीय स्तरमा महिला र बालिका बेचविखन विरुद्धको महासन्धिलाई समेत अनुमोदन गरी कार्यान्वयनमा ल्याएको छ। अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिम महिला विरुद्धको सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धि १९७९ महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धि महिला उपर हनु सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने तथा लैङ्गिक समानतालाई सुनिश्चित गर्ने महत्वपूर्ण दस्तावेज हो। यस महासन्धिले सारभुत समानतालाई जोड दिएको छ।

महिला अधिकार संरक्षणको अन्तर्राष्ट्रिय दायित्व बमोजि महिला विरुद्धको भेद्भाव उन्मूलन समितिमा नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धिको छैंटौ आवधिक प्रतिवेदन बुझाएको छ। राष्ट्रिय मानव अधिकार आयोगले समेत उक्त समितिमा आफ्नो तर्फबाट प्रतिवेदन पेश गरेको थियो। नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ साथै महिला अधिकारको संरक्षण तथा संवर्धन गर्ने उद्देश्यले विभिन्न कानून निर्माण भई कार्यान्वयनमा समेत आएका छन्।

यद्यपी नेपालमा जबरजस्ती करणी सम्बन्धी घटनाहरु दिनहुँ बढी रहेको विभिन्न प्रतिवेदन तथा समाचारहरुले देखाएको छ । यसले महिलामाथिको चरम हिंसाको स्वरुपलाई उजागर गर्दछ । नेपाल प्रहरीको तथ्याङ्कले पनि गत वर्षको तुलनामा यस वर्ष महिला हिसां तथा जबरजस्ती करणीको उजुरी बढेको देखाउछ। जनताको सुरक्षा गर्ने दायित्व नेपाल प्रहरीको रहेको छ। तर हाम्रो सामाजिक परिवेश र पृतिसत्तात्मक संरचनाले गर्दा सबै हिंसा पीडित महिलाहरुले न्यायमा पहुँच सहज रुपमा पाउन नसक्ने अवस्था रहेको छ। त्यसमाथि जबरजस्ती करणी सम्बन्धी उजुरीमा पीडितले न्याय निरुपण गर्नका लागि के कस्ता समस्या भोग्नु परेको छ र उनीहरुको शारीरिक तथा मानसिक, सामाजिक जिवनमा पारेको प्रभावको बारेमा मानव अधिकार आयोगले नेपाल प्रहरीको सहकार्यमा महिला हिंसा न्यूनीकरणको लागि नेपाल प्रहरीको जवाफदेहीता विषयक राष्ट्रिय अभियान सबै प्रदेशमा सम्पन्न गरेको छ। जसको लागि आयोगले मिति २०७५।८।२५ गते गरेको निर्णय बमोजिम महिला हिंसा विशेष गरी बलात्कार तथा बलात्कारपछि हत्याका घटनाहरूमा नेपाल प्रहरीको अनुसन्धानको अवस्थाबारे अध्ययन तथा अनुसन्धान गर्ने निर्णय गरेको थियो।

जबरजस्ती करणी जस्तो जघंन्य अपराध घटनाका पीडितको संरक्षण, पुनर्स्थापना, सुरक्षा जस्ता कार्यमा प्रहरीको अहम भूमिका रहेको हुन्छ। तर महिला हिंसा सम्बन्धी मुद्दाहरुमा निरन्तर अनुगमन र मूल्याङ्कन गरी पीडितलाई छिटो छरितो तरिकाबाट न्याय दिनका लागि सबै सरोकारवाला निकायहरुको समन्वय, सहकार्य गर्नु आवश्यक रहेको छ। हिंसा पीडित महिलाहरुले न्यायमा सहज पहुँच बृद्धि गर्नका लागि जिम्मेवार निकायहरुको भूमिकाको बारेमा ध्यानाकर्षण गराउने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको हो। जबरजस्ती करणी जस्तो संवेदनशील विषयमा सबै सरोकारवाला निकायहरु जिम्मेवार भएर जबरजस्ती पीडित मैत्री वातावरण प्रदान गरी छिटो छरितो न्यायको लागि पहल गर्न आवश्यक देखिन्छ। हामीले कार्यक्रम र प्रहरीको तथ्याङ्कको आधारमा भन्दा पीडितलाई दिर्घकालिन रुपमा सामाजिक सुरक्षाको व्यवस्था राज्यले गर्नुपर्ने देखिन्छ। यस्ता घटनाहरु न्यूनीकरण र पीडितको न्यायमा पहुँचका लागि आयोगले नेपाल सरकारलाई महिला हिंसा सम्बन्धी संघीय, प्रदेश स्तरीय र स्थानीय स्तरमा सिफारिस गरेको कार्यान्वयन गर्न जरुरी रहेको छ। महिला हिंसा न्यूनीकरणमा नेपाल प्रहरीको जवाफदेहीता राष्ट्रिय अभियान कार्यक्रममा सहभागी हुनुहुने सम्पूर्ण प्रदेशका अतिथि, सहभागी र हिंसा पीडितहरु प्रति कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै यो प्रतिवेदन तयार गर्ने क्रममा नेपाल प्रहरी लगायत अन्य सरोकारवाला निकायहरुले प्रदान गर्नु भएको तथ्याङ्क प्रति विशेष धन्यवाद व्यक्त गर्दछु। यस प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने आयोगका मा.अध्यक्ष, सदस्यहरु तथा सचिव प्रति आभार व्यक्त गर्दछु। साथै यस अध्ययन तथा अभियानलाई सफल बनाउन प्रभावकारी भूमिका निर्वाह गर्नुहुने लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखाका सबै कर्मचारी साथै आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयका सम्पूर्णमा धन्यवाद दिन चाहन्छु।

**मोहना अन्सारी**
सदस्य

# प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल

## Inspector General of Police Sarbendra Khanal

## (Chief of Nepal Police)

### मन्तव्य

श्री राष्ट्रिय मानव अधिकार आयोगबाट जबरजस्ती करणीमा परेका महिलाको मानव अधिकार एवं न्यायमा पहुँचमा नेपाल प्रहरीको जवाफदेहिता विषयक अध्ययन प्रतिवेदन सार्वजनिक हुनु ज्यादै खुशीको विषय हो । यस प्रतिवेदनमा हिंसा लगायत जबरजस्ती करणीका कुकृत्यबाट पीडित हुनु परेका महिलाहरूलाई न्यायमा पहुँच, सुरक्षा, संरक्षण र सामाजिकीकरणका लागि हाम्रा प्रयास र अभियानलाई अभिवृद्धि गराउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोग, नेपाल प्रहरी लगायत सरोकारवाला निकायद्वारा प्रदेशस्तरमा सम्पन्न भएका गोष्ठीहरूबाट प्राप्त भएका सुझावहरूको पर्याप्त अध्ययन, विश्लेषण समेत समेटिएको छ भन्ने मलाई लागेको छ ।

यौनहिंसा लगायत महिला उपर हुने हिंसाजन्य अन्य कार्य मानव सभ्यता विरुद्धका अक्षम्य कसुर हुन । हाम्रो सामाजिक संरचना, रूढिवादी मनोविज्ञानले अझ पनि यदाकदा हिंसाका घटना घटेका छन् । अन्धविश्वास, कुरीतिका कारणले पनि कैयन् महिलाहरू आजसम्म हिंसाका शिकार हुनु परेको छ । यस्ता क्रूर र अमानवीय व्यवहार महिलाका अस्मिता, शरीर विरुद्धको जघन्य कसुर पनि हो । यस्ता कसुर विरुद्धको कानुनी कारवाही कठोरता नेपाल प्रहरीको सांगठानिक प्राथमिकता पनि हो ।

हालैका वर्षमा जबरजस्ती करणी र हिंसा पीडित महिलाहरू आफ्नो पीडा र अन्यायका उजुरी लिई प्रहरीमा उजुर गरी न्याय माग्न आउने क्रम बढेको पाईएको छ । स्वतन्त्ररुपमा गरिएका अध्ययन बाट समेत यी तथ्यहरू पुष्टि भएका छन् । प्रहरीले जबरजस्ती करणीका कसुरमा संलग्न रहेका करिब ९७% कसूरदारलाई पक्राउ गरी कानुनको दायरामा ल्याएको छ । यसले पनि पीडितमा न्याय प्राप्तिको विश्वास अभिवृद्धि गरेको ठान्न सकिन्छ । यो ज्यादै सुखद पक्ष हो भन्ने मलाई लागेको छ ।

नेपाल प्रहरी आम नागरिकको मौलिक हक अधिकारको प्रचलन संरक्षण, मानव अधिकारको सम्वर्धन, प्रवर्धन गर्ने राज्यको महत्वपूर्ण निकाय हो । यसका अलावा नेपाल प्रहरीले राज्यको नीति अनुरूप समाजका संवेदनशील वर्गहरूका लागी विशेष सेवा प्रवाह समेत गर्दै आएको छ । समाजमा महिलाको संविधान प्रदत्त हक, अधिकारको प्रचलन, प्रवर्धन गर्न, गराउन नेपाल प्रहरी संवेदनशील रहेको छ । विशेषतः महिला विरुद्ध हुने कुनै पनि हिंसाजन्य गतिविधिको कानुन बमोजिम अनुसन्धान गरी पीडितको न्याय प्राप्तिको हकलाई सुनिश्चित गर्ने, पीडितको गोपनीयता कायम राख्ने, क्षतिपूर्तिको हकलाई कानुन बमोजिम प्रकृयासम्मत तुल्याउने, प्रमाण संकलन र संरक्षण वैज्ञानिक र प्रकृयासम्मत तवरबाट गर्ने, पीडित र साक्षीको संरक्षण गरी पीडकलाई हदै सम्मको कानुनी कारवाही गर्न कानूनी एवम् प्रमाणिक आधार तयार गर्ने जिम्मेवारी नेपाल प्रहरीको हो । यसका लागि केन्द्रमा महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय र जिल्ला तथा इलाकास्तरसम्म विशिष्टीकृत इकाईहरूको स्थापना गरी कार्य गर्दै आएको छ ।

नेपाल प्रहरी हिंसाको पीडा, चपेटामा रहेका महिलाहरूको सारथि हो । कुनै घटनाबाट पीडित हुनु भएका महिलाहरूलाइ न्यायमा सहज पहुँच गराउन नेपाल प्रहरी सदैव प्रतिबद्ध रहेको छ । यसर्थ महिला हिंसाको वस्तुगत एवम् परिणाममुखि अनुसन्धानको क्षमता विकासका लागि नेपाल प्रहरीले साधन श्रोत व्यवस्थापन, प्रशिक्षणलाई उच्च महत्त्व दिएको छ । हाम्रो प्रतिबद्धतालाई साकार तुल्याउन सरोकारवाला निकायबाट निरन्तर समन्वय एवं सहकार्यको अपेक्षा राखेका छौं ।

अन्त्यमा, श्री राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित भएको जबरजस्ती करणीमा परेका महिलाको मानव अधिकार एवं न्यायमा पहुँचमा नेपाल प्रहरीको जवाफदेहिता विषयक अध्ययन प्रतिवेदनले हिंसा पीडित महिलाहरूको न्यायका लागि क्रियाशिल नेपाल प्रहरी लगायत सम्बद्ध सवै निकायलाई थप मार्ग निर्देशन र ऊर्जा मिल्नेछ भन्ने मैले विश्वास लिएको छु । हिंसा र जबरजस्ती करणी जस्तो मानव सभ्यताको कालो कलंकलाई हाम्रो समाज देखी निर्मूल गर्न हामी सबै प्रतिबद्ध रहौं र सदा हिंसा पीडितको न्याय र सुरक्षामा साथ दिऔं भन्ने मूल नारा सहित क्रियाशिल रहन म सरोकारवाला सम्पूर्णमा आग्रह समेत गर्दछु ।

धन्यवाद, जय नेपाल ।

प्रहरी महानिरीक्षक

(सर्वेन्द्र खनाल)

पोष्ट बक्स नं.४०७, कार्यालय:९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स:९७७-१-४४१५५९३
ईमेल: sarbendra@nepalpolice.gov.np/phqigp@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।

# विषयसूची

**मन्तव्य**

कार्यकारी सारांश १

पृष्ठभूमी ४

उद्देश्य ६

सीमा ७

प्राप्त तथ्यहरू ८

**प्रादेशिक कार्यक्रम र कार्यक्रममा उठेका मूख्य सवालहरू**

प्रदेश नं. १ १४

प्रदेश नं. २ २२

गण्डकी प्रदेश ३६

प्रदेश नं. ५ ४३

कर्णाली प्रदेश ४९

प्रदेश नं. ७ ५७

महिला हिंसा न्यूनीकरणमा आयोगबाट भएका प्रतिनिधिमूलक कार्यहरू ६४

तथ्यगत विश्लेषण ६७

कानूनी विश्लेषण ७०

हिंसाका स्वरुपहरु ७८

निष्कर्ष ८५

अबको बाटो ८८

सुझाव तथा सिफारिश ८९

**अनुसूचीहरू**

मानव अधिकारको संरक्षण सम्बन्धी अभियान कार्यक्रमको सहभागीहरूको विवरण ९२

सञ्चार माध्यममा प्रकाशित केही समाचारहरू १२१

आयोगबाट जारी भएका केही प्रेस विज्ञप्तिहरू १२६

जबरजस्ती करणीमा सर्वोच्च अदालतबाट भएका केही फैसलाहरु १३१

कार्यक्रमका केही झलकहरु १३३




*चार्ट नं. १: जिल्लागत उजुरी विवरण*

**कार्यक्रम भएका स्थानहरू:**

१. **विराटनगर**

२. **जनकपुर**

३. **बुटवल**

४. **पोखरा**

५. **सुर्खेत**

६. **कञ्चनपुर**

## कार्यकारी सारांश

महिला हिंसा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलाको जीवनका हरेक पक्षमा शारीरिक तथा मनोवैज्ञानिक असरहरू अल्पकालीन वा दीर्घकालीन रुपमा पारेको हुन्छ। महिला विरुद्धको हिंसाले महिलाको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, यातनाबाट मुक्त हुनपाउने अधिकार, स्वतन्त्रता र व्यक्तिको सुरक्षाको अधिकार, कानूनको दृष्टिमा समान संरक्षण पाउने अधिकार, परिवारमा समानताको अधिकार, शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम स्तरको स्वास्थ्य उपचार प्राप्त गर्न पाउने अधिकार, उचित र अनूकुल वातावरणमा काम गर्न पाउने अधिकारहरू हनन् हुन्छ। समाजमा व्याप्त लैङ्गिक मूल्य र मान्यताहरूले गर्दा पूरुषलाई सर्वशक्तिवान् र बलियो, महिला शक्तिविहीन र कमजोर मानिने हुँदा महिलामाथि धेरै प्रकारका हिंसा भइरहेका हुन्छन्। महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक तरिकाबाट हाल पनि हिंसा भईरहेको अवस्था छ। नेपाली समाज पितृसत्तात्मक समाज भएको कारण महिला माथि बहुआयमिक हिंसा र भेद्भावजन्य व्यवहारहरू अझै पनि कायमै छन्। समाजमा विद्यमान विभेद र रुढीवादी सामाजिक मूल्य मान्यताका कारण घरेलु हिंसा, बहुविवाह, बोक्सीको आरोप, कुटाई, यौन दुर्व्यवहार, दाइजोको कारण हुने हिंसा, वैवाहिक बलात्कार, रुढिवादी प्रचलनको अभ्यास, हिंसा, यौन शोषण, जबरजस्ती यौन व्यवसायमा लगाउने, महिला बेचविखन र शोषण जस्ता प्रणालीवद्ध हिंसाहरू महिला माथि हुँदै आएका छन्। अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हकको व्यवस्था गरिएको भएतापनि कानूनको कार्यान्वयन हुन नसक्दा पीडितहरु न्यायबाट वञ्चित हुनुपर्ने अवस्था विद्यमान छ।

नेपालको संविधानले महिला विरुद्धको हिंसालाई अपराधको रुपमा स्वीकार गरेको छ। नेपालको संविधानको धारा ३८ (३) ले महिला विरुद्व शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ भने ऐ.को धारा २१ बमोजिम अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने र अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक सुनिश्चित गरेको भएतापनि व्यवहारतः हिंसा पीडितहरूले सहज र सरल रुपमा न्यायको सर्वमान्य सिद्धान्त अनुरुप न्याय पाउने विषय सदैव चुनैतीको रुपमा रहेको एवम् न्याय प्राप्तीको बाटोमा महिलाको हक स्थापति गर्न देखिने जटिलता तथा आयोगले विशेष गरी महिला बालिका माथि हुने जबरजस्ती करणी पीडितको न्यायमा पहुँच सम्बन्धी अध्ययन अनुसन्धान तथा सार्वजनिक सुनुवाई कार्यक्रमको माध्यमबाट तथ्यहरू उजागर गरेको छ। जसअनुसार जबरजस्ती करणी पीडित महिलाहरूले न्यायको अनुभूति गर्न सकिरहेका छैनन्।

महिला हिंसा सम्बन्धी मुद्दाहरूमा निरन्तर अनुगमन र मूल्याङ्कन गरी पीडितलाई छिटो छरितो तरिकाबाट न्याय दिनका लागि सबै सरोकारवाला निकायहरूको समन्वय, सहकार्य गर्नु आवश्यक रहेको छ। हिंसा पीडित महिलाहरूले न्यायमा सहज पहुँच प्राप्त गर्नका लागि जिम्मेवार निकायहरूको भूमिकाको बारेमा सबैको ध्यानाकर्षण गराउने उद्देश्यले यो अध्ययन तथा अभियानको शूरुवात गरिएको हो।

महिला हिंसा न्यूनीकरण, नियण्त्रण तथा रोकथाम सम्बन्धी पर्याप्त व्यवस्थापन राज्यको दायित्व अन्तर्गत पर्दछ । मानव अधिकारको सम्मान संरक्षण, प्रवर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनको संवैधानिक एवम् कानूनी कार्यादेश र कर्तव्य रहेको राष्ट्रिय मानव अधिकार आयोगको समानता, मर्यादा र न्याय मुल मर्म रहेको छ । प्राप्त कार्यादेशलाई प्रभावकारी कार्यान्वयन गर्दै मानव अधिकारको संस्कृति निर्माणको लागि राष्ट्रिय मानव अधिकार आयोगले "सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार" भन्ने मूल नारा अगाडी बढाएको छ । उक्त विषयलाई सार्थकता दिन आयोगले राजधानीदेखि ग्रामिणस्तरसम्म विभिन्न प्रकारका कार्यक्रमहरू गर्दै आईरहेको छ । राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना (सन् २०१५-२०२०) मा विभिन्न रणनीतिक अवधारणाहरूलाई प्रमूख विषय बनाएर कार्य अगाडि बढाईरहेको छ। संयुक्त राष्ट्रसंघको सन् १९९३ को भेलाले प्रत्येक राष्ट्रले मानव अधिकार र विकासलाई सँग-सँगै अगाडी बढाएर मानव अधिकार सँस्कृतिको विकासलाई स्थानीयस्तरसम्म पुऱ्याई आम नागरिकको मानव अधिकारको संरक्षणका लागि पहल गर्नुपर्ने भनिए अनुरुप नेपाल सरकारले २०६१/०६२ बाट मानव अधिकार राष्ट्रिय कार्ययोजना निर्माण गरी चौथो योजना २०७१/७२ देखि ०७५/७६ सम्म आई पुग्दा समेत मानव अधिकारका मूख्य-मूख्य सवालको समेत सम्बोधन हुन सकेको छैन ।

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षणात्मक र संम्वर्द्धनात्मक गर्ने उद्देश्यले विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ। आयोगको पाँचौ रणनीतिक योजनामा "सबैका लागि घर घरमा मानव अधिकारः शान्ति र विकासको आधार" भन्ने नारा तय गरेर प्रत्येक नागरिकको पहुँचमा मानव अधिकार शिक्षा पुऱ्याउने लक्ष्य राखिएको छ। आयोगले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई मूख्य प्राथमिकतामा राखेर यस वर्ष महिला हिंसा न्यूनीकरणमा नेपाल प्रहरीको जवाफदेहिता विषयक राष्ट्रिय अभियान कार्यक्रम ७ वटै प्रदेशमा नेपाल प्रहरीको सहकार्यमा सञ्चालन गर्ने योजना मुताविक पहिलो अभियान प्रदेश नं. ७ अन्तर्गत कञ्चनपूरबाट शुरु गरी सबै प्रदेशमा सम्पन्न भएको छ।

महिलाहरू दिनहुँ हिंसाको चपेटामा परेको र महिला माथि हुने हिंसा र अपराधका घटनाहरूको जानकारी तथा उजुरीहरू समेत राष्ट्रिय मानव अधिकार आयोग र नेपाल प्रहरीमा बढोत्तरी हुँदै आएको सन्दर्भमा हिंसालाई कसरी न्यूनीकरण गर्न सकिन्छ एवम् हिंसा पीडित महिलाहरूलाई छिटो छरितो अनुभूत हुने गरी कसरी न्याय र उपचारको व्यवस्था गर्न सकिन्छ भन्ने उद्देश्यले सबै नेपाल सरकार र सरोकारवाला निकाय बीच राष्ट्रिय मानव अधिकार आयोग र नेपाल प्रहरीको सहकार्यमा मिति २०७५।५।२२ गतेका दिन कञ्चनपुर जिल्लामा महिला हिंसा न्यूनीकरण, मानव अधिकार संरक्षण र सुरक्षा, प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान" कार्यक्रमको थालनी गरियो। कार्यक्रममा प्रदेश अन्तर्गतका सम्पूर्ण जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख र मानव अधिकार रक्षकको गरी जम्मा २८५ जनाको उपस्थिति रहेको थियो । अभियानलाई राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मोहना अन्सारी र नेपाल प्रहरीका प्रहरी महानिरिक्षक सर्वेन्द्र खनाल लगायतले सम्बोधन गर्नुभएको थियो । यसैगरी प्रदेश नं १ को विराटनगरमा २०७५।०२।२७ गते, प्रदेश नं. २ अन्तर्गत जनकपुरमा मिति २०७५।१२।१८ गते, गण्डकी प्रदेश अन्तर्गत पोखरामा २०७६।०१।२० गते, प्रदेश नं. ५ अन्तर्गत बुटवलमा २०७६।०१।२४ गते, कर्णाली प्रदेश अन्तर्गत सुर्खेतमा २०७६।०२।०८ गते सम्पन्न भयो । सम्पूर्ण अभियानमा जम्मा ११००

जनाको उपस्थिति रहेको थियो। अभियानमा जम्मा २२ जना जबरजस्ती करणी पीडितहरूको गोपनियता कायम राख्दै पर्दा पछाडिबाट न्याय निरुपण गर्ने क्रममा भोगेको आफ्नो पीडा सम्पूर्ण सरोकारवाला निकायहरू समक्ष प्रस्तुत गरेका थिए।

नागरिकको मानव अधिकारको अग्रपङ्क्तिमा रहेर संरक्षण गर्ने दायित्व नेपाल प्रहरीलाई रहेको छ। महिला हिंसाका घटनाका पीडितको संरक्षण, पुनर्स्थापना, सुरक्षा तथा अनुसन्धान कार्य नेपाल प्रहरीकै दायित्व भित्र पर्दछ। घटना अनुसन्धान गरी प्रमाण संकलन गर्नु र अदालतसम्म मुद्दा पुऱ्याउनु मात्रै नभएर पीडितको मानसिक अवस्थाको पुनरावलोकन तथा परिक्षण, शारीरिक उपचारदेखि लिएर पीडित महिलाको सुरक्षा, साक्षीको सुरक्षा, मुद्दाको लैङ्गिक संवेदनशीलता, गोपनियता, संकलित प्रमाणका आधारमा क्षतिपूर्ति दिलाउने जस्ता प्रक्रियामा नेपाल प्रहरीको भूमिका नगन्य रहन्छ। महिला हिंसाका घटनामा निरन्तर अनुगमन र अनुसन्धान गरी पीडितलाई छिटो छरितो तरिकाबाट न्याय दिनका लागि सबै सरोकारवाला निकायहरूको बीचमा समन्वय, सहकार्य गर्नु आवश्यक रहेको छ। हाम्रो संरचना, व्यवस्था परिवर्तन भएतापनि पुरातनवाद सोचका कारण महिला हिंसाका घटनाहरू समाजमा घटिरहेको छ । त्यसैले यस्ता हिंसामा प्रहरी मात्र जवफादेही नभैकन संघ-संस्था, स्थानीय तह, व्यक्ति आफै हिंसा न्यूनीकरणको लागि सक्रिय रुपमा लाग्नु आवश्यक देखिन्छ।

जबरजस्ती करणी प्राय नजिकको आफन्त र संरक्षकबाट हुने भएकाले पीडित महिला तथा बालिकाहरू अन्याय सहेर बस्न बाध्य भएका छन्। माथिको तथ्याङ्कले समेत १८ वर्ष मुनीका बालिकाहरू धेरै जबरजस्ती करणीको हिंसाबाट पीडित भएको पाइएकाले बालबालिकाको बाल बचाउ, बाल विकास र बाल संरक्षण र सहभागिताबाट वञ्चित हुने र उनीहरूको भविष्य समेत अन्योलमा हुनेछ। नेपाल प्रहरीको मूख्य दायित्व समाजमा शान्ति सुरक्षा स्थापना गराउनु रहेको छ। हिंसा रहित समाजमा मात्र शान्ति कायम रहने कुरालाई नकार्न सकिँदैन। समाजमा कुनै घटना भएमा अनुसन्धान गरी कारवाही प्रक्रिया अगाडी बढाउने मूख्य जिम्मेवारी पनि नेपाल प्रहरीको भएकाले महिला हिंसा तथा जबरजस्ती करणीको मुद्दामा अझ गम्भीर र संवेदनशील भएर पीडितलाई मानव अधिकारमैत्री व्यवहार गरी छिटो छरितो तरिकाले पीडितलाई न्याय दिन प्रहरीको अनुसन्धान प्रक्रिया वैज्ञानिक तरिकाले गर्नुपर्ने देखिन्छ। त्यसैगरी राजनीतिक दवाब र सामाजिक परिवेशमा रहेर पीडकले कुनै पनि अवस्थामा उन्मुक्ति प्राप्त गर्न नसके संस्कृतिको विकास गरी राज्यले पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्नु अहिलेको परिवेशमा जरुरी रहेको देखिन्छ।

**पृष्ठभूमी**

नेपालको संविधानले महिलालाई लैंगिक भेद्भाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायतका मौलिक हकहरूको प्रत्याभूति गरेको छ। सामाजिक साँस्कृतिक परम्परा तथा प्रचलनका नाममा महिलाहरूले भोग्नु परेको हिंसाजन्य ज्यादतिलाई निर्मुल पारी राज्यका अवसरहरूमा पहुँच वृद्धि गर्नु आवश्यक छ। हाल दैनिक जस्तो बलात्कार र हिंसाका घटनाहरूमा वृद्धि भईरहेको पाईएको छ। यस्ता घटनाहरू हुन नदिन निरोधात्मक तथा उपचारात्मक उपायहरू अवलम्बन गर्नुपर्ने आजको आवश्यकता रहेको छ। महिला, पूरुष र यौनिक अल्पसंख्यक एउटै समाजका सदस्यहरू हुन्। समाजको गतिशिलताको लागि यिनिहरूको समान योगदान अनिवार्य रहेको छ। यिनिहरू बीच जैविक भिन्नता बाहेक कुनै असमानता नभएता पनि व्यवहारमा महिला र पूरुष बीच सामाजिक विभेद् सामाजिक भूमिका, व्यवहार, संस्कृति र परम्पराले गर्दा असमानता, विभेद, तथा बहिष्करण विद्यमान रहेको छ। समाजमा कायम रहेका विभेदहरूका कारणले विभिन्न किसिमका द्वन्द्व, हिंसा, अशान्ति उपद्रव र आतंकहरूको उत्पत्ति हुने गर्दछ। नेपाल महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मुलन सम्बन्धी महासन्धि १९७९ को पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय दायित्व समेत निर्वाह गर्दै आईरहेको छ। यसै वर्ष सरकारले संयुक्त राष्ट्र संघको महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मुलन समितिको शेसनमा छैटौं आवधिक प्रतिवेदन बुझाएको छ र सो सम्बन्धी नेपाललाई महिला अधिकारका विभिन्न सवालहरूमा सुझाव प्राप्त भएका छन्। जसको एक मात्र उद्देश्य महिला हिंसा न्यूनीकरण र महिला अधिकारको संरक्षण र संवर्द्धन गर्नु रहेको छ। सो प्रयोजनका लागि राष्ट्रिय स्तरमा विभिन्न संयन्त्रहरू निर्माण भएका छन् भने थुप्रै ऐन, नियम तथा नीतिहरू समेत कार्यान्वयनमा रहेका छन् यद्यपी समितिले दिएका सुझावहरू प्रभावकारी कार्यान्वयन भने भएका छैनन्।

नेपाली समाजमा हाल पनि महिला विरुद्ध हुने परम्परागत हानीकारक प्रथाका नाउँमा महिला अधिकार विरोधी कार्यहरू भईरहेका छन् जसले गर्दा महिलाहरू हिंसामा पर्ने र जीवनको अधिकारबाट समेत वञ्चित भईरहको अवस्था छ। व्यक्तिको मानव अधिकारको सुनिश्चितताका लागि जीवन, स्वतन्त्रता, समानता र मर्यादीत जीवन यापन गर्न पाउनु पर्दछ भन्ने विश्वव्यापी मान्यता रहेको छ। तथापी अधिकाँश नेपाली महिलाहरू यो सब अधिकारबाट वञ्चित रहेको यथार्थ हाम्रो सामु रहेको छ।

लैंगिक समानता तथा महिला सशक्तिकरण प्राप्त गर्ने कार्य कुनै एक पक्षको प्रयासले मात्र सम्भव हुँदैन। सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा नागरिक समाज, राजनीतिक दल, विकासका साझेदार संस्थाहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको संयुक्त प्रयासबाट महिला विरुद्ध हुने सबै प्रकारका हानिकारक अभ्यासहरू तथा हिंसाको अन्त्य गर्दै महिला तथा बालबालिकाहरूको सर्वाङ्गिण विकास सम्भव हुन्छ। यसमा पूरुष वर्गको सहभागिता र सक्रियता झनै आवश्यक देखिन्छ।

संयुक्त राष्ट्र संघद्वारा सन् २०३० सम्मका लागि पारित दिगो विकासका लक्ष्यहरूको प्रभावकारी कार्यान्वयन गर्नु सबैको दायित्व हो। यसै अनुरुप राष्ट्रिय स्तरमा नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट **लैङ्गिक समानताका लागि पाईला हाराहारीः सन् २०३० सम्म हिस्सा बराबरी**

शिर्षकको नारा चयन गरेको छ । दिगो विकासका १७ वटा लक्ष्यहरू मध्ये सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा प्राप्ति तथा जीवनपयोगी सिकाईको प्रवर्द्धन गर्ने विषयको प्रभावकारी कार्यान्वयन (लक्ष्य नं. ४) तथा लैंगिक समानता र महिला र बालबालिका सशक्तिकरण (लक्ष्य नं. ५) यस सन्दर्भमा महत्वपूर्ण रहेका छन् ।

२०६३ जेठ ४ गतेको विशेष प्रस्तावमा महिलाका सवालले प्राथमिकता नपाएकोमा पुनः २०६३ जेठ १६ गते तत्कालिन प्रतिनिधिसभाका माननीय सांसद हाल सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्युले प्रतिनिधिसभामा सार्वजनिक महत्वको प्रस्ताव पेश गर्नु भएको र उक्त प्रस्ताव संसदको सर्वसम्मतिबाट पारित भएको प्रस्तावमा निम्न विषय रहेको थियो ।

१. आमाबाबु मध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्ने,
२. समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागीताको ग्यारेन्टी गर्ने,
३. विभेदकारी कानूनको खारेज गर्ने,
४. महिला प्रति हुने गरेको हिंसाको अन्त्य गर्ने ।

उपरोक्त प्रस्ताव सर्वसम्मतबाट पारित भएको दिनलाई मनन् गरेर २०७६ साल जेष्ठ १६ गतेलाई राष्ट्रिय महिला अधिकार दिवस मनाउन शुरु गरिएको छ। मन्त्री परिषद्को उक्त निर्णय महिला अधिकार संरक्षण र संवर्द्धनमा कोषे ढुङ्गा सावित हुने देखिएको छ । साथै यस वर्षलाई लैगिंक विभेदमा आधारित हिंसा विरुद्धको अभियान वर्षका रुपमा घोषणा गरी स्थानीय स्तरबाट अभियान सञ्चालन गर्ने योजना बनाएको छ । राज्यले लैंगिक समानताका लागि गरेका प्रयासहरू व्यापक रुपमा आम सरोकारवाला निकायबिच छलफल गर्दै, कार्यान्वयनका लागि उचित रणनीति तथा कार्ययोजना तय गर्न सकेमा मात्र यी प्रतिवद्धताहरू व्यवहारत कार्यान्वयनमा आउने वातावरण बन्न सक्छ ।

जबरजस्ती करणी अनुसन्धान प्रक्रियामा पीडितको पक्षमा न्याय र पीडकलाई कारवाही गर्ने कार्यमा सहयोग गर्नु सबै सरोकारवाला निकायको दायित्व उतिकै रहेको छ । पीडकलाई कारवाही र केही क्षतिपूर्तिले मात्र पीडित महिला तथा बालबालिकाहरूले न्याय पाएको भन्न सकिँदैन । किनभने पीडित महिला तथा किशोरीहरूमाथि परेको पीडा जिन्दगी भर शारीरिक र मानसिक रुपमा विक्षिप्त हुने छन् जसलाई कम गर्न घर समाज र राज्यले न्यायोचित व्यवस्थापनका लागि आवश्यक पहल गर्नु पर्दछ ।

नेपालको संविधानको भाग ३ को धारा ३८ मा महिला सम्बन्धी हक भनी विशेष व्यवस्था गरिएको छ । जस अन्तर्गत धारा ३८ को उपधारा १ देखि उपधारा ६ सम्म व्यवस्था गरेकोमा ऐ धाराको उपधारा (३) मा महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन, वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने व्यवस्था गरेको भएपनि नेपाली समाज एक पितृसत्तात्मक समाज भएको कारण महिला माथि बहुआयमिक हिंसा र भेद्भावजन्य व्यवहारहरू अझै पनि कायमै छन् । समाजमा विद्यमान विभेद् र रुढीवादी सामाजिक मूल्य मान्यताका कारण घरेलु हिंसा, बहुविवाह, बोक्सीको आरोप, कुटाइ, यौन दुर्व्यवहार, दाइजोको

कारण हुने हिंसा, वैवाहिक बलात्कार, हानिकारक रुढिवादी प्रचलनको अभ्यास, हिंसा, यौन शोषण, जबर जस्ती यौन व्यवसायमा लगाउनु महिला बेचविखन र शोषण जस्ता प्रणालिवद्ध हिंसाहरू महिला माथि हुँदै आएको छ। यसै धाराको २१(२) मा अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हकको व्यवस्था गरिएको भएतापनि पीडित न्यायबाट वञ्चित हुनुपर्ने अवस्था छ। अतः महिलालाई बलात्कार र जवरजस्तकरणीबाट जोगाउनु, जसको कारण मृत्युवरण गर्ने अवस्थालाई अन्त्य गर्न, महिलाको बाँच्न पाउने जीवनको अधिकारलाई सुनिश्चित गर्नु आज सम्पूर्ण व्यक्ति, परिवार, समुदाय, समाज र राज्यको प्रमुख जिम्मेवारी रहेको यथार्थलाई नकार्न सकिँदैन। सोही पृष्ठभूमीलाई मध्यनजर गरी आयोगको निर्णय बमोजिम नेपाल प्रहरीको जवाफदेहीतालाई अझ कसरी वृद्धि गर्न सकिन्छ र महिला हिंसा जस्तो जघन्य अपराधलाई न्यूनीकरण गर्न र सबै सरोकारवाला पक्षलाई संवेदनशील बनाउने उद्देश्यका साथ यो अभियान थालनी गरिएको हो।

**उद्देश्य**

१. जबरजस्ती करणी र जबरजस्ती करणी पछि हत्या जस्तो जघन्य अपराधलाई न्यूनीकरण साथै रोकथाम गर्न सम्बन्धित सम्पूर्ण सरोकारवाला निकाय, व्यक्ति, परिवार, समुदाय, समाज र राज्य कसरी क्रियाशिल रहने भन्ने विषयमा बहस गरी जिम्मेवारी बोध गरी आगामी दिनमा हिंसा न्यूनीकरण गर्न पहल गर्ने।

२. जबरजस्ती करणी र जबरजस्ती करणीपछि हत्या भएका मुद्दाहरूमा प्रहरीको अनुसन्धानको प्रभावकारिता औंल्याउँदै घटनाहरूलाई कानूनी दायरामा ल्याउन कानून कार्यान्वयन गर्ने निकायको भूमिका प्रभावकारी बनाउने।

३. के-कस्तो कारणले जबरजस्ती करणी र हत्या जस्ता जघन्य अपराधमा उजुरी दर्ता हुँदैनन्, न्यून उजुरी आउँछन्, फिर्ता हुन्छन् र वयान फेर्ने कार्यले हिंसा पीडितहरूको न्यायमा पहुँच रहदैन भन्ने कुरा उठान गरी सो हुन नदिन आवश्यक पहल गर्ने।

४. जबरजस्ती करणी र हत्या जस्ता घटनामा प्रमाण संकलन गर्न कठिनाई भई अनुसन्धानमा कठिनाई तथा चुनौती हुने भन्ने विषयलाई कसरी सम्बोधन गर्ने र हिंसा पीडित महिलाहरूको न्यायको पहुँचमा कसरी अभिवृद्धि गर्ने भन्ने विषयमा सम्बन्धित सरोकारवाला निकायलाई सुझाव दिने।

५. सात वटा प्रदेशमा प्रदेशस्तरीय अभियान सम्पन्न गर्ने महिला हिंसा न्यूनीकरण, मानव अधिकारको संरक्षण एवम् सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक अभियान सम्पन्न गरी नेपाल सरकारलाई हिंसा न्यूनीकरण र रोकथामको लागि आवश्यक सुझाव तथा सिफारिश गर्ने।

६. छलफल अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईबाट महिला हिंसा न्यूनीकरणको लागि अन्य आवश्यक योजना बनाउन सहयोग गर्नुका साथै आगामी दिनमा सबै सम्बन्धित सरोकारवाला निकायहरूबीच सहयोग, समन्वय र सहकार्य गरी पीडितलाई सहज रुपमा न्यायमा पहुँच अभिवृद्धि गर्ने।

७. महिला हिंसाको क्षेत्रमा काम गर्ने संघ-संस्था, स्थानीय तह र निकायहरूबीच समन्वय, सहकार्यमा

अभिवृद्धि भई महिला हिंसा न्यूनीकरण गर्न सहयोग पुग्ने ।

८. नेपाल प्रहरीमा (बलात्कार) जबरजस्ती करणीको उजुरी दर्ता भएको विवरण संकलन गरी कारवाहीको अवस्थाको बारेमा विश्लेषण गर्ने ।

**अध्ययन तथा अभियानको महत्व**

महिला हिंसा विशेषतः जबरजस्ती करणीका मुद्दाहरूमा नेपाल प्रहरीले जाहेरी दर्ता गर्न आनाकानी गर्ने उजुरी आयोगमा आउने गरेको, बलात्कारका पीडकसँग परिवारको मिलेमत्तोमा घटना परिवार तथा समाज बाटै दबाउने गरेको, रकमको प्रलोभन देखाई घटना मेलमिलाप गराउने प्रवृत्ति बढ्दै गएको र दवाब र प्रभावका कारण प्रहरी अनुसन्धान फितलो तथा न्यायलयबाट समेत हिंसा पीडित महिलाहरू न्यायबाट वञ्चित भएको भन्ने आयोगमा प्राप्त उजुरीलाई मनन् गरी यो अभियान सञ्चालन गरिएको हो ।

महिला हिंसा न्यूनीकरणमा कानून कार्यान्वयन गर्ने महत्वपूर्ण निकाय नेपाल प्रहरी रहेकोले सोको जवाफदेहितामा वृद्धि गर्दै हिंसाका विषयहरूमा पीडित तथा आफन्तबाट उजुरी नपरे पनि कानूनतः स्वतः उजुरी ग्रहण गरी मुद्दामा अनुसन्धान गरी दोषीलाई कारवाहीको दायरामा ल्याउन मद्दत पुग्ने ।

मुलुकी संहिता २०७५ लागु भएपछि जबरजस्ती करणीका मुद्दामा अनुसन्धानका कठिनाइ, पीडितको न्यायमा पहुँच अभिवृद्धिमा देखा पर्ने चुनौतीहरू पहिचान गरी सो को निवारणको लागि आवश्यक पहल गर्न सकिने ।

जबरजस्ती करणी जस्तो जघन्य अपराधहरू के कति कारणले गाउँघरमै मिलाईन्छन् सो को अभियोगमा के कस्ता कठिनाईहरूको सामना गर्नु परिरहेको छ सो पत्ता लगाई जबरजस्ती करणी जस्तो विषयमा निष्पक्ष छानवीन गरी दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउन मद्दत पुग्ने ।

पीडित तथा साक्षीको सुरक्षा लगायत प्रमाणको सुरक्षा तथा संरक्षण संवेदनशील रहन्छ भन्ने विषयलाई मनन् गर्न मद्दत पुग्ने ।

**सीमा**

आयोगको मिति २०७५।८।२५ गतेको निर्णय बमोजिम महिला हिंसा विशेष गरी बलात्कार तथा बलात्कारपछि हत्याका घटनाहरूमा नेपाल प्रहरीको अनुसन्धानको अवस्थाबारे अध्ययन तथा अनुसन्धान गर्न नेपाल प्रहरीसँगको सहकार्यमा सात वटै प्रदेश स्तरीय अभियान सञ्चालन गर्ने र अन्त्यमा काठमाण्डौमा राष्ट्रिय अभियान सञ्चालन गर्ने भन्ने निर्णय बमोजिम अभियान सम्पन्न गरिएको हो । अभियानमा ६ वटै प्रदेशका सदरमुकाममा आभियान आयोजना गरिएको थियो । कार्यक्रममा प्रदेशका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखहरूको उपस्थिति रहेको थियो भने सिमित बजेटका कारण आयोजक जिल्लाका मात्र मानव अधिकार रक्षक र पीडितहरूको सहभागीता गराईएको थियो । कार्यक्रममा सबै जिल्लाका पेशागत संघ-संस्था तथा नागरिक समाज र पीडितको सहभागीता गराउन सकिएन । बजेटको सीमाका कारण समाजका केही प्रतिनिधिमुलक घटनाहरू मात्र समावेश गरिएको थियो । बलात्कार पीडितहरूको गोपनियता संरक्षण गर्नुपर्ने र कतिपय पीडितहरू सहभागी हुन नचाहने कारणले पनि केही

सिमित पीडितहरूको मात्र कार्यक्रममा उपस्थित गराउनु परेको थियो । सातै प्रदेशमा अभियान सम्पन्न गर्ने योजना भएता पनि आर्थिक अभावका कारण प्रदेश नं. ३ मा अभियान सञ्चालन गर्न सकिएन ।

**प्राप्त तथ्यहरू**

- अन्तर्राष्ट्रिय फौजदारी अदालत ICC एवम् रोम विधानले स्पस्ट रुपमा जबरजस्ती करणी, नरसंहार, यातनाको अपराध मानवता विरुद्धको अपराध हो भनी परिभाषित गरेको तथा अन्तर्राष्ट्रिय समुदायले बलात्कारलाई अपराधहरू मध्येको गम्भीर अपराध हो भनी भर्त्सना गरेको विषय कार्यक्रममा उठान भएको ।
- द्वन्द्व र शान्ति दुवै अवस्थामा महिला तथा बालबालिकाहरू विभिन्न किसिमका हिंसाको चपेटामा पर्ने साथै बलात्कार तथा यौन दुर्व्यवहार कुनै पनि व्यक्तिको सम्मान र शारीरिक अक्षुणताको उल्लंघन हो ।
- समाजमा महिला तथा बालिकाहरू बलात्कार भईसकेपछि परिवार तथा समाजबाट विस्थापित हुनु परेको साथै मानसिक रुपमा विचलन भई पुनर्स्थापनामा चुनौती आएको ।
- हिंसा पीडित महिलाहरूको न्यायमा पहुँचको अवस्था हेर्दा गाउँ समाजमा नै राजनीतिक दलको प्रतिनिधि राखी, लेनदेन सहित मेलमिलाप गर्ने र सहमती बमोजिमको रकमबाट समेत पीडितलाई वञ्चित गर्ने गरेको पाईएको ।
- प्रहरीको अनुसन्धानमा प्रमाण संकलनमा उदासिनता तथा वैज्ञानिक प्रवृद्धिको प्रयोग गर्न नसकिएको ।
- बलात्कार जस्तो गम्भीर अपराधको घटना सार्वजनिक भएमा महिलालाई नै दोष दिने, चारित्रिक लाञ्छना लगाउने प्रवृत्ति समाजमा कायम रहेको ।
- जनसंख्या बढी भएको ठाउँमा नै महिला हिंसाका घटनाहरूमा वृद्धि भईरहेको तथ्याङ्कले देखाएको पाईएको ।
- विभिन्न कारणले हुने गरेका आन्तरिक बसाई-सराई तथा वैदेशिक रोजगारीमा जाने पूरुषको संख्यामा वृद्धि हुनु पनि हिंसाको एक कारकतत्व रहेको ।
- मदिरा सेवनमा नियण्त्रण गर्न नसक्नु समेत हिंसाको प्रमुख कारक तत्व रहेको पाईएको छ । अधिकाँश बलात्कारका घटनामा पीडकले मदिरा सेवन गरेको पाईएको । यद्यपी Minors बीच भएको बलात्कारमा भने मादक पदार्थको प्रयोग भएको नभई सचेत अवस्थामा नै भएको पाईएको ।
- कुनै पनि समुदायमा बलात्कारको घटना घटिसकेपछि बलात्कारीको पहिचान हुँदा पनि सिँगो गाँउ तथा समाज नै आरोपित बलात्कारीको पक्षमा उत्रिने गरेबाट प्रहरीलाई अनुसन्धानमा कठिनाई हुने गरेको पाईएको साथै प्रहरीको अपराधिक अनुसन्धानमा राजनीतिक प्रभाव तथा दवाब सिर्जना हुँदा निष्पक्ष अनुसन्धानमा चुनौती रहेको ।
- महिला माथि हुने हिंसाको सवालमा कार्यरत विभिन्न सरोकारवाला निकायहरूको साझा सवाल भएता पनि सामुहिक पहल, समन्वय, सहकार्यको अभावले गर्दा पीडितले न्याय प्राप्त गर्न कठिनाई

तथा ढिलाई भईरहेको।

- पितृसत्ताको उपजका कारण समाजका अग्रज तथा समाजसेवीहरूले नै महिलाहरूको सुरक्षामा परिवारको पूरुष सदस्यको अहम् भूमिका हुने र पूरुषले नै अभिभावकत्व प्रदान गर्ने हुँदा पूरुष सदस्यको अनुपस्थितीमा महिलाहरू बलात्कारको शिकारमा पर्छन् भन्ने मान्यता समाजमा हावी रहेको।
- हिंसाका घटना हुन नदिन सबैको अथक प्रयास त जरुरी छ यद्यपी घटना भईसकेपछि पीडित महिलालाई आर्थिक सवल बनाई आत्म निर्भर बनाउन तर्फ खास कसैको पनि ध्यान नपुगेकोले यस तर्फ सबैको ध्यान केन्द्रित हुन जरुरी छ।
- शिक्षित समाजमा झन् धेरै हिंसाका घटनामा वृद्धि भईरहेका तथ्यहरू उजागर भईरहेका छन्। सबैभन्दा बढी नजिकको आफन्त चिनेजानेको व्यक्तिहरूबाट हिंसा बढेको पाईएको छ।
- सिँगो समाज मिलेर नै हिंसा पीडित महिलालाई मुद्दा फिर्ता लिन बाध्य बनाउने, परिवारले नै घटना होईन भन्न लगाउने र अन्त्यमा अदालतबाट समेत पीडकको पक्षमा फैसला भएबाट बलात्कार पीडितहरू झन्-झन् पीडित हुनु परेको अवस्था रहेको।
- गत २०७५ साल भदौ १ गतेदेखि लागु भएको मुलुकी अपराध संहिता पश्चात् बहु-विवाहका मुद्दाहरूको संख्या अदालतमा बढ्न थालेको।
- हिंसा पीडितहरू Hostile भए भनिन्छ तर के कति कारणले Hostile भएका हुन् सोको रिसर्च हुन नसकेको अवस्था रहेको छ।
- ग्रामिण समुदायमा यस पटकको सी परिक्षामा उत्तिर्ण हुने संख्यामा बालकभन्दा बालिका बढी रहेको पाईएको सो को कारण बालकहरूलाई शिक्षा हासिल गर्न शहर केन्द्रित गराउने तर लिङ्गका कारण बालिकालाई विभेद्पूर्ण रुपले गाँउकै विद्यालयमा पढाउने गरेको।
- अपराधिक मानसिकतालाई कम गर्न सिँगो समाजलाई सकरात्मक गती तर्फ उन्मुख गरी पीडीतको गोपनियता तथा सुरक्षा तर्फ सचेत हुनुपर्ने।
- कतिपय प्रहरीमा प्राप्त हुन आएका हिंसा विरुद्धका किटानी तथा जाहेरी रिसईवीका कारण पनि आउने गरेको जसको परिणामा निर्दोष व्यक्तिहरूले सजाँयका भागीदार बन्नुपर्ने अवस्था रहेको।
- बलात्कार जस्तो जघन्य अपराधलाई कम संवेदनशीलता देखाउने हुनाले प्रमाण संकलन कमजोर हुने र न्यायीक प्रक्रिया लामो र झञ्झटिलो भएबाट पीडित निराश भएको।
- मदिरा सेवन, लागु औषध दुर्व्यसनी र समाजिक सञ्जालको व्यापक दुरुपयोग हुनु पनि हिंसा बढ्नु एक कारण रहेको पाईएको साथै स्थानीय तहमा OCMC को उल्लेख्य प्रभावकारिता नहुनु।
- संघीय संरचनामा जाँदा महिला बालबालिका कार्यालय विघटन भएर महिला हिंसाका घटना सम्बोधन गर्न समस्या सिर्जना भएको पाईएको र प्राय सबै सहभागीको साझा माग नै जिल्लामा महिला बालबालिका कार्यालय गठन गर्नुपर्ने माग रहेको।
- निष्पक्ष अनुसन्धानलाई प्रभावकारी बनाउन नेपाल प्रहरी र नेपालको Beurocratic संरचनालाई

राजनीतिबाट तटस्थ राखिनुपर्ने । वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने कार्यमा नेपाल सरकारको नीति तथा योजना केन्द्रित हुनुपर्ने ।

- नेपाल प्रहरीमा उपर्युक्त स्रोत साधनको अभाव रहेको, महिला प्रहरीको संख्या न्यून रहेकोले यस तर्फ पनि सोचिनुपर्ने । कानूनले बर्जित गरेता पनि बाल विवाहमा बढोत्तरी भएको कारण बालिका तथा महिला विभिन्न किसिमका हिंसाको चपेटामा परेको पाईएकोले बाल विवाह रोक्ने यथेष्ट कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- दलित, अपाङ्गता भएका बालिकाहरू बढी बलात्कारको चपेटामा पर्ने गरेको अध्ययनबाट पाईएको ।
- महिला हिंसा सम्बन्धी फौजदारी अभियोगमा पनि राजनीतिक दवाबका कारण प्रहरीमा नै मिलापत्र गरिरहेको अवस्था रहेको, सरकारले प्रत्येक जिल्लामा सरकारी महिला पुनर्स्थापना केन्द्र सञ्चालन गर्नुपर्ने,
- अहिले पनि बोक्सीका आरोपका घटनाहरू दिन प्रतिदिन भईरहेको तर प्रहरीद्वारा जाहेरी नलिएको अवस्था रहेको ।
- प्रहरी प्रशासनमा पनि दक्ष जनशक्ति र स्रोत साधनको अभाव भएकोले समयमा अनुसन्धान गरी पीडितलाई न्याय दिन नसकेको, हिंसा निवारणमा उपमेयरको भूमिका बढी जिम्मेवार हुने हुँदा उनीहरूको क्षमता अभिवृद्धि गरिनुपर्ने,
- नाबालक केटा-केटीहरू बीच बलात्कारका घटना घट्ने, पीडित होस्टाइल हुने, लेनदेनमा मेलमिलाप हुने घटनाहरूमा प्रहरीहरूले कसरी अनुसन्धान गर्ने भन्ने चुनौती रहेकोले सो को अन्त्य गरिनु पर्ने साथै हिंसाका घटनाहरू अभिलेखिकरण गर्दा तेस्रो लिङ्गीहरूको, महिला समलिङ्गीहरूको पनि समस्याहरू घटनामा राख्नुपर्ने ।
- प्रदेशहरूमा सबैभन्दा बढी महिला हिंसा भएको भन्ने तथ्याङ्क पाईएकोले सो को न्यूनीकरणमा सबैले पहल गर्नुपर्ने । बलात्कार तथा जबरजस्ती करणीका मुद्दामा प्रहरीले नीति तथा नियममा भएका कानूनी अवरोधका कारण प्रभावकारी अनुसन्धानमा चुनौती रहेको भन्ने प्रहरीको भनाई रहेको ।
- जबरजस्ती करणीको घटनाहरू बढी मात्रामा कानूनको जानकार नभएको समुदायमा हुने गरेको हुँदा आयोगको पहलमा सबै सरोकारवाला निकायहरूले कानूनको सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- महिला हिंसा सम्बन्धी उजुरीहरू अनुसन्धानको क्रममा रहँदा पत्रपत्रिकामा आउनु भएन यदि सञ्चार माध्यममा सम्पूर्ण सूचना प्रकाशन भएमा अपराधका पीडकहरू भाग्ने अपराध अनुसन्धानमा प्रहरीलाई समस्या सिर्जना हुन जाने ।
- जबरजस्ती करणीका मुद्दाहरूमा पीडितलाई न्याय प्रदान गर्नको लागि पहल तथा वहस गर्ने महिला मानव अधिकार रक्षकले धम्की तथा दुर्व्यवहारको शिकार हुनुपर्ने ।
- महिला/महिला समलिङ्गी बीच भएको जबरजस्ती करणीलाई बलात्कार भन्ने कि नभन्ने भन्ने जटिल प्रश्न खडा भएको छ । तेस्रो लिङ्गीहरूलाई समाजमा अपहेलना गर्ने, प्रहरीले समेत दुःख

दिने गर्दा हक अधिकारबाट वञ्चित भएको, तेस्रो लिंगी महिला तथा पूरुषहरू मैत्री शौचालय नहुँदा हिंसामा वृद्धि भईरहेको ।

- महिलाहरू विवाह गर्ने र कुरा नमिले मुद्दा लगाई धेरै रकम असुल्ने गरेको धेरै घटनाहरू छन् त्यसमा पूरुष पीडित हुने गरेका छन्, प्रहरीले समाजको कुरा सुन्नु पर्दछ, झुटा मुद्दा लगाएको पाइएमा स्थानीय तहका प्रहरीले समाजको समस्या बुझी विषयको गम्भीरतापूर्वक लिएर बुझ्ने बुझाउने हुन सक्नु पर्दछ ।
- आयोगले महिला हिंसाका घटनाहरू प्रहरीले राम्रो अनुसन्धान नगरेको मात्र उठान नगरि सफल घटनाहरू जुन सजाय र कारवाही भएको पनि बाहिर ल्याएमा समाजमा प्रहरी प्रतिको धारणा राम्रो हुने र आगामी दिनमा अपराध अनुसन्धान थप प्रभावकारी भई दोषीलाई कारवाही र पीडितलाई न्याय प्रदान गर्न टेवा पुग्ने ।
- मिति २०७५ साल साउनमा कञ्चनपुरमा बलात्कारपछि हत्या भएको निर्मला पन्तको मुद्दामा माननीय मोहना अन्सारीको नेतृत्वको अनुसन्धान टोलीले स्थलगत अनुसन्धान गरी नेपाल सरकारलाई ८ बुँदे निर्देशन जारी गरेको र अनुसन्धानको टोलीको सुझाव बमोजिम विज्ञ समेतको टोली गठन गरी अनुसन्धान सम्पन्न गरी नेपाल सरकारलाई सिफारिश पठाएको ।
- मिति २०७६/०३/२४ गते राष्ट्रिय मानव अधिकार आयोगले फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल काठमाण्डौलाई मिति २०७५ साल साउनदेखि हालसम्मको बलात्कार पीडित महिलाहरूको फैसला कार्यान्वयनको विवरण माग गर्दा बलात्कार पीडित महिलाहरूको फैसला कार्यान्वयनको सम्बन्धमा हालसम्म यस निर्देशनालयलाई फैसला कार्यान्वयनका लागि भनी निवेदन दर्ता हुन नआएको र सर्वोच्च अदालतबाट समेत कार्यान्वयनका लागि पठाएको रेकर्ड निर्देशनालयमा रहेको रेकर्डबाट देखिन नआएको भनी मिति २०७५/०३/२९ गते जानकारी प्राप्त हुन आएको ।
- महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाण्डौलाई तहाँ मन्त्रालयद्वारा सञ्चालनमा रहेको सुरक्षा गृह (Safe house) मा रहेका बलात्कार पीडित महिलाहरूको मिति २०७५ साल साउनदेखि हालसम्मको विवरण माग गरिएको साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाण्डौलाई मन्त्रालयद्वारा सञ्चालनमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) द्वारा मिति २०७५ साल साउनदेखि हालसम्म प्रदान गरिएका सेवाहरूको सम्पूर्ण विवरण माग गरिएकोमा कुनै पनि जानकारी प्राप्त हुन नआएको ।
- भौगोलिक विकटताका कारण कुनै महिला बलात्कारको चपेटामा परेमा घाउजाँच गराउन तथा उजुरी गर्ने जस्ता सामान्य सेवाका लागि  गाँउ-ठाउँमा सुविधा नभएका कारण प्रमाणको सुरक्षा नहुने र पीडित उजुरी दिन नचाहने पाईएको ।
- उजुरी गर्दा परिवार र समाजबाट भय तथा थप पीडा महशुस गर्ने, पारिवारिक ईज्जत जाने डर, गोपनियता भङ्ग हुने भय, पारिवारीक मान मर्यादामा आँच आउने जस्ता कारणले महिलाले घटना

उजागर गर्न नचाहने गरेको पाईयो ।

- मिति २०७२/०८/०४ गते आयोगबाट नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी महासन्धिहरूमा पेश गर्नुपर्ने आवधिक प्रतिवेदनहरू समयमा नै पेश गर्न, त्यसको कार्यान्वयन गर्न, बालविवाह, सामाजिक कुरिति जस्ता कार्यहरूलाई फौजदारी कानूनको दायरामा ल्याउने, बालश्रम निषेध ऐनलाई मानव अधिकारका सिद्धान्त अनुकुल संशोधन गर्ने प्रतिवद्धता जनाएको छ। सो अवसरमा आदिवासी जनजातीका अधिकारको प्रचलनको संयन्त्रलाई सवलीकरण गर्ने, संविधानमा भएका अल्पसंख्यक र सीमान्तकृत समुदायको अधिकारहरूको कार्यान्वयन, सबै प्रकारका विभेदजन्य कार्यको अन्त्य, मानव बेचविखन तथा ओसार-पसार नियण्त्रण, घरेलु हिंसा सम्बन्धी परिभाषालाई फराकिलो बनाउन, बलात्कारका घटनामा हद म्याद बढाउन गरिएको प्रतिवद्धता व्यवहारमा लागु गर्न नेपाल सरकारलाई सिफारिश गरेको पाईयो ।
- जबरजस्ती करणीका मुद्दामा नेपाल प्रहरीको अनुसन्धानको बारेमा उपत्यकाका नेपाल प्रहरीका प्रमुखसँग भएको छलफलबाट प्राप्त तथ्यः

- *महिला हिंसामा जिरोभन्दा पनि माईनस सहनशीलताको नीति ल्याईएको छ। अधिकाँश मुद्दाहरूमा सहमतीमा यौन सम्पर्क बढ्दै जाने र कुरा मिल्न छोडेपछि बलात्कार भयो भनेर उजुरी दर्ता गर्ने प्रवृत्ति बढ्दो छ। बाउ र छोरीको मुद्दामा आमाको दवाबका कारण अदालतबाट hostile हुने गरेको छ। विभिन्न केशहरू जस्तै living together ले पनि अपराध बढाईरहेको छ नियमन गर्न कठिनाई छ। विवाह गर्ने प्रतिवद्धता बमोजिम विवाह अगाडी नै यौन सम्पर्क हुन्छ तरपछि केटोले विवाह गर्न नमानेपछि केटीले बलात्कारमा मुद्दा दर्ता गर्ने प्रवृत्ति बढेको छ। हाल बलात्कारको सिनारियोमा फेरवदल भएको छ १६ वर्ष भन्दा मुनिका बालिकाहरू आफ्नै घर परिवारबाट बलात्कृत भएका छन्। बलात्कारको तथ्याङ्कमा वृद्धि भएको छ। केही मात्रामा भएको सचेतीकरणका कारण गाँउघरमा मिलापत्रमा कमी आई नेपाल प्रहरीमा जाहेरी बढ्न थालेको छ। महिलाका मुद्दामा उच्च प्राथमिकता दिइएको छ।*
- *पर्याप्त सेवा केन्द्रको अभाव छ चिकित्सक तथा परामर्शदाताको व्यवस्था छैन। सो को लागि नेपाल प्रहरीले पनि विभिन्न संघ-संस्थासँग हारगुहार गर्नु पर्दछ। प्रहरीको गस्तीबाट कोटेश्वरको खाजा घरमा १६ वर्ष भन्दा मुनिका बालिकाहरू भेटाएर उद्धार गरेर माईती नेपालमा राखिएको थियो ती बालिकाहरू त्यहाँबाट भागेर फेरी खाजाघरमा आफूले पहिले गरेकै पेशामा संलग्न भएको पाईयो। काठमाण्डौमा मात्र करीब ७००/८०० को हाराहारीमा महिलाहरू यौन शोषणमा परेको तथ्याङ्क पाईएको छ। नेपाल प्रहरीले वैवाहिक बलात्कारमा समेत मुद्दा चलाएको अवस्था रहेको छ। बलात्कार पीडितहरूको सामाजिक पुर्नस्थापनामा समस्या रहेको छ। हाल अपराधीहरूले नयाँ नयाँ प्रवृत्ति अपनाई अपराध गरिरहेका छन् तर नेपाल प्रहरीमा त्यस्तो नवीनतम प्रवृत्तिको अभाव रहेको छ। हाल संगठित अपराध भन्दा सामाजिक अपराधमा वृद्धि भईरहेको छ।*
- *सामाजिक सञ्चारमाध्यमहरूले गर्दा प्रभावकारी अनुसन्धान गर्न कठिनाई परेको छ। टोलटोलमा लैङ्गिक सञ्जाल निर्माण गरी सचेतनाको कार्यक्रम गरी राखिएको छ। जबरजस्ती करणीको मुद्दा अनुसन्धानको विषय गम्भीर भएकोले प्रहरी कर्मचारीलाई १६ दिने अनिवार्य तालिमको व्यवस्था हुनुपर्दछ। facebook बाट affair शुरु हुने र हिंसामा परिवर्तन हुने गरेको छ। कतिपय मुद्दामा मुचुल्का उठाएर पनि मुद्दा चलाईएको छ। एक वर्ष हदम्याद राखिएको छ प्रमाण सुरक्षामा सबै सचेत हुन जरुरी छ।*
- *प्रसुती गृहबाट समयमा स्वास्थ्य जाँच प्रतिवेदन प्राप्त नहुँदा २५ दिन भित्र अदालतमा बुझाउन कठिनाई भएको छ। साक्षी संरक्षण चुनौतीपूर्ण छ। सडक मानवहरू बलात्कारमा पर्ने गरेको उद्धार गरी राख्ने ठाउँको संरचानाको अभाव रहेको। अनुसन्धानको क्रममा आवश्यक पर्ने call details समयमै प्राप्त गर्न कठिनाई रहेको छ।*

- जबरजस्ती करणीका मुद्दामा OCMC सँग गएिको छलफलबाट प्राप्त तथ्यः

| |
|---|
| • *नेपालमा स्वास्थ्य मन्त्रालयको लैङ्गीक हिंसा न्यूनीकरण ईकाइ मार्फत ५५ वटा OCMC को स्थापना गरिएको भएतापनि केहि जिल्लाहरूमा रहेको OCMC मात्र क्रियाशिल रहेको। काठमाण्डौको प्रसुती गृहमा रहेको OCMC मा ६ जना Nursing background का कर्मचारीहरू रहेको। तिनै कर्मचारीहरूले प्रसुती गृहमा पनि काम गर्ने र OCMC मा पनि काम गर्दै आइरहेको।*<br>• *स्थापना कालदेखि हालसम्म २४ सै घण्टा OCMC मार्फत हिंसा पीडित महिला तथा बाल बालिकाहरूलाई सेवा प्रदान गर्दै आइरहेको। काठमाण्डौको प्रसुती गृहमा रहेको OCMC मा सेवा लिनका लागि नेपालका सबै जसो जिल्लाहरूबाट महिला तथा बालबालिकाहरू आउने गरेको र सबै सेवाग्राहीहरूलाई २४ देखि ४८ घण्टा भित्र Medicl report प्रदान गरिँदै आएको। प्रसुती गृहमा रहेको OCMC मा आउने अधिकाँश सेवा ग्राही १० वर्षदेखि २४ वर्षका धेरै रहेको तिनिहरूलाई young people मा राख्ने गरिएको छ।* |

# महिला हिंसा न्यूनीकरण, मानव अधिकारको संरक्षण एवम् सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान"

**प्रदेश नं. १**

**मा. मोहना अन्सारी, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग**

नेपाल प्रहरीको तथ्यांक अनुसार यस आर्थिक वर्षमा १२ हजार लैङ्गिक हिंसाका घटना दर्ता भएका छन् । जसमा ९२ प्रतिशत महिला पीडित र ८ प्रतिशत पूरुष पनि हिंसामा परेको तथ्यांक छ। प्रहरीमा दर्ता भएका यी घटना मध्ये २० देखि २५ प्रतिशत घटनाहरू मात्र न्यायका लागि अदालतमा जाने गरेको छ। अन्तर ाष्ट्रिय फौजदारी अदालत ICC रोम विधानले स्पष्ट रुपमा जबरजस्ती करणी, यातना, नरसंहारको अपराध मानवता विरुद्धको अपराध हो भनेको छ । अन्तर्राष्ट्रिय समुदायले बलात्कारलाई अपराधहरू मध्येको एउटा अत्यन्त गम्भीर अपराध हो भनेर भत्सर्ना गरेको छ। नेपालमा बलात्कारको घटनाहरूमा न्यून रुपमा यथार्थ कसुरदार ठहऱ्याई सजाय हुने गरी अगाडि बढाउने कमजोर पाटो रहेको छ । महिला हिंसाका घटनामा न्यून जाहेरी दर्ता हुनु, सामाजिक भौगोलिक रुपमा अवरोध, वैकल्पीक न्यायीक संयन्त्रहरूको सक्रियता नरहनु, प्रमाण संकलनमा उदासिनता देखाउनु, अनुसन्धानमा वैज्ञानिक प्रविधिको प्रयोग नहुनु पूर्वाग्रहबाट यस्ता घटनाको उठान भएको देखिन्छ।  महिलाको चरित्र र बलात्कार बीच कुनै सम्बन्ध नै हुँदैन । तर महिलाको चरित्रलाई महिलाको जिवन शैलीको आधार बनाईनु, देशको भौगोलिक विकटता र प्रहरी प्रशासन स्रोत साधनले युक्त नहुँदा पीडितले न्याय पाउन नसकेको । महिला हिंसाका घटनालाई वैज्ञानिक तरिकाले अनुसन्धान गर्न सात वटै प्रदेशले आधुनिक ल्याबको व्यवस्था गर्नुपर्ने । राज्यलाई ढाट्ने प्रवृति बढेको छ राज्यका सबै निकाय जिम्मेवार ढंगले अगाडि बढ्ने हो भने महिला हिंसा मुक्त समाज बनाउन सम्भव रहेको छ। अनुसन्धानमा पूर्वाग्रही हुनु भएन, धेरै जसो मुद्दामा आमा र बच्चाको नागरिकताको समस्या देखिन्छ। अनुसन्धानको क्रममा मिडियाले सही सूचना दिनु पर्दछ।

**माननीय शेरधन राई, मूख्य मन्त्री**

देशलाई समृद्धिको यात्रामा लैजान सुरक्षा र सुशासन कायम गर्न तिनै तहका स्थानीय निकायले कार्य गरिरहेको, प्रदेश नं. १ मा महिला पुनर्स्थापना केन्द्र खोल्न आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरिएको, प्रत्येक जिल्लामा महिला हिंसाका घटनाहरूमा अनुसन्धानका लागि वैज्ञानिकका ल्याब स्थापना गर्नुपर्ने, महिला हिंसाका घटनाहरूमा प्रदेश सरकारले क्षतिपूर्ति कोषको व्यवस्था गर्नुपर्ने, विस्थापित महिलाहरूलाई पुनर्स्थापनाको लागि सरकारी संयन्त्रहरू परिचालन गर्नुपर्ने ।

**माननीय सरस्वती पोखरेल – उपसभामुख**

संविधानले महिलालाई धेरै अधिकार दिएता पनि महिलाले न्याय पाउन नसकीरहेको अवस्था छ, महिला हिंसा नेपाल प्रहरीसँग जोडिएको विषय हो । अन्य लागू पदार्थ जस्ता समाजमा गरिने अपराधिक गतिविधिसँग सम्बन्धित घटनाको तुलनामा बलात्कार हुन पुगेकी महिलालाई सामाजिक न्याय प्राप्त नहुने, बलात्कारका घटना विरुद्ध लुकेर हैन खुलेर विरोध गर्न समाजका विरुद्धमा र पीडितका पक्षमा जनचेतना अभियान सञ्चालन गर्नुपर्ने ।

**सर्वेन्द्र खनाल, प्रहरी महानिरीक्षक, नेपाल प्रहरी**

पछिल्लो समयमा महिला हिंसाका घटनाका उजुरीहरू प्रहरी कार्यालयमा अत्याधिक रुपमा जाहेरी दर्ता हुने गरेको, हिरासतमा यातना तथा अमानवीय घटना लगभग शून्य अवस्थामा रहेको, महिला हिंसाका घटनाहरूमा शून्य सहनशिलता कार्यक्रम सञ्चालन गरिएको, यौन हिंसा समाजमा विकराल रहेको छ। यस किसिमको गोष्ठीले समाजलाई झक-झकाउने कार्य गर्दछ, प्रत्येक प्रहरी कार्यालयहरूमा महिला सम्बन्धी उजुरीहरू सुनवाई गर्न छुट्टै कर्मचारी तथा कक्षको व्यवस्था गरिएको छ, सामुदायीक प्रहरी साझेदारी कार्यक्रमबाट करिव दुई लाख व्यक्तिहरू प्रत्यक्ष लाभान्वित भएको, प्रहरीद्वारा अनुसन्धान भईरहेका घटनाहरूमा अनावश्यक रुपमा समाचारहरू सम्प्रेषण गर्दा प्रहरीको मनोवल घट्ने हुन्छ, हिर ासतको शौचालय भित्र घटेका घटनाहरूमा पनि प्रहरीलाई नै दोष दिँदा प्रहरीको मनोवल घट्ने हुँदा यसले सिँगो प्रहरीको सुरक्षा संयन्त्रलाई प्रभावित बनाउने छ। सरकार र प्रहरीको कार्यविधि जनसमुदायमा बढेकोले लागू पदार्थ बेचविखान र बलात्कारका घटनाहरू बाहिर आएका छन् खुल्ला कारागारको योजना तयार हुँदैछ।

**चुडामणी आचार्य, मूख्य न्यायधिवक्ता**

प्रदेश सभाले महिला मैत्री कानून निर्माणको लागि पहल गरिरहेको, महिला हिंसाको घटनामा मूख्य न्यायाधिवक्तालाई पनि मुद्दा चलाउने अधिकार दिनुपर्ने, मूख्य न्यायाधिवक्ताको कार्यालयले प्रत्येक जिल्लामा कानूनी सहायता समिति मार्फत महिलालाई न्यायमा पहुँच सम्बन्धी कार्य गरिरहेको।

**कार्य पत्रः**

महिला हिंसाका घटनाहरूमा राष्ट्रिय मानव अधिकार आयोगमा परेका उजुरी, अनुगमन, अनुसन्धान तथा सिफारिश र पीडितलाई न्यायमा पहुँच वृद्धि गर्न आयोगले गरेको प्रयासका बारेमा आयोगको सम्बन्धित प्रदेश कार्यालय प्रमुखहरूले प्रस्तुती गर्नु भएको थियो।

नेपाल प्रहरीको तर्फबाट जिल्ला प्रहरी कार्यालय मोरङ्गका प्रहरी उपरिक्षक मनोज के.सी.ले महिला र मानव अधिकार संरक्षणमा नेपाल प्रहरीको भूमिका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। नेपाल प्रहरीको संरचना, जबरजस्ती करणी सम्बन्धी उजुरीहरूको प्रदेश स्तरीय तथ्याङ्क, हिंसाका प्रकार, अनुसन्धानका प्रक्रिया, कारण र असर साथै हिंसा न्यूनीकरणमा नेपाल प्रहरीको भूमिका विषयमा प्रस्तुतीकरण केन्द्रित रहेको थियो।

**'आवाज १'**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*मोरङ्ग बेलबारीको घटना हो मिति २०७३ साल कार्तिक ५ गते बिहान ९ बजे तिर दशैंको दिन मेरो ५ वर्षीय अपाङ्ग छोरीलाई नजिकैको छिमेकीले घरमा कोही नभएको मौका छोपी जबरजस्ती करणी गरेको । यो घटना आफू घर फर्के पछि थाहा पाएर म प्रहरीकोमा उजुरी दिन गए । हाल पीडक जेल चलान भएको छ । तर मलाई बारम्बार जेलबाट निस्केपछि मेरो परिवारलाई मार्ने काट्ने धम्की दिने गरेको छ । त्यस्तैगरी निजको परिवारले समेत अनेक खालका गाली धम्की दिने गरेको हुँदा म र मेरो परिवारलाई पीडा माथि पीडा गराउने गरेको छ । कसले हाम्रो सुरक्षा दिन्छ ? हामी गरिब भएकाले यस्ता पीडाहरू सहेर बसेका छौं । हाम्रो जीउ धनको सुरक्षा गरी न्याय पाउँ ।*

**आवाज २**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*२०५७ सालमा सर्लाहीको मलंगवामा विवाह भएको थियो विवाहको दुई वर्षपछि २०५९ सालमा काखे छोरालाई छोडेर श्रीमान विदेश गएको बेला छिमेकीले घरमै आएर जबरजस्ती करणी गरेको त्यस विरुद्ध बोल्न खोज्दा जबरजस्ती घरबाट उठाई उस्को घरमा बन्धक बनाएर ५ वर्षसम्म राखेको त्यही क्रममा मैलै बल्लात्कारबाट फेरी छोरालाई जन्म दिएको तर अहिले घरबाट निकाला गरेको छ । उसको श्रीमती हुँदा हुँदै आफूलाई बन्दक बनाएको । त्यहाँ रहँदा श्रीमानबाट पनि सहयोग नपाएको उल्टो पीडकसँग मिलेर मलाई थाहा नदिइ सम्बन्ध विच्छेद गराएको । उसको छोरा समेत खोसेर लगेको छ । निज धनी परिवार र राजनीतिक संरक्षण पाएको व्यक्ति हुँदा परिवार र गाउँ समाज समेत बोल्न डराउने गरेको छ । गर्भवती हुँदा समेत चेक जाँच गर्न घरमै डाक्टर बोलाइ सुत्केरी गराएको । ५ वर्षमा दुई पटक भाग्ने प्रयास गरी न्याय पाउने निकायमा जादा समेत उल्टै त्यही घरमा जिम्मा लगाइदिने गरेको । दिन दिनै रक्सी खाएर बलात्कार गर्ने मेरो जीवन बर्बाद पार्दा समेत सर्लाही प्रहरी कार्यालयमा न्यायका लागि धाएको तर अहिलेसम्म त्यो पीडकलाई कसैले केही गर्न नसकेको र आफू न्याय माग्न धाउँदा थाकी सकेको । हाल मेरो र छोराको नागरिकता छैन अब मैले छोरा पढाउन लालन-पालन कसरी गर्ने चिन्ता छ, मैले कसरी न्याय पाउन सक्छु यो अवस्थामा माइतीमा आएर बसेको छु ।*

**'आवाज ३'**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*करिब ६ महिना अगाडी गाउँका छिमेकी चार जना मिलेर मलाई २ पटकसम्म विभिन्न मितिमा सामूहिक बलात्कार गरे म प्रहरीमा जादा पीडक पक्षले गाउँको घटना हो मिलाउनुपर्छ भनेपछि त्यही मिलापत्र भयो । फेरी पुनः ती चार जना मिलेर तेस्रो पटक बलात्कार गर्न खोज्दा म कराएको थाहा पाएर मेरो श्रीमानले छुटाउन जादा कुटपिट गरे म बलात्कार हुन बाट बचे त्यसपछि प्रहरी चौकमीा हामी उजुरी गर्न गयौ लेखपढ गर्न नजान्ने हुँदा प्रहरीले कारवाही नहुने मुद्दा यौन दुर्व्यवहारमा दर्ता गराएको रहेछ । हाल मैलै थाहा पाएर विभिन्न संघ संस्थाहरूको सहयोगमा रिट दर्ता गरेको छु। ती पीडकहरू गाउँ घरमा हिडिरहेका छन् अझै म कसरी सुरक्षित भएर बाँच्न सक्छु र न्याय कहिले पाउने ?*

**आवाज ४**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*मेरो घटना केही महिना अगाडीको हो। घर नजिकको चिनजानको व्यक्तिले म बजारबाट घर फर्किने क्रममा सँगै जाउ भनेर भन्यो घर आउने क्रममा विचमा जंगलको बाटो थियो उसले कोही नआएको जंगलको बाटोमा मलाई बाँसघारी तिर लगेर जबरजस्ती करणी गर्‍यो र कसैलाई नभन्नु भनिस भने मार्छु भन्यो । म घर आएर रोएर बसे तर अरुलाई केही पनि भनिन। विस्तारै म बिरामी हुदै गए आमा बुवाले उपचारका लागि अस्पताल लानु भयो त्यसपछि म गर्भवती भएको थाहा भयो । अहिले मेरो पेटमा तीन महिनाको गर्भ छ। हामीले प्रहरीमा जाहेरी दिएको तर त्यो केटा फरार रहेको छ। अब म के गरौ मेरो भविष्य अन्यौलमा रहेको छ, मैले कसरी न्याय पाउँछु ?*

**नेपाल प्रहरीमा दर्ता भएका जबरजस्ती करणीका मुद्दाको अवस्था तथा विश्लेषण**

महिला हिंसा सम्बन्धी घटनाहरू दिन प्रतिदिन बढ्दो मात्रामा रहेको विभिन्न सञ्चार माध्यमहरूको समाचारबाट प्राप्त भएका छन्। त्यसैगरी नेपाल प्रहरीमा समेत जबरजस्ती करणीको उजुरीको संख्या विगत वर्षहरूमा भन्दा तुलनात्मक रुपमा अहिले बढी आउने भएकाले राष्ट्रिय मानव अधिकार आयोगले नेपाल प्रहरीमा आर्थिक वर्ष २०७५/७६ मा जबरजस्ती करणी सम्बन्धित दर्ता भएको उजुरीहरूको विवरण २०७५ साउन महिनादेखि माघ महिनासम्म परेका उजुरीहरूको विवरण माग गरेता पनि कुनै-कुनै प्रदेशले वैशाख महिनादेखिको तथ्याङ्क उपलब्ध गराएकाले सोही बमोजिम १० महिना भित्रको जबरजस्ती करणी उजुरीको विवरणमा आधारित भएर अध्ययन गरी निम्न बमोजिम तथ्याङ्कहरूलाई विश्लेषण गरिएको छ।

## प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा दर्ता भएको उजुरीको विवरण

चार्टनं. १ : जिल्लागत उजुरी विवरण




*स्रोत : नेपालप्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. १ अन्तर्गतका १४ वटा जिल्लाको नेपाल प्रहरीमा दर्ता भएका बलात्कारका घटनाहरूको उजुरी विवरणको आधारमा अध्ययन गर्दा तराईका झापा मोरङ्ग र सुनसरी जिल्लामा अन्य पहाडी जिल्लाको तुलनामा जबरजस्ती करणीको उजुरी धैरै रहेको माथिको तथ्याङ्कले देखाउँछ । सबैभन्दा बढी झापा जिल्लामा २६ प्रतिशत, सुनसरी जिल्लामा २२ प्रतिशत, मोरङ जिल्लामा १७ प्रतिशत र भोजपुर जिल्लामा ६ प्रतिशत रहेको छ। त्यसैगरी शंखुवासभा जिल्लामा ५ प्रतिशत, खोटाङ्ग र ताप्लेजुङ्ग जिल्लामा क्रमश ४, ४ प्रतिशत रहेको छ। सोलुखुम्बु र इलाम जिल्लामा क्रमश ३, ३ प्रतिशत रहेको छ। अन्य बाँकी जिल्लाहरूमा २ प्रतिशत भन्दा कम उजुरी रहेको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं. २ : महिनागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूको उजुरीको विवरणको आधारमा अध्ययनले उजुरी दर्ता भएको महिनागत हिंसाबले अध्ययन गर्दा सबैभन्दा बढी साउन महिनामा २१ प्रतिशत रहेको छ। असोज र कार्तिक महिनामा क्रमश १६, १६ प्रतिशत रहेको छ। त्यसैगरी मंसिर र भाद्र महिनामा क्रमश १४ र १३ प्रतिशत रहेको छ। पौष र असार महिनामा क्रमश ८, ५ प्रतिशत रहेको छ। वैशाख र जेठ महिनामा क्रमश २, २ प्रतिशत रहेको छ भने बाँकी माघ महिनामा सबैभन्दा कम २ प्रतिशत उजुरी दर्ता भएको माथिको चार्टले देखाएको छ।

**टेबल नं.१ : पीडित र पीडकको उमेर/जातीय समुदाय**

| पीडकको उमेर | | | पीडकको जातीय समुदाय | | | पीडितको उमेर | | | पीडितको जातीय समुदाय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत | उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत |
| १३-१८ | २९ | १०% | जनजाति | १४४ | ५०% | ४-१८ | १३८ | ४९% | बाहुन/क्षेत्री | ३८ | १४% |
| १९-३५ | १८६ | ६४% | बाहुन/क्षेत्री | ५२ | १८% | १९-३५ | ६५ | २२% | दलित | ४३ | १५% |
| ३६-५० | ३८ | १३% | दलित | ४२ | १५% | ३६-५५ | १८ | ६% | जनजाति | ६८ | २४% |
| ५१-७० | २८ | ९% | शाह | ५ | २% | ५६-६० | २ | १% | मुसलमान | १३ | ५% |
| ७० भन्दा माथि | १ | १% | मुसलमान | १५ | ५% | नखुलेका | ६० | २२% | मधेसी | २५ | ९% |
| नखुलेको | ६ | ३% | मधेसी | १८ | ६% | जम्मा | २८३ | १००% | नखुलेका | ९६ | ३३% |
| जम्मा | २८८ | १००% | नखुलेका | १२ | ४% | | | | जम्मा | २८३ | १००% |
| | | | जम्मा | २८८ | १००% | | | | | | |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूको उजुरीको विवरणको आधारमा अध्ययनले पीडितको उमेर समूहको अवस्था हेर्दा ४ देखि १८ वर्ष उमेर समूहका सबैभन्दा बढी ४९ प्रतिशत, १९ देखि ३५ वर्ष उमेर समूहको २२ प्रतिशत र उमेर नखुलाएको २२ प्रतिशत रहेको छ। त्यसैगरी ३६ देखि ५५ उमेर समूहका ६ प्रतिशत र ५६देखि ६० उमेर समूहको न्यून  रहेको माथिको तथ्याङ्कले देखाएको छ। पीडकको उमेर समूह हेर्दा १९ देखि ३५ वर्ष उमेर समूहको ६४ प्रतिशत, ३६ देखि ५० वर्ष उमेर समूह १३ प्रतिशत, १३ देखि १८ वर्ष उमेर समूहको १० प्रतिशत र ५१ देखि ७० वर्ष उमेर समूहको ९ प्रतिशत, त्यसैगरी नखुलेको ३ प्रतिशत र ७० वर्ष भन्दा माथिको १ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ।

पीडकको जातजातिको विवरण हेर्दा जनजाति समुदायको सबैभन्दा बढी ५० प्रतिशत रहेको छ। त्यसैगरी बाहुन/क्षेत्री १८ प्रतिशत, दलित १५ प्रतिशत र मुस्लिम ५ प्रतिशत रहेको छ। त्यसैगरी ८ प्रतिशत मधेशी र अन्य ३ प्रतिशत नखुलाएको माथिको तथ्याङ्कले देखाएको छ।

त्यसैगरी पीडितको जातजातिको विवरणको विश्लेषण गर्दा अधिकाँश ३३ प्रतिशत जातजाति नखुलेको, जनजाति २४ प्रतिशत, दलित १५ प्रतिशत, ब्राह्मण/क्षेत्री १४ प्रतिशत, मुस्लिम ५ प्रतिशत र मधेसी ९ प्रतिशत भएको माथिको तथ्याङ्कले देखाएको छ।

टेबल २ : घटना स्थल/घटनाको विषय

| घटना स्थल | | |
|---|---|---|
| **स्थल** | **संख्या** | **प्रतिशत** |
| घरकोठामा | ३० | ११% |
| खेतबारी/जंगलमा | ४० | १४% |
| नखुलेको | १५७ | ५५% |
| सार्वजनिक स्थलमा | ३३ | १२% |
| प्रतिवादीको घरकोठामा | २३ | ८% |
| जम्मा | २८३ | १००% |
| **घटना विषय** | | |
| **जबरजस्ती करणीका प्रकार** | **संख्या** | **प्रतिशत** |
| जबरजस्ती करणी | २६२ | ९२% |
| सामूहिक जबरजस्ती करणी | १४ | ३% |
| जबरजस्ती करणीबाट गर्भवती | ४ | २% |
| वैवाहिक जबरजस्ती करणी | १ | १% |
| बारम्बार जबरजस्ती करणी | १ | १% |
| नखुलेको | १ | १% |
| जम्मा | २८३ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूको उजुरीको विवरणको आधारमा अध्ययन गर्दा जबरजस्ती करणीका घटनाहरू हुने प्राय ठाउँहरूको विष्लेशण गर्दा अधिकाँश नखुलाएको ५५ प्रतिशत खेतबारी र जंगलमा, १४ प्रतिशत सार्वजनिक स्थानमा, १२ प्रतिशत घरको कोठामा, ११ प्रतिशत र अन्य प्रतिवादीको घरको कोठामा ८ प्रतिशत जबरजस्ती करणीको घटना भएको स्थल माथिको तथ्याङ्कले देखाएको छ। जवजस्तीकरणीको भएको सबैभन्दा बढी ९२ प्रतिशत रहेको छ भने सामूहिक बलात्कारमा ३ प्रतिशत, जबरजस्ती करणीबाट गर्भ रहेको २ प्रतिशत, वैवाहिक बलात्कार र बारम्बार बलात्कार भएको बाँकी १, १ प्रतिशत भएको माथिको तथ्याङ्कले देखाएको छ।

टेबल नं. ३ : कारवाहीको स्थिती

| कारवाहीको स्थिती | संख्या | प्रतिशत |
|---|---|---|
| बालसुधारगृहमा पठाएको | १२ | ४% |
| धरौटीमा छुटेका | १० | ३% |
| अदालतबाट निर्णय भएको | १ | १% |
| फरार | २५ | ८% |
| **पुर्पक्षको लागि कारागार** | **२१९** | **७६%** |
| नखुलेको | ८ | ३% |
| साधारण तारेखमा छुटेको | ३ | १% |
| संरक्षकको जिम्मा जमानीमा छाडीएको | ५ | २% |
| सरकारी वकिल कार्यालयबाट मुद्दा नचल्ने निर्णय भएको | १ | १% |
| मुद्दाको म्याद पुरा भई पेश गरेको | ४ | १% |
| जम्मा | २८८ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूको उजुरीको विवरणको आधारमा अध्ययनले कारवाहीको स्थिती अवस्था हेर्दा अधिकाँश पीडकहरू पुर्पक्षको लागि कारागार चलान ७६ प्रतिशत, पीडक फरार भएको ८ प्रतिशत, बालसुधार गृहमा पठाएको ४ प्रतिशत, धरौटीमा छुटेको र नखुलेको क्रमश ३, ३ प्रतिशत रहेको छ भने बाँकी १ प्रतिशत मात्र अदालतबाट निर्णय भएको माथिको तथ्याङ्कले देखाएको छ।

**मूख्य तथ्यहरू**

प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूको उजुरीको विवरणको आधारमा नेपाल प्रहरीले उपलब्ध गराएको तथ्याङ्कको विश्लेषण गर्दा १४ वटा जिल्लाहरू मध्ये तराईका जिल्लाहरू झापा, मोरङ र सुनसरी जिल्लामा उजुरी धेरै रहेको देखिन्छ भने अन्य पहाडी जिल्लाहरूमा कम रहेको छ। गाउँबाट शहर बजारमा बसाई सराई बढ्ने हुँदा शहर बजार, जनसंख्या र जनघनतत्व बढी भएका जिल्लाहरूमा स्वभाविक रुपमा जबरजस्ती करणीको अपराध पनि बढेको देखिन्छ। त्यसैगरी सबैभन्दा बढी घटना भएको महिना साउन देखिन्छ । पीडितको विवरणको अध्ययनले अधिकाँश पीडितहरू ४ देखि १८ वर्ष उमेर समूहको बालिकाहरू धेरै यौन हिंसाको शिकारमा पर्ने गरेको पाइयो भने पीडक चाँहि १९ वर्षदेखि ३५ वर्ष उमेर समुहको बढी रहेको पाइयो। पीडकको जातजातिको विवरण हेर्दा सबैभन्दा बढी जनजाति समुदायको बाहुल्यता रहेको, त्यसपछि ब्राह्मण/क्षेत्री रहेको छ । त्यसैगरी पीडितको जातजातिको विवरणको विश्लेषण गर्दा अधिकाँश जनजाति समुदायका र दोस्रोमा दलित रहेको छ। जबरजस्ती करणीको प्रवृति हेर्दा सबैभन्दा बढी जबरजस्ती करणी भएको केही मात्र सामूहिक जबरजस्ती करणी भएको पाइयो । त्यसैगरी कारवाहीको स्थिती अवस्था हेर्दा अधिकाँश पीडकहरू पुर्पक्षको लागि कारागार चलान ७६ प्रतिशत भएको पाइयो भने अन्य पीडक फरार भएको, बालसुधार गृहमा पठाएको र धरौटीमा छुटेको भन्ने पाइयो। यसबाट के भन्न सकिन्छ भने घरपरिवार र समाजमा यौन शिक्षाको कमीले कलिला बालिकाहरू यौन हिंसाका शिकारमा धेरै परेको देखिन्छ।

# महिला हिंसा न्यूनीकरण, मानव अधिकारको संरक्षण एवम् सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान"

## प्रदेश नं. २

**मा. मोहना अन्सारी**

महिला हिंसाको न्यूनीकरणको लागि हामीहरू सबैले आ-आफनो जवाफदेहिता निर्वाह गरेको अवस्थामा मात्र महिला हिंसाको न्यूनीकरण सम्भव छ । निर्वाचनको घोषणा पत्रमा सबै राजनीतिक दलहरूले आ-आफनो घोषणा पत्रमा मानव अधिकारको प्रत्याभुति गर्ने कुरा उल्लेख भएको छ भने हामी किन अपराधहरूमा राजनीतिकरण गरिरहेका छौं । महिला हिंसा, अपराधको विषयमा म सदैव सचेत रहने छु, म सहन सक्दिन । संसारका अन्य मुलुकसँग दाज्ने बनाउनु पर्दछ नेपाललाई । बुद्धको देशमा हामीले बुद्धत्व कायम गर्नुपर्दछ । पत्नीलाई बलात्कार गर्न पाउनुपर्दछ भन्ने मानसीकतामा हामी छौं । यो भ्रम हामीले त्याग्नु पर्दछ । हिंसा हाम्रो घरबाट नै शुरु हुन्छ, तसर्थ हामीले हाम्रो घर बाटनै हिंसा अन्त्य गर्नु पर्दछ । कुनै पनि सम्बन्ध भित्र माया छैन भने त्यो के सम्बन्ध ? महिला सम्पत्ति कदापी हुन सक्दैन । कुनै पनि हंसाको घटनाको अनुसन्धानमा प्रहरीले तदारुकता देखाउनु पर्दछ । महिला हिंसा एवम् अपराधजन्य कार्यको नियन्त्रणका लागि नेपाल प्रहरीको अहम भूमिका रहने भएकाले अपराध नियन्त्रणका लागि प्रहरी संवेदनशील हुनुपर्दछ ।

**प्रहरी अतिरिक्त महानिरिक्षक पुष्कर कार्की :**

हाल नेपालभरी ७२ हजार प्रहरी कर्मचारीहरू रहेको अवस्थामा प्रहरी संगठन भित्रको आफ्नै समस्या छन् । प्रहरी संगठनबाट घटनालाई गम्भिरताका साथ हेरिनु पर्दछ । प्रभावकारी अनुसन्धान गरि दोषी पत्ता लगाई कानूनी कठघरामा ल्याइनु पर्दछ । नागरिकको सुरक्षाको लागि प्रहरी हो । नागरिकको सुरक्षा नै प्रहरीको कर्तव्य हो । नागरिकले तिरेको करबाट हामीले जीविको पार्जन गर्ने हो । मानव अधिकारको संरक्षण गर्ने पहिलो दायित्व प्रहरीको हो । कुनै प्रहरीले गैरकानूनी कार्य गरेमा नेपाल प्रहरी कारबाही गर्न कटिवद्ध छ ।

**प्रमुख जिल्ला अधिकारी –** (धनुषा, वारा, पर्सा, महोत्तरी, सिराहा, सप्तरी, रौतहट, पर्सा, सर्लाही)

प्रदेशहरूमा मेयर र उपमेयर बीचको तालमेल नभएकोले कठिनाई भएको छ । मेयर र उपमेयर बीच कसरी सहकार्य गर्ने भन्ने विषय बडो महत्वपूर्ण देखिन्छ । राजनीतिक कारणले महिला विरुद्धका हिंसाका घटनाहरू दर्ता नभएको अवस्था छ । कुनै पनि समस्या वा घटनालाई राजनीतिकरण नगरि निष्पक्ष भएर हेर्नुपर्दछ । विगतको तुलनामा महिलाहरूको मुद्दामा अदालती प्रक्रिया केही सहज भएको छ तर व्यवहारमा कतिपय कठिनाईहरू छन् । महिलालाई हेर्ने दृष्टिकोणको कारण बलात्कार जस्तो संवेदनशील रुपले हेर्नुपर्ने घटनाहरू सजिलै दर्ता गर्न पीडीतका परिवारहरू तयार हुँदैनन् । देशको संविधानले हिंसामुक्त जीवन बाँच्न पाउनु हरेक महिलाको अधिकार हो भनि सुनिश्चित गरेको छ । सरकार महिला हिंसा विरुद्ध संवेदनशील छ । प्रदेश नं २ मा महिला प्रहरीको संख्यामा वृद्धि गर्नुपर्ने देखिन्छ । प्रहरी कर्मचारीहरूलाई Gender sensetive training दिनुपर्दछ । तालिमको दौरानमा मात्र नभएर पटक-पटक यस किसिमका

तालिम दिएको अवस्थामा प्रहरी कर्मचारीहरू महिला हिंसाका घटनाहरूमा संवेदनशील हुन्छन् । प्रहरीलाई निष्पक्ष रुपमा काम गर्न दिनुपर्दछ । घटनालाई राजनीतिक हस्तक्षेप गरिनुहुँदैन । आधुनीकीकरण र स्रोत साधनले गर्दा १४ वर्षका महिलाहरू पनि वयस्क भएका छन् तर कानूनले २० वर्ष नपुगी विवाह गर्न नपाउने व्यवस्थाले गर्दा कतिपय व्यवहारीक कठिनाई भएका छन् । बाबु आमाको विवाहको मितिपछि तर बच्चाको जन्मदर्ताको मिति अघि गर्नुपर्ने अवस्था छ । अभिभावकहरूले नै उमेर नपुगी विवाह गरिदिएका छन् । समाजले सहजरुपमा बाल विवाहलाई स्विकार गरेको छ । समाजमा सदिऔँदेखि चलिआएको पुरातन सोचका कारण हिंसाका घटनाहरू बढेका छन् । महिला माथि हुने बलात्कारका घटनामा प्रहरी संयन्त्र माथि आम नागरिकको विश्वासको वातावरण रहेको पाईएन । प्रहरीलाई कसैको पनि दवाबमा नपरी निष्पक्ष रुपमा प्रभावकारी तरीकाले अनुसन्धान गर्न दिनुपर्दछ । केहि समय अघि प्रहरी आफैले जाहेरी लेखिदिएको थियो त्यसमा धेरै विवाद आयो । प्रहरीले जाहेरीमा के-के लेख्यो मलाई थाहा भएन भन्ने कुराले प्रहरी कर्मचारीहरू विवादमा तानिए । पछि प्रहरीले आफै लेख्न छाड्यो र लेखेर ल्याउन भन्न थालेको हो ।

**नागरिक समाज**

प्रदेश नं २ मा राजनीतिक कारणले महिला विरुद्धका हिंसाका घटनाहरू दर्ता नभएको अवस्था छ । न्यायीक समितिका प्रमुखहरूको भूमीका खासै देखिएको छैन । उपप्रमुखहरू महिला हुनुहुन्छ, तर उहाँहरूको कुर्सीमा उहाँहरूको श्रीमान बसेर काम गरिरहनु भएको छ । पछि नागरिक समाजबाट विरोध भएपछि उपप्रमुखका श्रीमानहरू साईडमा कुर्सी राखेर काम गरिरहनु भएको छ । बलात्कार जस्तो जघन्य अपराधका घटनाहरू पनि २०, २५ हजारमा मिलाई रहेका छन् । देशको संविधानले हिंसामुक्त जीवन बाँच्न पाउनु हरेक महिलाको अधिकार हो भनि सुनिश्चित गरेको छ । सरकार महिला हिंसा विरुद्ध संवेदनशील बन्नु पर्दछ । सरकारले राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा प्रतिवद्धता जनाएको छ । बलात्कारको घटनामा हदम्याद ६ महिनाबाट १ वर्ष पुऱ्याएको छ । साथै सजायको व्यवस्थाहरूमा थप गरिएको छ । यस्ता केही सकारात्मक पहलहरू भएतापनि न त हिंसाहरूमा कमी आएका छन् न त पीडित/प्रभावितले न्याय प्राप्त गर्ने वातावरण नै सहज भएको छ । यस्तो किन भैरहेको छ ? आज सबैले यसमा गम्भीर भएर सोच्ने बेला आएको छ । सतहमा यसरी दिनानुदिन बलात्कारका घटनाहरू बढ्नु र बलात्कार प्रभावितहरूले न्याय प्राप्त गर्न कठिन हुने कारण विभिन्न रहेतापनि मूख्यरुपमा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण रहेको छ । घटनाहरू घटिरहेका छन् कमी भएको छैन, बढेको छ, प्रहरी कार्यालयहरूमा उजुरी लिएर जादा प्रहरीलाई सबुत प्रमाण अनुसन्धानको लागि अपहरिहार्य भएको कुरालाई नकार्न सकिँदैन । यद्यपी प्रमाण संकलन गर्ने प्रमुख दायित्व प्रहरीको नै हो । तर पनि पीडितहरूलाई नै प्रमाण संकलन गर्ने दायित्व, सवुत प्रमाण जुटाउन कठीन हुन जाने तथ्यलाई नकार्न सकिँदैन ।

देश गणतान्त्रिक भैसक्दा पनि नेतृत्वमा महिलालाई दोस्रो दर्जा मै राखेको पाईन्छ । स्थानीय सरकारमा रहेका महिला प्रतिनिधिहरूलाई काम गर्न सिर्जना गरिएका कठिन वातावरणले समाज, महिलाको नेतृत्व सहज रुपमा स्विकार गर्न चाँहदैन भन्ने प्रष्ट हुन्छ । महिलालाई हेर्ने दृष्टिकोणको कारण बलात्कार जस्तो संवेदनशील रुपले हेर्नुपर्ने घटनाहरू सजिलै दर्ता हुँदैनन्, भै हाल्यो भने पनि कानून कार्यान्वयन

गर्ने निकायहरू अनुसन्धानमा गम्भीर भएको पाईदैन । हिंसाका घटनाहरूको सही र यथोचित अनुसन्धान हुन नसक्दा महिलाले न्याय पाउन सहज हुँदैन । पीडित झन् पीडित भएको पाईन्छ, अपराधीले सजाय पाउँदैनन्, दण्डहीनता फस्टाएको छ । विगतको तुलनामा महिलाहरूको मुद्दामा अदालती प्रक्रिया केहि सहज भएको छ तर व्यवहारमा कतिपय कठिनाईहरू छन् । जबरजस्ती करणी, मानव बेचविखन जस्ता मुद्दाहरूमा द्रुत न्याय प्रणाली (Fast Track Court) आत्मासात गरिएको छ तर कार्यान्वयन प्रक्रिया प्रभावकारी छैन । महिलाहरूलाई न्याय प्राप्त गर्न कठिनाई छ । न्यायीक प्रक्रियाबाट न्याय प्राप्त भए जस्तो देखिए पनि समाजमा बलात्कार भएका महिलाहरूप्रति रहेको विभेदकारी दृष्टिकोणका कारण उनीहरू आफ्नो समाज, घरबाट निकाला जस्तो भै बाँच्न बाध्य भएका छन् । हाम्रो न्याय प्रणाली पीडित मुखी छैन, न्यायको लागि पीडित तथा निजको परिवारले आफ्नो सम्पूर्ण काम काज छाडेर मुद्दा मामिलामा नै समय बिताउनु पर्दछ ।

पीडितको जिवन यापन, रोजगारी, पुनर्स्थापना, मनोपरामर्श सेवा जस्ता विषयहरू ओझेलमा परेका छन् । पितृसत्तात्मक सोच र तिनलाई बलियो बनाउने हानिकारक परम्परागत व्यवहारहरू रहेका छन् । यस्ता सोच र व्यवहारको परिणामको रुपमा भर्खरै कन्चनपुरकी १३ वर्षिया किशोरी निर्मला पन्तको बलात्कारपछि हत्या भएको विषयलाई लिन सकिन्छ । कानूनी व्यवस्थाहरू राम्रो भएतापनि कार्यान्वयन पक्ष फितलो भएको कारण बलात्कार पीडितले सजिलो सँग न्याय प्राप्त गर्न सकिरहेको अवस्था छैन ।

त्यसैले प्रहरी प्रशासनले जिम्मेवारपूर्ण तरिकाले निष्पक्ष भई घटनाका सम्बन्धका छानविन गरिनु पर्दछ । घटनाका सम्बन्धमा पत्रकार साथीहरूले सत्य तथ्यबाहिर ल्याईदिनु पर्दछ। घटना सार्वजनीक गर्दा पीडितको हक हित र गोपनियताको ख्याल गर्नु पर्दछ। प्रहरीले आम नागरिकबाट आएको गुनास सुनेको अवस्था छैन । यदि प्रहरीले आम नागरिकको कुरा सुन्दैन र नागरिकको शान्ती सुरक्षाको सम्बन्धमा प्रहरी संवेदनशील हुँदैन भने प्रहरी कस्का लागि ? प्रदेश नं २ का प्रहरी चौकीमा जाँदा बलात्कारका घटनाहरू मिलाएको पाईन्छ । प्रदेश नं २ मा पञ्चायती प्रचलन कायम छ । एक अपराध गरेको मानिसलाई अर्कै घटनामा मुद्दा दर्ता गरी मुद्दा चलाईन्छ । राष्ट्रिय मानव अधिकार आयोगबाट प्रहरीले घटनाका सम्बन्धमा गरिरहेको अनुसन्धानको प्रभावकारी तरिकाले अनुगमन गरियोस् ।

**माननीय सदस्य शारदा थापा**

महिला विरुद्धका घटनाका सम्बन्धमा राज्य गम्भीर हुनुपर्दछ । अपराधको मात्रा बढेको छ तर अपराधको तुलनामा प्रहरीको संख्यामा वृद्धि गर्नुपर्दछ । राज्यले कुनै पनि व्यक्ति र सम्पत्तीको सुरक्षाको जिम्मा लिनु पर्दछ । प्रदेशले कानून बनाएको छ तर कार्यान्वयन भएको अवस्था छैन । प्रदेश सरकारले शान्ति सुरक्षाको अवस्था चुस्त-दुरुस्त राख्नु पर्दछ । अहिलेको काननूले कानून कार्यान्वयन गर्ने जिम्मा न्यायीक समितिका मानिसहरूलाई दिएको छ । तर न्यायीक समितिका मानिसहरूलाई कानूनको बारेमा जानकारी नै छैन । आफूलाई जानकारी नै नभएको कुरामा कसरी काम गर्न सक्दछन् । तसर्थ उहाँहरूलाई सर्वप्रथम कानूनको बारेमा ज्ञान दिलाउन आवश्यक छ । राजनीतीकरण हामी बाटनै भएको हो न्यूनीकरण हुन आवश्यक छ ।

**माननीय सदस्य जनुल रायन**

नेपाल संघीय प्रणालीमा आईसकेको छ। नेपालमा प्रहरी संगठनको दायित्व अनुसन्धान गर्नु हो। प्रहरी जनताका लागि हो त्यसैले प्रहरीले जनताका आवाज सुनिदिनु पर्दछ। जनताले प्रहरीलाई अनुसन्धान गर्ने वातावरण मिलाई दिनुपर्नेछ। प्रहरीद्वारा धेरै राम्रा कामहरू पनि भएका छन्। हामीले प्रहरीलाई स्वतन्त्र रुपमा काम गर्न दिनुपर्दछ। मैले आजको दिन सम्ममा कोही पनि प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरिक्षकहरूलाई यस किसिमले दवाब दिएको छैन र आगामी दिनहरूमा पनि दिने छैन। सुधार तपाई हामीबाट नै गर्नु पर्दछ। रौतहट जिल्लामा कोही कसै नेताहरूले राजनीतिक दवाब दिएमा नमान्नुहोस्।

**कार्यपत्र**

१. मूख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश नं २ का तर्फबाट उपसचिव ऋद्धिनाथ निरौलाले **अपराध पीडितको अधिकार संरक्षण सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्थाको** विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। प्रस्तुतीकरणका क्रममा नेपालको संविधानको धारा २१ अपराध पीडितको हक, अपराध पीडित संरक्षण ऐन २०७५ ले गरेका मूख्य-मूख्य व्यवस्थाहरू, पीडितको कर्तव्य, मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४, र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ का प्रमुख व्यवस्थाहरूको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

२. नेपाल प्रहरीको तर्फबाट नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरिक्षक पुष्कर कार्कीले **महिला हिंसा न्यूनीकरणमा नेपाल प्रहरीको भूमीका** विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। जबरजस्ती करणी अपराधको आर्थीक वर्ष २०७५/२०७६ को प्रदेश स्तरीय डाटा प्रस्तुत गर्नु भएको थियो। सो क्रममा महिला हिंसाको प्रकार, कारण, असर तथा परिवेश एवम् हिंसा न्यूनीकरणमा नेपाल प्रहरीको भूमीका, दायित्व, प्रयास एवम् चुनौती र सुझावका सहितको प्रस्तुती गरिएको थियो।

**आवाज १**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

परिवर्तित नाम (गिता) मिति २०७५/७/४ गतेका दिन धनुषा जिल्ला घर भएकी वर्ष १५ की गितालाई गाउँ छिमेकीले जबरजस्ती डर त्रास देखाउनुका साथै परिवारलाई मारीदिन्छौ भन्ने धम्की देखाई घरबाट भान्जा पर्नेसँग साथ लगाई भगाएर काठमाण्डौ पठाएको । त्यहाँ पुगेको केही दिनमा निज माथि जबरजस्ती करणी गरी, जबरजस्ती सिन्दुर पोते लगाई श्रीमती बनाई राखेको, भागाई लगेपछि मेरो बाबु आमाले निज केटा तथा निजको परिवारमाथि शंका गरी प्रहरी कार्यालय ढल्केबरमा खोजतलासको लागि उजुरी दिएको, ढल्केबरको प्रहरी कार्यालयले हामी दुवैको परिवार सहित हामीलाई पनि उपस्थित गराएको थियो । उनीहरूले मलाई प्रहरी कार्यालयमा प्रहरीसँग पनि आफू खुशी मन परेर भागेको भन्न लगाएको, डरले मैले पनि जे-जे उनीहरूले सिकाए त्यही भने । तरपछि ढल्केबर चौकीमा मैले आफ्नो बाबु आमा तथा परिवारका सदस्यहरू भेटेपछि मात्र सबै सत्यकुरा बताएको हुँ । उनीहरूले म लगायत मेरो परिवारका सदस्यहरूलाई मार्ने धम्की दिएका थिए त्यसैले मैले वास्तवीक कुरा प्रहरीमा पहिले राख्न सकेको थिइन । आफ्ना कुराहरू राखेपछि परिवारको सहयोगमा जबरजस्ती करणी र शरीर बन्धक मुद्दा दर्ता गर्न जाँदा ढल्केबरको प्रहरीले नलिएको । जिल्लामा पठाएको जिल्लाबाट पुनः ईलाका प्रहरी कार्यालय ढल्केबरकामा नै जानु भनेको पछि ओरेक नेपालको सहयोगमा मात्र मुद्दा दर्ता गर्न सफल भएको । हाल प्रहरीले पीडकलाई थुनामा राखे पनि म सँग कुनै सोधपुछ गरेको छैन, मेरो मुद्दाको अनुसन्धान प्रहरीले कसरी गरिरहेको छ मलाई कुनै जानकारी छैन । न्याय नपाएकोमा चिन्तित छु ।

**आवाज २**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

परिवर्तित नाम लक्ष्मी मिति २०७५/९/२३ गतेका दिन कपी किन्न जाने क्रममा गाउँकै केटा साथीले सँगै बर्दीबाससम्म जाने क्रममा पीडक पनि आधा बाटोबाट सँगै गएको बर्दीवास पुगेपछि चिया पसलमा चिया पिएको चियामा के मिसाएर दिएको हो त्यस पश्चात आफूलाई केही थाहा नभएको । होसमा आउँदा काठमाण्डौमा पुगेको रहेछु । रोइ कराइ गर्दा चक्कु देखाउँदै मारिदिने धम्की दिएको । केही दिनपछि मनकामना लगी जबरजस्ती बिहे गरेको । विहेमा पीडकको परिवार पनि सामेल भएको केही बोल्न खोज्दा ज्यान मार्ने धम्की दिने गरेको । त्यसै क्रममा एक दिन पीडक बाहिर गएको समयमा रु.१५०० झिकेर पूर्वको गाडी चडेको र बर्दीवास आएर बुवालाई भेटेपछि सबै कुरा भनी इलाका प्रहरी कार्यालयमा बर्दीबासमा मुद्दा दर्ता गर्न जादा जिल्ला प्रशासनमा जानु भनेको साथै हामीले मिडियालाई भन्छु भनेपछि मात्र २२ दिनमा केश दर्ता गरेको निजलाई अपहरण शैलीमा लग्दा आरोपी र घटनामा साथ दिने कसैलाई पनि प्रहरीले पक्राउ गर्न नसकेको उल्टो मुद्दा फिर्ता लिन भन्दै दवाब दिँदै आएको ।

**प्रदेश नं. २ अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा दर्ता भएको उजुरीको विवरण**

चार्ट नं. ३ : जिल्लागत उजुरीको विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. २ अन्तर्गतका ८ वटा जिल्लाहरूको उजुरीको विवरणको आधारमा अध्ययन गर्दा सबैभन्दा बढी उजुरी सिरहा जिल्लामा १९ प्रतिशत, सप्तरी जिल्लामा १७ प्रतिशत र धनुषा जिल्लामा १६ प्रतिशत, रौतहट र पर्सा जिल्लामा क्रमश ११, ११ प्रतिशत, महोत्तरीमा १० प्रतिशत, बारामा र सर्लाहीमा क्रमश ८, ८ प्रतिशत भएको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं. ४ : महिनागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. २ अन्तर्गतका ८ वटा जिल्लाहरूको उजुरीको विवरणको आधारमा अध्ययन गर्दा सबैभन्दा बढी घटना भदौ महिनामा १९ प्रतिशत, साउन र असोज महिनामा क्रमश १७, १७ प्रतिशत, कार्तिक र मंसिर महिनामा क्रमश १५ र १० प्रतिशत रहेको छ। त्यसैगरी पौष र असार महिनामा क्रमश ८ र ६ प्रतिशत, माघ महिनामा ४ प्रतिशत रहेको छ भने वैशाख र जेठ महिनामा क्रमश २ र १ प्रतिशत उजुरी रहेको माथिको चार्टले देखाएको छ।

टेबल नं.४ : पीडित र पीडकको उमेर/ जातीय समुदाय

| पीडकको उमेर | | | पीडकको जातीय समुदाय | | | पीडितको उमेर | | | पीडितका जातीय समुदा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत | उमेर | संख्या | प्रतिशत | जातीय समुदा | संख्या | प्रतिशत |
| १४-१८ | २५ | १४% | बाहुन /क्षेत्री | २४ | १३% | ३-१८ | ११३ | ६७% | बाहुन /क्षेत्री | ८ | ५% |
| १९-३५ | १२० | ६५% | दलित | ४१ | २२% | १९-३५ | ४५ | २७% | नखुलेको | ४१ | २४% |
| ३६-५० | २४ | १३% | मुस्लिम | २४ | १३% | ३६-५५ | ७ | ४% | दलित | ३१ | १८% |
| ५१-७० | १५ | ८% | मधेशी | ६९ | ३७% | नखुलेका | ४ | २% | मुस्लिम | १७ | १०% |
| जम्मा | १८४ | १००% | नखुलेको | १२ | ७% | जम्मा | १६९ | १००% | मधेशी[1] | ५६ | ३३% |
| | | | जनजाति[2] | १४ | ८% | | | | जनजाति | १६ | १०% |
| | | | जम्मा | १८४ | १००% | | | | जम्मा | १६९ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. २ को जबरजस्ती करणीको उजुरी विवरणको आधारमा पीडकको जातीय समुदायको अध्ययनले मधेसी ३७ प्रतिशत, दलित २२ प्रतिशत, ब्राह्मण/क्षेत्री र मुश्लिम क्रमश १३, १३ प्रतिशत, जनजाति ८ प्रतिशत र बाँकी ७ प्रतिशत जातीय समुदाय नखुलाएको माथिको तथ्याङ्कले देखाएको छ। त्यसैगरी पीडितको जातीय समुदाय अध्ययन गर्दा अधिकाँश मधेसी समुदायको ३३ प्रतिशत, नखुलेको २४ प्रतिशत, दलित १८ प्रतिशत, जनजाति र मुस्लिम क्रमश १०, १० प्रतिशत र ब्राह्मण/क्षेत्री ५ प्रतिशतरहेको माथिको तथ्याङ्कले देखाएको छ। प्रदेश नं. २ को पीडितको उमेर समूह ३ देखि १८ वर्षको सबैभन्दा बढी ६७ प्रतिशत, १९ देखि ३५ वर्ष उमेर समूहको २७ प्रतिशत र ३६ देखि ५५ वर्ष उमेर समूहको ४ प्रतिशत र बाँकी २ प्रतिशत नखुलेको माथिको तथ्याङ्कले देखाएको छ। प्रदेश नं. २ को जबरजस्ती करणीको उजुरी विवरणको आधारमा पीडकको उमेर १९ देखि ३५ वर्ष उमेर समूहको सबैभन्दा बढी ६५ प्रतिशत, १४ देखि १८ वर्ष उमेर समूहको १४ प्रतिशत, ३६ देखि ५० वर्ष उमेर समूहको १३ प्रतिशत र अन्य ५१ देखि ७० वर्ष उमेर समूहको ८ प्रतिशत रहेकोमाथिको तथ्याङ्कले देखाएको छ।

१ *प्रहरीले दिएको तथ्याङ्कमा जातजातिको विवरण प्रष्ट नखुलाएको कारण मधेश भित्र तराई ब्रामण समेत सबै प्रदेशमा समेटिएको छ।*

२ *जनजाति भित्र थारु समेत सबै प्रदेशमा समेटिएको छ।*

टेबल नं. ५ : घटना स्थल

| घटना स्थल | | |
|---|---|---|
| स्थल | संख्या | प्रतिशत |
| घर कोठामा | ४५ | २७% |
| खेत बारी | ५२ | ३१% |
| नखुलेको | २ | १% |
| सार्वजनिक स्थलमा (होटल, मन्दिर, विद्यालय आदि) | ७ | ४% |
| तराई | ६३ | ३७% |
| जम्मा | १६९ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. २ अन्तर्गत नेपाल प्रहरीमा दर्ता भएका उजुरी विवरणको आधारमा घटना भएको स्थलहरूको अध्ययन गर्दा सबैभन्दा बढी समतल ३७ प्रतिशत, खेतबारीमा ३१ प्रतिशत, घर कोठामा २७ प्रतिशत र सार्वजनिक स्थलमा ४ प्रतिशत र अन्य बाँकी नखुलेको १ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ।

**चार्ट नं. ५ : घटना विषय**




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. २ को उजुरी विवरणको आधारमा घटनाको अध्ययनले अधिकाँश जबरजस्ती करणी गरेको ९३ प्रतिशत, अपहरण र सामूहिक जबरजस्ती करणी ४ प्रतिशत र सामूहिक जबरजस्ती करणी ३ प्रतिशत माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं. ६ : कारवाहीको स्थिती




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

कारवाहीको अवस्था अध्ययन गर्दा माथिको तथ्याङ्क अनुसार पुर्पक्षको लागि कारागार चलान भएको ४३ प्रतिशत रहेको छ। अनुसन्धान जारी २७ प्रतिशत, फरार भएकोले खोजी जारी २२ प्रतिशत र त्यसैगरी धरौटीमा छुटेको र साधारण तारेखमा छुटेको क्रमश ३, ३ प्रतिशत, सरकारी वकिल कार्यालय पठाएको र बाल सुधारगृहमा पठाएको क्रमश १, १ प्रतिशत भएको माथिको चार्टले देखाएको छ।

**प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा दर्ता भएको उजुरीको विवरण**

प्रदेश नं. ३ अन्तर्गतका १३ वटा जिल्लाहरू मध्ये प्रदेश नं. ३ प्रहरी कार्यालयले हेर्ने ९ वटा जिल्लाहरू मात्र यस टेबलमा उल्लेख गरिएको छ। बाँकी काठमाण्डौं उपत्यका भित्रका ३ वटा जिल्लाको विवरण प्रहरी प्रधान कार्यालय अन्तर्गत रहेर हेर्ने हुँदा छुटा-छुटै उजुरीको विवरण प्राप्त भए मुताविक अध्ययन तथा विश्लेषण गरिएको छ।

चार्ट नं.७ः जिल्लागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

उपत्यका बाहेकको प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरूको उजुरी विवरणको अध्ययनले सबैभन्दा बढी चितवन जिल्लामा २४ प्रतिशत रहेको देखाएको छ। काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र मकवानपुर जिल्लामा क्रमश १६, १५ र १४ प्रतिशत रहेको छ। त्यसैगरी धादिङ्ग र सिन्धुली जिल्लामा क्रमश ९, ९ प्रतिशत रहेको छ। अन्य जिल्लाहरू दोलखामा ६ प्रतिशत, नुवाकोटमा ५ प्रतिशत रहेको छ भने बाँकी रसुवा र रामेछाप जिल्लामा क्रमश २ र १ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं.८: महिनागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

त्यसैगरी उजुरी दर्ताको विवरण अध्ययन गर्दा साउन र कार्तिक महिनामा क्रमश २० र १९ प्रतिशत उजुरी रहेको छ। त्यसैगरी भाद्र र असोज महिनामा क्रमश १६, १६ प्रतिशत रहेको छ। पौष, मंसिर र माघ महिनामा क्रमश १३, १० र ६ प्रतिशत उजुरी परेको माथिको तथ्याङ्कले देखाएको छ।

टेबल नं. ६ : पीडित र पीडकको उमेर/जातीय समुदाय

| पीडकको उमेर | | | पीडकको जातीय समुदाय | | | पीडितको उमेर | | | पीडितको जातीय समुदाय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत | उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत |
| १३-१८ | २० | १७% | ब्राह्मण /क्षेत्री | २९ | २५% | ३-१८ | ६७ | ६२% | ब्राह्मण /क्षेत्री | २७ | २५% |
| १९-३५ | ६५ | ५५% | दलित | १५ | १३% | १९-३५ | २३ | २१% | दलित | १४ | १३% |
| ३६-५० | २० | १७% | मधेसी | ६ | ५% | ३६-५० | १० | ९% | मधेसी | २ | २% |
| ५०-७५ | ८ | ७% | नखुलेको | १२ | १०% | ५१-६० | ५ | ५% | नखुलेको | १३ | १२% |
| नखुलेको | ५ | ४% | जनजाति | ५६ | ४७% | नखुलेको | ३ | ३% | जनजाति | ५२ | ४८% |
| जम्मा | ११८ | १००% | जम्मा | ११८ | १००% | जम्मा | १०८ | १००% | जम्मा | १०८ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

माथिको टेबलमा देखाए अनुसार प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरूमा जबरजस्ती करणीको घटनाको विवरणको आधारमा घटनामा संलग्न पीडक र पीडितको उमेर र जातीय समुदायको अध्ययनले १९ देखि ३५ वर्ष उमेर समूहको पीडक ५५ प्रतिशत रहेको देखाएको छ। त्यसैगरी १३देखि १८ वर्ष र ३६ देखि ५० वर्ष उमेर समूहको क्रमश १७, १७ प्रतिशत रहेको छ। त्यसैगरी उमेर समूह ५० देखि ७५ वर्षको ७ प्रतिशत र नखुलेको ४ प्रतिशत माथिको तथ्याङ्कले देखाएको छ।

त्यसैगरी पीडितको उमेर समूहको अध्ययन गर्दा ३ देखि १८ वर्ष उमेर समूहको सबैभन्दा बढी ६२ प्रतिशत रहेको छ। त्यसैगरी १९ देखि ३५ वर्ष र ३६ देखि ५० वर्ष उमेर समूहको क्रमश २१ र ९ प्रतिशत रहेको छ। साथै ५१ देखि ६० वर्ष उमेर समूहको ५ प्रतिशत र बाँकी ३ प्रतिशत नखुलेको माथिको तथ्याङ्कले देखाएको छ।

पीडकको जातीय समुदायको अध्ययन गर्दा सबैभन्दा बढी ४७ प्रतिशत जनजाति रहेको छ। त्यसैगरी ब्राह्मण/क्षेत्री २५ प्रतिशत, दलित १३ प्रतिशत र मधेशी ५ प्रतिशत रहेको छ भने बाँकी १० प्रतिशत डाटा नखुलेको नेपाल प्रहरीले उपलब्ध तथ्याङ्कले देखाएको छ।

चार्ट नं. ९: कारवाहीको स्थिती




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

उपत्यका बाहेकको प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरूको नेपाल प्रहरीमा दर्ता भएका उजुरीहरूको कारवाहीको स्थितीको अध्ययन गर्दा सबैभन्दा बढी अनुसन्धान जारी ६९ प्रतिशत, पुपर्क्षका लागि कारागार चलान १९ प्रतिशत, फरार अनुसन्धान जारी ८ प्रतिशत, बाल सुधार गृहमा पठाएको ३ प्रतिशत र साधारण तारेखमा छुटेको १ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं. १०: घटना विषय




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

जबरजस्ती करणी घटनाको अध्ययनले सबैभन्दा बढी ९३ प्रतिशत जबरजस्ती करणी भएको, ६ प्रतिशत सामूहिक जबरजस्ती करणी भएको  र बाँकी १ प्रतिशत अपहर शरीर बन्धकपछि जबरजस्ती करणी गरेको माथिको तथ्याङ्कले देखाएको छ।

**मूख्य तथ्यहरू**

प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरूको उजुरीको विवरणको आधारमा नेपाल प्रहरीले उपलब्ध गराएको तथ्याङ्कको विश्लेषण गर्दा प्रदेश नं. ३ अन्तर्गतका १३ वटा जिल्लाहरू मध्ये प्रदेश नं. ३ हेटौडा प्रहरी कार्यालयले हेर्ने ९ वटा जिल्लाहरू मात्र माथि उल्लेख गरिएको छ। सबैभन्दा बढी चितवन जिल्लामा र सबैभन्दा कम रसुवा र रामेछाप जिल्लामा उजुरी रहेको छ।

त्यसैगरी पीडितको विवरणको अध्ययनले अधिकाँश पीडितहरू ३ देखि १८ वर्ष उमेर समूहको बालिकाहरू धेरै यौन हिंसाको शिकारमा पर्ने गरेको पाइयो भने पीडक चाँहि १९ वर्षदेखि ३५ वर्ष उमेर समुहको बढी रहेको पाइयो। पीडकको जातजातिको विवरण हेर्दा सबैभन्दा बढी जनजाति समुदायको बाहुल्यता रहेको, त्यसपछि ब्राह्मण/क्षेत्री बरहेको छ। त्यसैगरी पीडितको जातजातिको विवरणको विश्लेषण गर्दा अधिकाँश जनजाति समुदायका र द्रोसोमा ब्राह्मण/क्षेत्री समुदाय पीडित भएको छ। जबरजस्ती करणीको प्रवृति हेर्दा सबैभन्दा बढी जबरजस्ती करणी भएको कम मात्र सामूहिक जबरजस्ती करणी भएको पाइयो। कारवाहीको स्थिती अवस्था हेर्दा अधिकाँश उजुरीहरू अनुसन्धान जारी र फरार रहेको देखिन्छ भने  पीडकहरू पुर्पक्षको लागि कारागार चलान अन्य प्रदेशमा भन्दा कम रहेको पाइयो।

**काठमाण्डौ उपत्यकाका भित्रका ३ वटा जिल्लाको जबरजस्ती करणी उजुरीको विबरण**

प्रदेश नं. ३ अन्तर्गतका काठमाण्डौं उपत्यका भित्रका ३ वटा जिल्ला काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाको जबरजस्ती करणी उजुरीको विवरण समग्र रुपमा महिला बालबालिका सेवा निर्देशनालयले उपलब्ध गराएको उजुरीको विवरण प्राप्त भए मुताविक अध्ययन तथा विश्लेषण गरिएको छ। उपत्यका भित्रका उजुरीमा जिल्लागत विवरण नखुलाएको हुँदा उपत्यका भित्रको तथ्याङ्क जिल्लागत रुपमा विश्लेषण गर्न सकिएन।

चार्ट नं. ११: महिनागत उजुरीको विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

उजुरी दर्ता भएको विवरण अध्ययन गर्दा साउन, मंसिर, पौष र माघ महिनामा क्रमश १६, १६, १६ र १६ प्रतिशत रहेको छ। त्यसैगरी भाद्र र असोज महिनामा क्रमश १४, १४ प्रतिशत रहेको र कार्तिक महिनामा ८ प्रतिशत भएको माथिको तथ्याङ्कले देखाएको छ।

**टेबल नं. ७ : पीडित र पीडकको उमेर/जातीय समुदाय**

| पीडकको उमेर | | | पीडकको जातीय समुदाय | | | पीडितको उमेर | | | पीडितका जातीय समुदाय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत | उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत |
| १२-१८ | ३ | ४ | बाहुन/क्षेत्री | २३ | ३३% | ५-१८ | ३१ | ४५% | बाहुन/क्षेत्री | ११ | १६% |
| १९-३५ | १४ | २० | दलित | ७ | १०% | १९-३५ | ४ | ६% | दलित | १ | १% |
| ३५-५० | १ | १ | जनजाति | २२ | ३१% | नखुलेको | ३४ | ४९% | नखुलेको | ४७ | ६८% |
| ५०-७५ | ४ | ६ | नखुलेको | १७ | २५% | जम्मा | ६९ | १००% | जनजाति | ८ | १२% |
| नखुलेको | ४८ | ६९ | मुस्लिम | १ | १% | | | | मुस्लिम | २ | ३% |
| जम्मा | ७० | १००% | जम्मा | ७० | १००% | | | | जम्मा | ६९ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

काठमाण्डौं उपत्यका भित्रका तीन वटा जिल्लाहरू काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाको उजुरीको विवरणको आधारमा माथिको टेबलले देखाए अनुसार पीडकको उमेर समूह अध्ययन गर्दा १९ देखि ३५ वर्ष उमेर समूहको सबैभन्दा बढी ६०.५ प्रतिशत रहेको छ। त्यसैगरी ११ देखि १८ वर्ष उमेर समूहको १५ प्रतिशत, ३६ देखि ४५ वर्ष उमेर समूहको १३ प्रतिशत, ४६ वर्ष भन्दा माथिको ११ प्रतिशत र बाँकी ०.५ प्रतिशत नखुलेको माथिको तथ्याङ्कले देखाएको छ। त्यसैगरी पीडितको उमेर समूह अध्ययन गर्दा १० देखि १८ वर्ष उमेर समूहको सबैभन्दा बढी ५० प्रतिशत, १९ देखि ३५ वर्ष उमेर समूहको ४० प्रतिशत, ३६ देखि ४५ वर्ष उमेर समूहको ८ प्रतिशत र बाँकी ४६ वर्ष भन्दा माथि उमेर समूहको २ प्रतिशत भएको माथिको तथ्याङ्कले देखाएको छ।

पीडकको जातीय समुदाय अध्ययन गर्दा सबैभन्दा बढी ब्राह्मण/क्षेत्री ३७ प्रतिशत, जनजाति ३३ प्रतिशत, दलित ११ प्रतिशत, मधेशी ७ प्रतिशत र नखुलेको १२ प्रतिशत रहेको माथिको तथ्याङ्कले

देखाएको छ। त्यसैगरी पीडितको जातीय समुदायको अध्ययनले जनजाति ४२ प्रतिशत, ब्राह्मण/क्षेत्री ३२ प्रतिशत, दलित ११ प्रतिशत, मधेशी ३ प्रतिशत र बाँकी ११ प्रतिशत नखुलेको भएको माथिको तथ्याङ्कले देखाएको छ।

**चार्ट नं. १२: कारवाहीको स्थिती**




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

काठमाण्डौं उपत्यका भित्रका तीन वटा जिल्लाहरू काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाको उजुरीको विवरणको आधारमा कारवाहीको स्थितीको अध्ययनबाट अधिकाँश पुर्पक्षको लागि कारागार चलान ८६ प्रतिशत र फरार अनुसन्धान जारी रहेको १४ प्रतिशत माथिको चार्टले देखाएको छ। उपत्यका भित्रको बलात्कारका घटनाको उजुरीको घटनाको विषयमा पुरै जबरजस्ती करणी मात्र भएको हुँदा सामूहिक जबरजस्ती करणी नभएको देखिन्छ। त्यसैगरी अधिकाँश घटना भएको स्थल घर कोठा ६७ प्रतिशत, सार्वजनिक स्थल २४ प्रतिशत र होटलमा ७ प्रतिशत रहेको छ भने नखुलेको ३ प्रतिशत भएको प्राप्त उजुरी विवरणले देखाएको छ।

**मूख्य तथ्यहरू**

प्रदेश नं. ३ अन्तर्गतका काठमाण्डौं उपत्यका भित्रका ३ वटा जिल्ला काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा विश्लेषण गर्दा जिल्लागत आधारमा तथ्याङ्क उपलब्ध नभएकोले विस्तृत रुपमा कुन जिल्लामा बढी उजुरी रहेको पत्ता लगाउन सकिएन। उजुरी दर्ता भएको विवरण अध्ययन गर्दा साउन, मंसिर, पौष र माघ महिनामा सबैभन्दा बढी उजुरी दर्ता भएको छ भने कार्तिक महिनामा सबैभन्दा कम उजुरी परेको देखिन्छ।

त्यसैगरी पीडितको विवरणको अध्ययनले अधिकाँश पीडितहरू ५ देखि १८ वर्ष उमेर समूहको बालिकाहरू धेरै यौन हिंसाको शिकारमा पर्ने गरेको पाइयो भने पीडक चाँहि १९ वर्ष देखि ३५ वर्ष उमेर समुहको बढी रहेको पाइयो। पीडकको जातजातिको विवरण हेर्दा सबैभन्दा बढी ब्राह्मण/क्षेत्री, दोस्रोमा जनजाति र दलित रहेको छ। त्यसैगरी पीडितको जातजातिको विवरणको विश्लेषण गर्दा अधिकाँश जनजाति समुदायका र द्रोसोमा ब्राह्मण/क्षेत्री र दलित समुदाय पीडित भएको देखिन्छ। जबरजस्ती करणीको प्रवृति हेर्दा सबैभन्दा बढी जबरजस्ती करणी भएको कम मात्र सामूहिक जबरजस्ती करणी भएको पाइयो। कारवाहीको स्थिती अवस्था हेर्दा अधिकाँश उजुरीहरू पुर्पक्षको लागि कारागार चलान सबैभन्दा बढी काठमाण्डौं उपत्यकामा ८६ प्रतिशत र बाँकी १४ प्रतिशत फरार अनुसन्धान जारी रहेको देखिन्छ।

# महिला हिंसा न्यूनीकरण, मानव अधिकारको संरक्षण एवम् सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान"

## गण्डकी प्रदेश

**मा. मोहना अन्सारी, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल**

महिलामाथि हुने हिंसालाई आयोगले सार्वजनिक चासोको विषय लिएर अगाडी बढेको छ। पितृसतात्मक सोचका कारण महिला पछाडी परे, महिलालाई सम्मान सहितको जीवन यापन गर्ने र व्यवसायिक रुपमा अगाडी बढ्ने अधिकार चाहिन्छ। जनसंख्याको ५२ प्रतिशत महिला कुनै न कुनै हिंसाबाट पीडित छन्। हिंसाका घटनामा स्थानीय जनप्रतिनिधिले जबरजस्ती मेलमिलाप गराएको पाइएको हुँदा यस्तो कार्य फौजदारी न्याय विरुद्ध हो। फौजदारी अपराधमा मेलमिलाप नगरौं। द्वन्द्व अघि र शान्ति प्रक्रियापछि पनि महिला हिंसा पीडित भएका छन्। महिला हिंसाको घटनालाई सरलीकृत ढङ्गले नलिई यसलाई पीडितको आवाज सुरक्षित राख्ने ढङ्गले लिनुपर्दछ। न्याय प्राप्तिको लामो र झन्झटिलो प्रक्रियाले पीडितलाई जटिल बनाएको छ, यसलाई छिटो र सरल बनाउँ। न्यून जाहेरी परेको भएपनि प्रहरी प्रतिवेदनबाट समेत मुद्दा चल्दछ भन्ने कुरा प्रमाणित भैसकेको छ। यसलाई आगामी दिनमा कार्यान्वयनमा लैजाउँ। पीडितलाई न्याय पहिलो शर्त हो। अनुसन्धानलाई व्यवस्थित बनाउन प्रदेश स्तरमा विधिविज्ञान प्रयोगशालाको स्थापना गर्नुपर्दछ। संरक्षण र क्षतिपूर्तिको पक्षमा हामी कमजोर रहेका छौं। अदालतमा जब महिला हिंसाको मुद्दा पुग्छ तब पीडितको संरक्षण र क्षतिपूर्तिको लागि पहिले आदेश हुनुपर्दछ। कानून निर्माण गर्दा जनताको बढी भन्दा बढी सहभागिता हुनु पर्दछ तर हाम्रोमा बन्द कोठामा कानून बनाउने र पछि सार्वजनिक गर्ने गलत अभ्यास छ। हिंसा तथा अपराध न्यूनीकरणको लागि नागरिकलाई नै प्रत्यक्ष सहभागी गर्नु पर्दछ। पूरुष हाम्रो संरक्षक हो भन्ने सोचलाई परिवर्तन गरेर सारथीको रुपमा लिनुपर्छ। प्रदेशमा मूख्यमन्त्री मातहतमा महिला हिंसा पीडित सुरक्षा कोष खडा गरिनु पर्दछ। अपाङ्ग मैत्री भौतिक संरचना र पहुचयुक्ततामा जोड साथै दोभासेको पनि व्यवस्था गरी कार्यक्रम गरौं। आयोगको सिफारिस कार्यान्वयन नगरि पुरस्कृत गर्ने गलत व्यवस्था छ। अब महिला असुरक्षित भए भन्ने सन्देश हटाउन पूरुषले तिमी सुरक्षित छौं, म सुरक्षा गर्दछु भन्ने वातावरण बनाउँ।

**मूख्य मन्त्री, पृथ्वी सूब्बा गुरुङ**

संस्कार नबदलिएसम्म हिंसाका घटना घरमै लुक्ने भएकोले अब संस्कार बदल्न आवश्यक छ। प्रजातन्त्र तथा लोकतन्त्र प्राप्तिसँगै हाम्रो संरचना बदलियो, सोच नबदलिए, व्यवस्था बदलियो तर संस्कार नबदलिएको कारण अब कार्यशैली बदल्नु जरुरी छ। कानूनी राज्यमा कुनै पनि पदाधिकारी, कार्यालय प्रमुखलाई स्वविवेकीय अधिकार दिन नहुने। कानूनको अभाव भएमा प्रदेश सरकार आवश्यक कानून बनाउन तयार छ, प्रशासनिक कमी कमजोरी हो भने सुधार गरौं। पीडित तथा असहायलाई न्याय दिलाउने कार्यमा पहुँचको अन्त्य हुनुपर्ने तथा प्रशासनिक एव्म न्यायीक निकायमाथिको राजनीतिक हस्तक्षेप बन्द हुनुपर्ने। मलाई समेत पार्टी कार्यकर्ताले अपराध गरेकोमा मुद्दा नचलाउन र उसलाई कारवाही नगर्नका लागि दवाब आउँछ। अदालतप्रतिको विश्वास आम नागरिकमा बढ्ने किसिमले न्याय निरुपणमा जोड दिनुपर्ने

साथै अदालतलाई विश्वास गर्ने वातावरण बनाउ । प्रहरी प्रतिको दृष्टिकोण सुधार गरौं साथै प्रहरीलाई कहीँ कतैबाट हस्तक्षेप नगरि स्वतन्त्र रुपमा काम गर्ने वातावरण बनाउँ । प्रहरी संगठनमा भएको अत्याधिक राजनीतिकरणका कारण संगठन कमजोर भएको भन्दै प्रहरीलाई आफ्नो क्षमताले काम गर्न दिउँ । साधन स्रोत सम्पन्न बनाउँ । महिला तथा बालबालिकालाई सामाजिक न्याय प्रदान गर्नका लागि बनेको महिला तथा बालबालिका कार्यालय संघबाट खारेज गर्दा हिंसा पीडितले न्याय प्राप्त गर्न कठिन भएकोले अब आन्तरिक संरचनात्मक व्यवस्थामा प्रदेशले महिला तथा बालबालिका कार्यालय स्थापना गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । विभिन्न कार्यका लागि संघले नीति बनाउन आवश्यक भएकोले त्यसैका आधारमा अन्य प्रदेशले कानून बनाउने व्यवस्थालाई कार्यान्व्यन गर्नुपर्ने । महिला तथा बालबालिकालाई समान अधिकार सँगसँगै समान अवसर समेत दिनुपर्ने महिला तथा बालबालिका माथि हुने हिंसाजन्य यस्ता घटना न्यूनीकरणका लागि राज्यले विभिन्न संयन्त्र र नीति बनाई कार्यान्व्यन गर्नुपर्दछ । हिंसा पीडितको संरक्षण, पुनर्स्थापना एव्म उनीहरूको जीवनस्तर सुधारका लागि प्रदेश सरकार, स्थानीय सरकारबाट संरक्षण तथा पुनःस्थापना केन्द्र सञ्चालन गरिनुपर्ने । सबैले महिला हिंसा न्यूनीकरणका लागि आफ्नो दायित्व पुरा गरौं र हिंसा अन्त्य गर्ने प्रतिवद्धता म आफैबाट शुरु गर्दछु ।

**प्रहरी अतिरिक्त महानिरीक्षक पुष्कर कार्की, नेपाल प्रहरी**

प्रहरी कार्यालबाट प्रभावकारी कार्य नभएमा माथिल्लो निकायमा सम्पर्क वा खबर गर्न सक्ने तर प्रहरीले आफ्नो दायित्व बहन गर्नुपर्दछ कुनै पनि बाहना बनाउन पाइदैन । प्रहरी जिम्मेवार र जवाफदेही बन्नु पर्दछ किनकी सबैभन्दा पहिला प्रहरी नै नागरिकसँग पुग्दछ ।

घटनाको निरुपण गर्ने नेपाल प्रहरीको दायित्व भएको र पछि नहटने प्रहरी अनुसन्धान र रिपोर्ट लिने काममा प्रहरी पछाडि हटेको छैन र कहिले हट्ने छैन । पीडित तथा साक्षीको संरक्षणको पाटोमा स्रोत साधन नभएका कारण प्रभावकारी हुन नसकेको अवस्था छ । प्रहरीलाई स्वतन्त्रापूर्वक काम गर्न दिउँ । घरेलु हिंसाका घटनालाई पनि प्रहरीमा उजुरी गर्ने काम गरौं, सामाजिक सचेतना पुऱ्याउँ । आफ्ना बालबच्चाले के गर्दै छन्, निगरानी राखौं, चनाखो बनौं ।

**नागरिक समाज**

महिला हिंसा न्यूनीकरणका लागि प्रहरी मात्र जवाफदेहिताको निकाय नरेहेको त्यसको लागि घर परिवार तथा सम्पूर्ण न्यायीक निकाय जिम्मेवार रहनुपर्ने । महिला तथा बालबालिकाको समस्याको सुनुवाईका लागि हाल गाउँपालिकामा पनि महिला तथा बालबालिका मन्त्रालयको आवश्यकता रहेको हुँदा यस मन्त्रालयलाई पुनःस्थापना गर्नुपर्ने । महिला हिंसा सम्बन्धी जटिल घटना जस्तै जबरजस्ती करणी मुद्दामा धरौटीमा छुट्टाउने, लेनदेन, कारोबार, मिलापत्र गरि मिलाइनुले न्याय प्रति आमजनताको विश्वास घट्दै गएको । प्रहरी निकायमा राजनैतिक दवाबका कारण स्वैच्छिक र स्वतन्त्र रुपमा कार्यसम्पादन गर्न समस्या रहनुको साथै स्रोत र साधनको पनि अभाव रहेको । बढ्दो वैदेशिक रोजगार, सहरीकरण, लागु औषध, सामाजिक सञ्जालका कारणले पनि महिला हिंसा बढ्दै गएको । महिला हिंसामा घरपरिवारकै संलग्नता हुने हुँदा पीडितलाई नै त्यो घटना दबाउनको लागि दवाब दिने गरेको हुँदा पीडितले सहज रुपमा निवेदन दर्ता गर्ने वातावरण नमिलेको । अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने हिंसा सम्बन्धमा प्राथमिकता नरहेको,

न्यायमा पनि पहुँच नहुनु । हाल महिलामा सचेतनाको विकास, सञ्चार माध्यमको विकासले गर्दा महिला हिंसाका घटनाहरू उजागर हुँदै आएको छ । हिंसासँग सम्बन्धित सम्वेदनशील विषयमा सरोकारवाला निकायले गोपनियता कायम गर्न नसकेको । हरेका संस्थामा महिला हिंसासँग सम्बन्धित आचार संहिता तयार गरी राख्नुपर्ने । १८ वर्ष मुनीका बालबालिका आफै भागी विवाह गर्ने, पछि कुरा नमिलेपछि जबरजस्ती करणीमा मुद्दा दायर गर्ने प्रवृत्ति बढ्दै गएको । सामाजिक कु-संस्कार, परम्परा, पितृसत्तात्मक सोचका कारण महिला हिंसामा पर्ने गरेको । विभिन्न मुद्दामा प्रहरी कार्यालय घेराउ गर्ने प्रवृत्तिले काम कारवाहीमा असहज वातावरण सिर्जना भएको । महिला हिंसा नगर्ने प्रतिवद्धता सबैले आजैको दिनबाट शुरु गरौं ।

**आवाज १**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*मिति २०७४ साल आषाढमा आफ्नै दाजुबाट बलात्कारमा परेको, त्यो बेला आफू १४ वर्षको रहेको । बलात्कारपछि गर्भवती भएको थाहा पाएर घर परिवारबाट निकालिदिए । आफ्नो सडकमा बास हुन थालेको । आफ्नो गर्भबाट बच्चा पनि जन्मिएको । बच्चाको जन्म दर्ता कसले र कसरी गरिदिन्छ आफूलाई केही थाहा नभएको । हाल मानसिक उपचार भईरहेको र आमा र बच्चा दुवैलाई स्थानीय संघसंस्थाले आश्रय दिईरहेको । तालिम तथा उपचारको सुविधा सोही संस्थाबाट प्राप्त गरिरहेको ।*

**आवाज २**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*आफ्नै ससुराबाट पटक पटक बलात्कारमा परेको । बलात्कारबाट बच्चा जन्मिएको छ । आफू र बच्चालाई घर तथा समाजबाट निस्कासन गरेको । बलात्कारपछि आफ्नो स्वाश्थ्यमा विचलन आएको। हाल मानसिक अवस्था कमजोर रहेको र औषधी सेवन गरिरहनु परेको छ। बच्चाको जन्मदर्ता गर्न सकेको छैन । स्थानीय संस्थाले आफूलाई सडक बाट उठाएर आश्रय दिईरहेको छ ।*

**आवाज ३**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*आफ्नो सहोदर मामाबाट पटक पटक बलात्कारमा परेको । धेरैपछि घरमा थाहा भयो । आफू गर्भवती भएको रहेछु । महिनावारी बन्द हुन थालेपछि मात्र थाहा पाए । आमा बिरामी भएका कारण बुबाले अस्पताल लिएर जानु भयो । १० महिनापछि बच्चा जन्मियो । घरबाट निकालिदिएका कारण बिचल्लीमा परेकोले स्थानीय संस्थाले आश्रय दिईरहेको ।*

**आवाज ४**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*आफू बलात्कारमा परेको कारण केश दर्तामा ठूलो संघर्ष गर्नु परेको । प्रहरी प्रशासनबाट सहयोगको बदलामा पटक-पटक दुर्व्यवहार खेप्नु परेको । बलात्कारबाट बच्चा जन्मिएको छ। बच्चाको जन्मदर्ता कसैले गरिदिएन। म बलात्कारमा परेको थाहा पाएर मलाइ बेचविखन समेत गर्न लागेको थियो तर मैले थाहा पाएर बेचिईनबाट जोगिन सफल भए। कहीँ कतैबाट न्याय प्राप्त गर्न सकिन। सारै नै ठूलो अन्याय भयो मलाई। बच्चा दिन प्रतिदिन बढिरहेको छ। पालन पोषण कसरी गर्ने काहाँ बस्ने बच्चालाई नागरिकता कसरी दिलाउने भन्ने कुराले रातदिन पिरोल्छ। म जस्तो हिंसामा कोही महिला नपरुन् ।*

**गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा दर्ता भएको उजुरीको विवरण**

चार्ट नं. १३: जिल्लागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

गण्डकी प्रदेश अन्तर्गतका ११ वटा जिल्लाहरू मध्ये जबरजस्ती करणीका उजुरीहरूको विवरणको आधारमा अध्ययन गर्दा ९ वटा जिल्लामा मात्र उजुरी रहेको देखिन्छ, सबैभन्दा बढी कास्की जिल्लामा २९ प्रतिशत रहेको छ। त्यसैगरी पूर्व नवलपरासी र पर्वत जिल्लामा क्रमश १२, १२ प्रतिशत रहेको छ। बाग्लुङ्ग र तनहुँ जिल्लामा क्रमश १०, १० प्रतिशत रहेको छ। त्यसैगरी स्याङ्जा र गोर्खा जिल्लामा क्रमश ९,९ प्रतिशत,म्याग्दी जिल्लामा ५ प्रतिशत र सबैभन्दा कम लम्जुङ्ग जिल्लामा ४ प्रतिशत रहेको छ भने बाँकी दुई मनाङ र मुस्ताङ्ग जिल्लामा उजुरी दर्ता नभएको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं. १४ः महिनागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरूमा जबरजस्ती करणीका उजुरीहरूको विवरणको आधारमा उजुरी दर्ता महिना अध्ययनले भाद्र महिनामा २० प्रतिशत, असोज महिनामा १७ प्रतिशत, साउन महिनामा १५ प्रतिशत, कार्तिक र मंसिर महिनामा क्रमश १३ र १२ प्रतिशत, पौष महिनामा ११ प्रतिशत रहेको छ भने अन्य महिनाहरूमा ३ प्रतिशतभन्दा कम उजुरी दर्ता भएको माथिको तथ्याङ्कले देखाएको छ।

टेबल नं. ८ : पीडित र पीडकको उमेर/ जातीय समुदाय

| पीडकको उमेर | | | पीडकको जातीय समुदाय | | | पीडितको उमेर | | | पीडितको जातीय समुदाय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत | उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत |
| १२-१८ | १२ | १२% | बाहुन/क्षेत्री | २८ | २९% | २-१८ | ६२ | ६९% | बाहुन/क्षेत्री | २६ | २९% |
| १९-३५ | ५४ | ५५% | दलित | २६ | २६% | १९-३५ | १८ | २०% | दलित | २२ | २४% |
| ३५-५० | १५ | १५% | मुस्लिम | ४ | ४% | ३५-५० | ५ | ६% | जनजाति | ४० | ४५% |
| ५१-७५ | १७ | १८% | मधेसी | १ | १% | ५१-७५ | ५ | ५% | मुस्लिम | १ | १% |
| जम्मा | ९८ | १००% | जनजाति | ३९ | ४०% | जम्मा | ९० | १००% | मधेसी | १ | १% |
| | | | जम्मा | ९८ | १००% | | | | जम्मा | ९० | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

गण्डकी अन्तर्गतका जिल्लाहरूमा जबरजस्ती करणीका उजुरीहरूको विवरणको आधारमा पीडकको उमेर १९ देखि ३५ उमेर समूहका सबैभन्दा बढी ५५ प्रतिशत, ५१ देखि ७५ वर्ष उमेर समूहको १८ प्रतिशत रहेको छ। त्यसैगरी ३५ देखि ५० वर्ष उमेर समूहका १५ प्रतिशत र १२ देखि १८ वर्ष उमेर समूहको बाँकी १२ प्रतिशत भएको माथिको टेबलले देखाएको छ। त्यसैगरी पीडितको उमेर समूहको अध्ययन गर्दा २ देखि १८ वर्ष उमेर समूहका सबैभन्दा बढी पीडित ६९ प्रतिशत, १९ देखि ३५ वर्ष उमेर समूहका २० प्रतिशत, ३५ देखि ५० वर्ष उमेर समूहका ६ प्रतिशत र ५१ देखि ७५ वर्ष उमेर समूहका ५ प्रतिशत भएकोमाथिको टेबलले देखाएको छ।

गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरूमा जबरजस्ती करणीका उजुरीहरूको विवरणको आधारमा पीडकको

जातीय समुदायको अध्ययनले जनजाति ४० प्रतिशत, ब्राह्मण/क्षेत्री २९ प्रतिशत, दलित २६ प्रतिशत, मुस्लिम ४ प्रतिशत, अन्य बाँकी १ प्रतिशत मधेशी रहेको माथिको टेबलले देखाएको छ। पीडितको जातीय समुदाय अध्ययन गर्दा जनजाति ४५ प्रतिशत, ब्राह्मण /क्षेत्री २९ प्रतिशत, दलित २४ प्रतिशत र अन्य २ प्रतिशत रहेको माथिको टेबलले देखाएको छ।

टेबल नं. ९ : घटना स्थल/ घटनाको विषय

| घटना स्थल | | |
|---|---|---|
| **स्थल** | **संख्या** | **प्रतिशत** |
| घर कोठामा | ६३ | ७०% |
| खेतबारी र जंगल | १८ | २०% |
| सार्वजनिक स्थल (होटल, मन्दिर, विद्यालय आदि) | ९ | १०% |
| जम्मा | ९० | १००% |
| **घटना विषय** | | |
| **घटना विषय** | **संख्या** | **प्रतिशत** |
| जबरजस्ती करणी | ८५ | ९४% |
| सामूहिक जबरजस्ती करणी | ५ | ६% |
| जम्मा | ९० | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

गण्डकी प्रदेशको जबरजस्ती करणीको उजुरीको विवरणको आधारमा घटना भएको स्थलको अध्ययनले अधिकाँश घरको कोठा ७० प्रतिशत, बाहिर बारी, जंगलमा २० प्रतिशत र अन्य बाँकी  सार्वजनिक स्थल (होटल, मन्दिर, विद्यालय आदिमा) १० प्रतिशत भएका माथिको तथ्याङ्कले देखाएको छ। प्रदेश नं. ४ को जबरजस्ती करणीको घटना अध्ययनले जबरजस्ती करणी भएको ९४ प्रतिशत, सामूहिक जबरजस्ती गरेको ६ प्रतिशत भएको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं. १५: कारवाहीको स्थिती




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

जबरजस्ती करणी पीडकलाई कारवाहीको स्थिती अध्ययनले पुर्पक्षको लागि कारागार चलान भएको ५८ प्रतिशत, अनुसन्धान जारी रहेको १९ प्रतिशत, फरार अनुसन्धान जारी १० प्रतिशत, बाल सुधार गृह पठाएको ७ प्रतिशत रहेको छ भने धरौटीमा छुटेको ३ प्रतिशत, अन्य साधारण तारेखमा छुटेको, आफन्तको

जिम्मा र कैद सजाय र जरिमान भराएको क्रमश १, १ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ।

**मूख्य तथ्यहरू**

प्रदेश नं. ४ गण्डकी प्रदेश अन्तर्गतका ११ वटा जिल्लाहरू मध्ये जबरजस्ती करणीका उजुरीहरूको विवरणको आधारमा अध्ययन गर्दा ९ वटा जिल्लामा मात्र उजुरी रहेको देखिन्छ, सबैभन्दा बढी कास्की जिल्लामा र कुनै पनि उजुरी नभएको मनाङ्ग र मुस्ताङ्ग जिल्लामा रहेको देखिन्छ। उजुरी दर्ता भएको विवरण अध्ययन गर्दा सबैभन्दा बढी भाद्र महिनामा उजुरी दर्ता भएको छ। त्यसैगरी पीडितको विवरणको अध्ययनले अधिकाँश पीडितहरू २ देखि १८ वर्ष उमेर समूहको बालिकाहरू धेरै यौन हिंसाको शिकारमा पर्ने गरेको पाइयो भने पीडक चाँहि १९ वर्षदेखि ३५ वर्ष उमेर समुहको बढी रहेको पाइयो। पीडकको जातजातिको विवरण हेर्दा सबैभन्दा बढी जनजाति, ब्राह्मण/क्षेत्री र दलित रहेको छ। त्यसैगरी पीडितको जातजातिको विवरणको विश्लेषण गर्दा अधिकाँश जनजाति समुदायका र द्वोसोमा ब्राह्मण/क्षेत्री र दलित समुदाय पीडित भएको देखिन्छ। जबरजस्ती करणीको प्रवृति हेर्दा सबैभन्दा बढी जबरजस्ती करणी भएको कम मात्र सामूहिक जबरजस्ती करणी भएको पाइयो। कारवाहीको स्थिती अवस्था हेर्दा अधिकाँश उजुरीहरू पुर्पक्षको लागि कारागार चलान भएको र अन्य अनुसन्धान जारी र फरार रहेको देखिन्छ।

# महिला हिंसा न्यूनीकरण, मानव अधिकारको संरक्षण एवम् सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान"

## प्रदेश नं. ५

### माननीय मोहना अन्सारी, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

कुनै पनि किसिमको हिंसा संविधानले वर्जित गरेकाले कानूनको कार्यान्वयनमा सरकार गम्भिर बन्नुपर्दछ। आयोगले गरेको सिफारिस जबसम्म कार्यान्वयन हुँदैनन् तबसम्म न्याय स्थापित नहुने साथै न्याय कमजोर हुँदा राज्य पनि कमजोर हुन्छ। प्रदेश सरकारले पीडितका लागि निर्दिष्ट योजनाकोतय र रोजगारी सिर्जना गर्नु अपरिहार्य रहन्छ।

### माननीय शंकर पोखरेल, मूख्य मन्त्री

अधिकार प्राप्तीका लागि सयौं आन्दोलन भएको भन्दैं मूख्य मन्त्री पोखरेलले व्यवहारिकतामा सामाजिक परिवर्तनको लागि अबको कार्य उन्मुख हुनुपर्दछ। महिलालाई हेर्ने सामाजिक दुष्टिकोण र संस्कारमा परिवर्तन गर्न नसक्दासम्म महिला हिंसा अन्त्य गर्न नसकिएको हो। हिंसा अन्त्यका लागि समाज, मानवअधिकारका पैरवी गर्ने संस्थाहरू, सरकार पक्षबाट प्रहरी संगठन र न्यायीक क्षेत्र गरी राज्यका ४ वटा कम्पोनेन्टलाई सँग-सँगै लैजानु आजको आवश्यकता हो।

### माननीय कुल प्रसाद केसी, आन्तरिक मामिला तथा कानून मन्त्री

मानव अधिकार मौलिक अधिकारको रुपमा रहेको र सुरक्षा निकायले तहगत जिम्मेवारीलाई व्यवस्थित ढंगले निर्वाह गर्नुपर्दछ। जनशक्ति अभावको कारण प्रहरी प्रशासन र अन्य निकायहरूले समयमा नै कुनै पनि घटनाको सहज रुपमा कार्य सम्पादन गर्न कठिनाई भएको छ। प्रदेश सरकारले समस्या केन्द्रित भई कार्य गर्ने कार्ययोजना बनाएको छ। सुरक्षा निकाय, स्थानीय तह, जिल्ला र प्रदेश मानव अधिकार आयोगको संरचनागत कार्य कुशलताले नै मानव अधिकारका घटना उल्लंघन रोक्न सकिन्छ।

### माननीय सुदर्शन बराल, सामाजिक विकास मन्त्री

सामाजिक मूल्य मान्यता, धर्म र संस्कारका कारण समाज महिलामैत्री बन्न नसकेता पनि विगतका दिनहरूमा जस्तो अब नरहेको हुनाले महिलाहरूलाई विकासको मुल प्रवाहमा ल्याउन सरकारले पनि योजना निर्माण गरी कार्य अगाडि बढाईरहेको छ।

### श्री एकराज वि.क, प्रमुख, जिल्ला समन्वय समिति, रुपन्देह

प्रदेश नं. ५ मा महिला हिंसाले महिलाको बाँच्न पाउने अधिकारको हनून गरेको छ। महिला साक्षरता, जनचेतनाको कमी महिलालाई हेर्ने दृष्टिकोण पुरानै भएकोले महिलाहरू अझै पनि घर भित्रकै काममा सिमित र बाहिर आउन नसकेको अवस्था छ। परापूर्वकालदेखि नै नेपाली समुदायमा महिला माथि विभिन्न हिंसा हुनेगरेको र अहिलेको अवस्थामा आईपुग्दा समेत हिंसाका घटना बाहिर आउन नसकेको अवस्था छ। महिला हिंसा सम्बन्धित घटनाहरू घरैबाट शुरु हने गरेको र पीडित आमा, दिदि, बहिनी, श्रीमती, छोरी,

बुहारी हुने गरेको जस कारणले गर्दा घर महिलाको लागि सुरक्षित स्थान हुन नसकेता पनि महिला सँग अन्य कुनै विकल्प नभएको अवस्थामा एउटै छाना मुनि अपराधी सँगै बस्नुपर्ने बाध्यता रहेको छ।

**पुस्कर कार्की, प्रहरी अतिरिक्त महानिरिक्षक, नेपाल प्रहरी**

राज्यको कानून कार्यान्वयनमा नेपाल प्रहरी जहिले पनि सजग रहेको छ। उहाँले हामी सेवा गर्छौं, हामी रक्षा गर्छौं भन्ने मुल मन्त्रका साथ नेपाल प्रहरीले कार्य अगाडी बढाएको तथा हिंसा घट्ने अपेक्षा राखिएको छ। नेपाल प्रहरी मानव अधिकार संरक्षण एवम् सुरक्षाका सवालमा प्रतिवद्ध रहेको तथा राजनैतिक दवाबका कारण स्वेच्छिक र स्वतन्त्र रुपमा कार्यसम्पादन गर्न समस्या रहनुको साथै स्रोत र साधनको पनि अभाव रहेको छ। हिंसाको उजूरी बढ्दो अवस्थामा छ। हिंसाको घटना धेरैजसो चिनेजानेको मान्छेबाट भएको पाईएको छ। हाल हिंसा पीडितहरूमा उजुरी गर्नुपर्छ भन्ने सामाजिक सचेतना बढ्दै गईरहेको छ।

**उमा काफ्ले, उप-मेयर, सिद्धार्थनगर नगरपालिका, भैरहवा**

धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन, पितृसत्तात्मक समाज आदि कारणले महिला माथि हिंसा भईरहेको अवस्था छ। नेपाल सरकारले महिला अधिकारका लागि काम गर्दै आए पनि महिला र बालिका लक्षित यौन महिला माथि हुने हिंसा, दुर्व्यवहार, हत्या, बलात्कार जस्ता घटना दिनहुँ जस्तो घर, परिवार, गाउँ, समाजमा भईरहेका छन् । महिला माथि गालीग्लौज, दुर्व्यवहार, कुटपिट, यातना, मानव बेचविखन, जबरजस्ती करणी, वैवाहिक बलात्कार, सुत्केरी हुँदा खान नदिने, घरबाट निकाल्ने तथा हत्या, बोक्सीको आरोपमा यातना, दुःख दिने, गाउँ निकाला र बहिष्कार गर्ने जस्ता कार्य महिला माथि भईरहेको पाईएको छ । महिलाको विकासको अवरोध महिलाउपर हुने दमन र हिंसा पनि हो जो परिवारका सदस्यले गर्ने गरेको हुन्छ। महिलाले परिवार भित्र नै अपमानजनक व्यवहार सहनुपरेको र पूरुष परिवारको मूली हुने र महिलाप्रती दोस्रो दर्जाको नागरिकको व्यवहार पनि हुने गरेको अवस्था छ। घरेलु हिंसा, बलात्कार जस्ता गम्भिर मानव अधिकार उल्लंघनका घटनामा अपराधीले सजिलै उन्मुक्ति पाएको अवस्था भएको हुँदा दण्डहिनतालाई थप प्रश्रय दिएको छ। महिला माथि हुने हिंसामा अपराधीलाई कुनै पनि अवस्थामा उन्मुक्ति नदिई कानूनको दायरामा ल्याउनु अति आवश्यक रहेको छ।

**नागरिक समाज**

रुपन्देही जिल्लामा महिला हिंसाका थुप्रै समस्या छन् । बलात्कार जस्ता गम्भीर मानव अधिकार उल्लंघनका घटनामा पनि मिलापत्र हुने गरेको हुँदा कानूनी सचेतना कार्यक्रमको साथै स्थानीय तह तथा प्रहरी प्रशासनलाई जिम्मेवार बनाउनु पर्ने आवश्यकता रहेको छ। के कति घटना भएको हो सो को यकिन तथ्याङ्कको अभाव रहेको छ। हिंसा रोकथामका लागि जिल्लामा कार्य गर्ने धेरै संस्था रहेका छन् तर सहकार्य र समन्वयको अभाव रहेको छ। पूरुषको अभिभावकत्व हरहमेसा महिलालाई दिन सके हिंसाका घटनामा कमी आउन सक्ने भन्ने मानसिकताबाट अझै पनि समाज गुज्रिरहेको छ जसलाई परिवर्तन गर्न जरुरी छ। महिलाले आधुनिक पोशाक लगाउनु नै बलात्कार निम्त्याउनु हो भन्ने पूरुषवादी सोच समाजमा हाबी रहेको पाईएको छ। यसैबाट समाजको चेतनाको स्तर के कति छ भन्ने थाहा हुन्छ। तसर्थ आगामी कार्यक्रमहरू सचेतना तर्फ लक्षित हुन आवश्यक छ।

**आवाज १**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*(नाम परिवर्तित) सिर्जना : म पटक-पटक बलात्कारको शिकार भएको महिला हुँ। मलाई मेरो टोलकै एकजना मानिसले राति ८ बजेको समयमा घरबाट झण्डै १ कि.मि. भन्दा पर जंगल र खोलाको किनारामा लगेर हात बाँधेर पटक-पटक बलात्कार गरेको थियो। बलात्कारको घटनापछि मलाई घरपरिवार र समाजले तिरस्कृत गरेका छन्। मलाई समाजमा खुलेर जीवनयापन गर्न नपाएको अवस्था छ। मलाइ जीवन यापन गर्न निकै कठिन भएको छ। मेरो आमा बुवाको आर्थिक अवस्था राम्रो नभएकै कारण मेरो पढाई पनि धेरै हुन सकेन। प्राविधिक शिक्षाको ज्ञान हुने कुरै भएन। समाजको नकरात्मक सोचाई र प्रवृतिका कारण घर परिवारबाट राम्रो सहयोग पाइरहेकी छैन। मुद्दा मिलाउनको लागि पीडकहरूले पटक-पटक म सहित परिवारलाई डर धाकधम्की र ज्यानै मार्नेसम्मको वातावरण सिर्जना गर्दै आएको र घटनाबारे गाउँघरमा हो हल्ला गरी बदनाम गर्दै हिडेका छन्। यसकारण मलाई समाजमा पुनर्स्थापना हुन मुस्किल भएको छ।*

**आवाज २**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका वार्ड नं.६ की १४ वर्षीय बालिकालाई पाल्पा तानसेन नं.पा.५ का ४५ वर्षका पूरुषले बलात्कार गरेको। मामा घर गएर आमासँगै घर फर्कने क्रममा मोटरसाईकलमा आएका मियाले बालिकालाई घर पुऱ्याइ दिने भन्दै आमाको सहमतीमा मोटरसाईकलमै लिएर आएपछि बाटोमा पैसा दिने प्रलोभन देखाएर बलात्कार गरिएको हो। हाल मुद्दा जिल्ला प्रहरी कार्यालयमा विचाराधिन रहेको छ । पीडित डर र त्रासले ग्रसित मानसिकतामा बस्नु परेको छ। न्याय पाउने कुरामा आशावादी रहेको।*

**प्रदेश नं. ५ अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा दर्ता भएको उजुरीको विवरण**

चार्ट नं. १६: जिल्लागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ५ अन्तर्गतका १२ वटा जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा अध्ययन गर्दा रुपन्देही जिल्लामा सबैभन्दा बढी १९ प्रतिशत, बाँके जिल्लामा १८ प्रतिशत, दाङ्ग जिल्लामा १४ प्रतिशत, नवलपरासी जिल्लामा ९ प्रतिशत, प्यूठान र कपिलवस्तु जिल्लाको क्रमश ८, ८ प्रतिशत रहेको छ। त्यसैगरी पाल्पामा ७ प्रतिशत र अन्य बाँकी जिल्लाहरूमा न्यून ३ प्रतिशत दर भन्दा कम रहेको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं. १७: महिनागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ५ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा अध्ययन उजुरी दर्ताको महिनाको अध्ययन गर्दा सबैभन्दा बढी साउन महिनामा २० प्रतिशत, भाद्र र असोज महिनामा क्रमश १८, १८ प्रतिशत रहेको छ। त्यसैगरी कार्तिक र पौष महिनामा क्रमश १५, १५ प्रतिशत, मंसिर महिनामा ११ प्रतिशत र अन्य महिनामा २ प्रतिशत भन्दा कम रहेका तथ्याङ्कले देखाएको छ।

टेबल नं. १० : पीडित र पीडकको उमेर/ जातीय समुदाय

| पीडकको उमेर | | | पीडकको जातीय समुदाय | | | पीडितको उमेर | | | पीडितको जातीय समुदाय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत | उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत |
| १३-१८ | १४ | ८% | ब्राह्मण /क्षेत्री | ३० | १६% | ३-१८ | ३२ | २१% | ब्राह्मण /क्षेत्री | ११ | ६% |
| १९-३५ | ४६ | २६% | दलित | ३४ | १८% | १९-३५ | १५ | ८% | दलित | २२ | १२% |
| ३६-५० | ११ | ६% | मधेसी | ३६ | १९% | ३६-५० | ९ | ५% | मुस्लिम | २ | १% |
| ५१-७१ | ९ | ५% | मुस्लिम | १० | ५% | ५१-८८ | ३ | २% | मधेसी | ४ | २% |
| नखुलेको | १०८ | ६०% | जनजाती | ३७ | २०% | नखुलेको | ११६ | ६४% | नखुलेको | १२६ | ७०% |
| जम्मा | १८८ | १००% | नखुलेको | ४१ | २२% | जम्मा | १८० | १००% | जनजाती | १५ | ९% |
| | | | जम्मा | १८८ | १००% | | | | जम्मा | १८० | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ५ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा गरेको अध्ययनले पीडकको उमेर समूह हेर्दा अधिकाँश नखुलेको ६० प्रतिशत, १९ देखि ३५ वर्ष उमेर समूहको २६

प्रतिशत र १३देखि १८ वर्ष उमेर समूहको ८ प्रतिशत, ३६ देखि ५० वर्ष उमेर समूहको ६ प्रतिशत र ५१ देखि ७१ वर्ष उमेर समूहको सबैभन्दा कम ५ प्रतिशत भएकोमाथिको तथ्यांकले देखाएको छ । त्यसैगरी पीडितको उमेर समूह अध्ययन गर्दा अधिकाँश नखुलेको ६४ प्रतिशत, ३ देखि १८ वर्ष उमेर समूहको २१ प्रतिशत, १९ देखि ३५ वर्ष उमेर समूहको ८ प्रतिशत, ३६ देखि ५० वर्ष उमेर समूहको ५ प्रतिशत र बाँकी ५१ देखि ८८ उमेर समूहको २ प्रतिशत भन्दा कम भएको माथिको तथ्यांकले देखाएको छ।

प्रदेश नं. ५ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा पीडकको जातीय समुदाय अध्ययन गर्दा अधिकाँश नखुलेको २२ प्रतिशत, जनजाति २० प्रतिशत, मधेशी १९ प्रतिशत, दलित १८ प्रतिशत, ब्राह्मण/क्षेत्री १६ प्रतिशत र मुस्लिम ५ प्रतिशत भएको माथिको तथ्यांकले देखाएको छ। त्यसैगरी पीडितको जातीय समुदायको अध्ययनले अधिकाँश नखुलेको ७० प्रतिशत, दलित १२ प्रतिशत, जनजाति ९ प्रतिशत, ब्राह्मण/क्षेत्री ६ प्रतिशत, मधेशी २ प्रतिशत र मुस्लिम १ प्रतिशत रहेको माथिको तथ्यांकले देखाएको छ ।

टेबल नं. ११ :घटना स्थल र घटनाको विषय

| घटना स्थल | | |
|---|---|---|
| **स्थल** | **संख्या** | **प्रतिशत** |
| पीडितको घर | २४ | १३% |
| पीडकको घर | १४ | ८% |
| खेतबारी/जंगल | ३५ | १९% |
| नखुलेको | ९१ | ५१% |
| सार्वजनिक स्थलमा (होटल, मन्दिर, विद्यालय आदि) | १६ | ९% |
| जम्मा | १८० | १००% |
| **घटना विषय** | | |
| **घटना विषय** | **संख्या** | **प्रतिशत** |
| जबरजस्ती करणी | १६९ | ९४% |
| सामूहिक जबरजस्ती करणी | ७ | ४ |
| अपहरण शरीर बन्धक र जबरजस्ती करणी | ४ | २ |
| जम्मा | १८० | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ५ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा पीडितको घटना स्थल अध्ययन गर्दा नखुलेको ९१ प्रतिशत, खेतबारी जंगलमा ३५ प्रतिशत, पीडितको घरमा २४ प्रतिशत, सार्वजनिक स्थलमा १६ प्रतिशत र पीडकको घरमा १४ प्रतिशत रहेको माथिको तथ्यांकले देखाएको छ ।

प्रदेश नं. ५ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा अध्ययन गर्दा जबरजस्ती करणी भएको ९४ प्रतिशत र सामुहिक जबरजस्ती करणी ४ प्रतिशत र बाँकी अपहरण शरीर बन्धक र जबरजस्ती करणी गरेको २ प्रतिशत भएको माथिको तथ्यांकले देखाएको छ।

टेबल नं.१२ : कारवाहीको स्थिती

| कारवाहीको स्थिती | | |
|---|---|---|
| **कारवाहीको स्थिती** | **संख्या** | **प्रतिशत** |
| बाल सुधार गृह पठाएको | १० | ५% |
| फरार, अ.अ.जारी | २८ | १५% |
| धरौटीमा छुटेका | ४ | २% |
| साधारण तारेखमा छुटेको | ७ | ४% |
| अ.अ.जारी | २ | १% |
| नखुलेको | ६ | ३% |
| पुर्पक्षको लागि कारागार | १२५ | ६७% |
| संरक्षकको जिम्मा जमानीमा छाडीएको | ६ | ३% |
| जम्मा | १८८ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ५ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा जबरजस्ती करणीको उजुरीको कारवाहीको स्थितीको अध्ययन गर्दा सबैभन्दा बढी पुर्पक्षका लागि कारागार चलान गरेको ६७ प्रतिशत, फरार अनुसन्धान जारी १५ प्रतिशत र बाल सुधार गृहमा पठाएको ५ प्रतिशत, साधारण तारेखमा छुटेको ४ प्रतिशत, त्यसैगरी धरौटीमा छुटेको २ प्रतिशत र अन्य संरक्षकको जिम्मा जमानीमा छाडिएको ३ प्रतिशत छ भने नखुलेको बाँकी ३ प्रतिशत भएको माथिको तथ्यांकले देखाएको छ।

**मूख्य तथ्यहरू**

प्रदेश नं. ५ अन्तर्गतका १२ वटा जिल्लाहरू मध्ये जबरजस्ती करणीका उजुरीहरूको विवरणको आधारमा अध्ययन गर्दा सबैभन्दा बढी रुपन्देही र बाँके जिल्लामा र सबैभन्दा कम अर्घाखाची जिल्लामा रहेको देखिन्छ। उजुरी दर्ता भएको विवरण अध्ययन गर्दा सबैभन्दा बढी भाद्र महिनामा उजुरी दर्ता भएको छ। त्यसैगरी पीडितको विवरणको अध्ययनले अधिकाँश पीडितहरू ३ देखि १८ वर्ष उमेर समूहको बालिकाहरू धेरै यौन हिंसाको शिकारमा पर्ने गरेको पाइयो भने पीडक चाँही १९ वर्षदेखि ३५ वर्ष उमेर समुहको बढी रहेको पाइयो। पीडकको जातजातिको विवरण हेर्दा सबैभन्दा बढी जनजाति र मधेसी रहेको छ। त्यसैगरी पीडितको जातजातिको विवरणको विश्लेषण गर्दा अधिकाँश दलित र जनजाति समुदायको पीडित भएको देखिन्छ। जबरजस्ती करणीको प्रवृति हेर्दा सबैभन्दा बढी जबरजस्ती करणी भएको कम मात्र सामूहिक जबरजस्ती करणी भएको पाइयो। कारवाहीको स्थिती अवस्था हेर्दा अधिकाँश उजुरीहरू पुर्पक्षको लागि कारागार चलान भएको र अन्य अनुसन्धान जारी र फरार रहेको देखिन्छ। नेपाल प्रहरीको तथ्याङ्क विवरणमा अधिकाँश नखुलेको पाइएकाले जे-जस्तो प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरिएको हो।

# महिला हिंसा न्यूनीकरण, मानव अधिकारको संरक्षण एवम् सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान"

## कर्णाली प्रदेश

**माननीय मोहना अन्सारी**

नेपालको संविधानले सबै प्रकारका भेद्भावहरूको अन्त्यको व्यवस्था गरेको छ। महिला हिंसा न्यूनीकरणको लागि हामीहरू सबैले आ-आफ्नो जवाफदेहीता निर्वाह गरेको अवस्थामा मात्र महिला हिंसाको न्यूनीकरण सम्भव छ । महिला हिंसा, कुनै पनि अपराधको विषयमा सदैव सचेत रही शून्य सहनशीलताको नीति अपनाउन जरुरी छ । मानव अधिकार आयोगले ७० भन्दा जिल्लामा गरिएको अध्ययन पश्चात् प्राप्त भएको निचोडलाई विश्लेषण गर्दा महिला हिंसा र बालबालिकाको अवस्था विकराल देखिए पश्चात यस किसिममको अभियान आयोजना गर्ने निर्णय गरेको हो । हिंसा हाम्रो घरबाट नै शुरु हुन्छ, तसर्थ हामीले हाम्रो घरबाट नै हिंसा अन्त्य गर्नु पर्दछ । कुनै पनि हिंसाको घटनाको अनुसन्धानमा प्रहरीले तदारुकता देखाउनु पर्दछ। महिला हिंसा एवम् अपराधजन्य कार्यको नियन्त्रणका लागि नेपाल प्रहरीको अहम भूमिका रहने भएकाले अपराध नियन्त्रणका लागि प्रहरी संवेदनशील हुनुपर्दछ।

**प्रहरी नायब महानिरिक्षक महेश विक्रम शाह**

महिला विरुद्धका घटनाका सम्बन्धमा राज्य गम्भीर हुनु पर्दछ। अपराधको मात्रा बढेको छ तर अपराधको तुलनामा प्रहरीको संख्यामा वृद्धि गर्नु पर्दछ। नेपाल प्रहरीमा महिला प्रहरीको संख्या निकै कम भएकोले महिला हिंसाका घटनाहरूमा अनुसन्धान गर्न कठिनाई भएको छ । महिला प्रहरीको संख्या वृद्धि गर्न समाजिक रुपमानै चेतनाको विकास गर्नुपर्दछ। महिलाहरू पनि प्रहरीमा काम गर्न योग्य हुनुहुन्छ भन्ने कुरा व्यवहारिक रुपमानै देखिएको छ। प्रदेश प्रहरीले प्रदेश स्थित् जिल्लाको शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त राख्नु पर्दछ। राजनीतीकरण हामी बाटनै भएको हो। न्यूनीकरण हुन आवश्यक छ। नेपाल संघीय प्रणालीमा आई सकेको छ। नेपालमा प्रहरी संगठनको दायित्व अनुसन्धान गर्नु हो। प्रहरी जनताका लागि हो त्यसैले प्रहरीले जनताका आवाज सुनिदिनु पर्दछ । जनताले प्रहरीलाई अनुसन्धान गर्ने वातावरण मिलाई दिनु पर्दछ । प्रहरी कर्मचारीहरूले बफादार भएर अनुसन्धान गर्नुपर्दछ । अनुसन्धाननै अपराधी पत्तालगाउने महत्वपूर्ण माध्यम हो। सुधार तपाई हामी बाटनै गर्नु पर्दछ।

**प्रमुख जिल्ला अधिकारी** (सुर्खेत, दैलेख, जाजरकोट, कालीकोट, हुम्ला, मुगु, जुम्ला, डोल्पा, सल्यान, रुकुम (पश्चिम भाग), बर्दीया, बाँके, दाङ्ग, प्यूठान, रोल्पा, रुकुम (पूर्वी भाग)

समाजमा सदिऔँदेखि चलिआएको पुरातन सोचका कारण हिंसाका घटनाहरू बढेका छन्। महिला माथि हुने बलात्कारका घटनामा प्रहरी संयन्त्र माथि आम नागरिकको विश्वासको वातावरण रहेको पाईएन। प्रहरीलाई कसैको पनि दवाबमा नपरी निष्पक्ष रुपमा प्रभावकारी तरीकाले अनुसन्धान गर्न दिनु पर्दछ। यहाँ प्रहरीले जाहेरी नलेखिदिएको कुरा आएको छ । केही समय प्रहरी आफैले जाहेरी लेखि दिएको थियो त्यसमा धेरै विवाद आयो। प्रहरीले जाहेरीमा के-के लेख्यो मलाई थाहा भएन भन्ने कुराले प्रहरी

कर्मचारीहरू विवादमा तानिएपछि प्रहरीले आफै लेख्न छाड्यो र लेखेर ल्याउन भन्न थालेको हो। प्रहरी कार्यालयहरूमा निवेदन लेख्नको लागि सहयोगीहरूको व्यवस्था गरेको छ।

**माननीय मूख्य मन्त्री, महेन्द्र बहादुर शाही**

राष्ट्रिय मानव अधिकार आयोगले महिला हिंसाको क्षेत्रमा महत्वपूर्ण कार्य गर्दै आएको र कर्णाली प्रदेशमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका अत्यावश्यक छ। आयोग, नेपाल प्रहरी, प्रशासन, अदालत सबै यसका लागि proactive हुनुपर्दछ। यस्ता अपराध बढ्नुमा समाजमा रहेको अन्तरविरोध मूख्य कारण हो र यसको कारण खोज्ने पत्ता लगाउने र समाधान गर्ने कुरामा हामी सबै अगाडी बढ्नुपर्छ। सैद्धान्तिक छलफल मात्र नभएर यसमा लागि सकारात्क सोच र मानवतावाद आवश्यक हुन्छ। नेपाल भूमीबाट विकास भएको शान्ती विश्वले मानेका छन् र हिंसाको न्यूनीकरण गरी शान्तिको परिचय दिनु पर्छ। राज्य व्यवस्था परिवर्तन हुँदा हिंसा भएको र अर्को तिर जातीय, क्षेत्रीय, धार्मिक लगायतका विषयले पनि हिंसामा वृद्धि गरेको छ। हिंसाबाट मानव समाजलाई बचाउनु पर्छ र हिंसाबाट बचाउन शिक्षाको व्यवहारिक प्रयोगको आवश्यता देखिन्छ। खानाको व्याख्या गर्ने तर खान पकाउन नसक्ने शिक्षाको कुनै अर्थ रहदैन तसर्थ शिक्षाका साथै संस्कार पनि सिकाउनु आवश्यक छ। ठाउँ-ठाउँमा परामर्श केन्द्रको व्यवस्था गरी संस्कारमा परिवर्तन ल्याउन आवश्यक छ। घर चलाउनको लागि रक्सी बेच्नु आवश्यक छैन। मदिरा निषेधित क्षेत्रहरूमा महिला हिंसामा कमी आएको छ। महिला हिंसा न्यूनीकरण गर्ने कुरामा आफू सदैव क्रियाशिल रहनु आवश्यक छ।

**नागरिक समाज**

घटनाको सम्बन्धमा पीडितको बयान लिने क्रममा नै समस्या देखिएको छ। फौजदारी मुद्दा त्यसमा पनि महिला सँग सम्बन्धित विषय अत्यन्तै गम्भिर हुन्छ। सम्भव भएसम्मका मुद्दामा पुनरावेदन गर्न सकिने प्रावधान पनि छ। हाल हिंसाका घटना बढेको, घटनाको दर्ता दर बढेको र उजुरी गर्नेको संख्यामा वृद्धि भएको छ। सुदुर पश्चिमका १० जिल्लाहरूमा मदिरा निषेधित क्षेत्र घोषणा गरेबाट राजश्वमा कमी आएतापनि महिला हिंसा न्यूनीकरण भएको र अपराधमा कमी आएको पाईएको छ। रुकुम जिल्लालाई मदिरा निषेधित क्षेत्र घोषणा गरिएकोमा यसबाट महिला हिंसा न्यूनीकरण भएको पाईएको छ। तथ्याङ्क अनुसार शिक्षित समाजमा अपराध बढी भएको पाईन्छ। सामाजिक विकास मान्त्रालयले हिंसा पीडित महिलाहरूलाई राख्न safe house को लागि बजेट विनियोजन गर्नुपर्ने देखिन्छ। बाबु, दाई, भाई, आफन्तहरूबाट हुने घटनामा कडा भन्दा कडा सजाय गर्नु पर्दछ। छोरी पाएको कारण समेत महिलाहरू हिंसा सहन बाध्य छन्। कर्णालीमा भौतिक विकास मात्र होईन मानसिक विकासको आवश्यकता छ। मानसिक विकासका लागि योजना बनाउनु अपहरिहार्य रहेको छ। राजनैतिक दवाब आउँदा प्रहरी हतोत्साहित नभई पीडितलाई न्याय दिने गरेको छ। हिंसा पीडित महिलाहरूलाई आयआर्जन सम्बन्धी सीप दिएर आत्म नर्भर बनाउनु पर्छ। हिंसा पीडित महिलाहरू बाच्नको लागि देह व्यापारमा लाग्न बाध्य भएका छन्। सुर्खेतमा more population more crime र बसाई-सराईका कारण अन्य जिल्लाबाट बढी population flow भएर अपराध बढी भएको हो। हिंसा पीडित महिलाहरू घरमै, आफन्तबाटै, बलात्कृत महिलाहरू आफ्ना श्रीमान्बाटै अपहेलित हुने र मुद्दा फिर्ता गर्नुपर्ने देखिन्छ। कडा कानून मात्रले

महिला हिंसा न्यूनीकरण नहुने, बहुविवाह, लागु औषध लगायतमा कडा कानून भएर पनि कमी आउन सकिरहेको छैन र यसका लागि सामाजिक सचेतनाको आवश्यक हुन्छ। कानूनी सचेतनाका लागि बजेट विनियोजन आवश्यक हुन्छ। महिला हिंसाका घटनाहरूमा प्रहरीले राम्रोसँग प्रमाण संकलन गर्न तालिमको आवश्यक छ। अस्पतालमा रामोसँग check नगर्ने अदालतमा राम्रोसँग बहस पैरवी नगर्ने लगायतका कारणले महिला हिंसाबाट पीडित महिला झन् पीडित बन्नु परेको पाईएको छ। प्रहरीले पहिला भन्दा सुधार गरेको र राम्रोसँग response गर्दा काम गर्न सजिलो भएको पाईएको छ।

महिला तथा बालबालिका सेल, टोल टोलमा प्रहरी लगायतका कार्यक्रमले पीडितलाई न्यायको बाटो देखाउन सजिलो भएको छ। मानसिक समस्या देखिएका पीडितलाई संरक्षण गर्न परामर्शको आवश्यक देखिन्छ। महिला हिंसा हाल मात्र नभएर परापूर्वकालदेखि हुँदै आएको छ। विश्वमा अमेरिकामा बढी बलात्कार भएपनि त्यहा महिला सशक्तिकरण भएको छ आर्थिक सम्वृद्धिले मात्र महिला हिंसा न्यूनीकरण गर्न सकिँदैन। विज्ञहरू मार्फत् वडा स्तरसम्म कानूनको सचेतना वृद्धि गर्नुपर्ने आवश्यक देखिन्छ। प्रत्येक व्यक्ति जिम्मेवार भएर सोच्नु पर्ने हुन्छ। अपराधको कारण खोज्न progressive कानूनको आवश्यक रहेको छ। अपराध संहिताले धेरै कानूनलाई विस्थापित गरेकोले र यसलाई प्रचार-प्रसार गर्नुपर्छ। सुरक्षा निकाय मात्र नभएर राजनीतिक प्रतिनिधि लगायतका निकायहरू अभियानका रुपमा लागेमात्र महिला हिंसामा कमी आउने छ। राजनीतिक दलका कार्यकर्ताको सहयोग गरेर अभियानमा उनीहरूलाई समावेश गरेर यसमा कमी ल्याउन सकिन्छ र सरोकारवाला निकायहरूमा समन्वयात्मक तरिकाले अगाडी बढे मात्र यसमा प्रभावकारी नतिजा आउँछ।

**कार्यपत्र**

नेपाल प्रहरीको तर्फबाट नेपाल प्रहरीका प्रहरी नायव महानिरिक्षक महेश विक्रम शाहले **लैङ्गिक हिंसा नियन्त्रणमा कर्णाली प्रहरीको भूमीका** विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। प्रस्तुतीकरणका जबरजस्ती करणी अपराधको आर्थिक वर्ष २०७५/२०७६ को प्रदेश स्तरीय तथ्याङ्क प्रस्तुत गर्नु भएको थियो। सो क्रममा महिला हिंसाको प्रकार, कारण, असर तथा परिवेश एवम् हिंसा न्यूनीकरणमा नेपाल प्रहरीको भूमीका, दायित्व, प्रयास एवम् चुनौती र सुझाव सहितको प्रस्तुती प्रस्तुत गरिएको थियो।

**आवाज १**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

मेरो भतीजी १४ वर्षको थिइन् । १४ वर्षको उमेरमा ७ कक्षामा पढ्दै थिइन् । एक दिन स्कूलबाट फर्कंदै गर्दा बाटोमा गाछी नजिक कसैले थाहा नपाउने एकान्त ठाउँमा लगेर सोही स्कूलमा पढ्ने वर्ष १९ को केटाले निजलाई मुख थुनेर बोल्न कराउन नसक्ने गरी भुईमा लडाएर मेरो भतीजी माथि जबरजस्ती करणी गरेछ । सो घटनाको बारेमा तुरुन्तै उसले हामीलाई भन्न सकिन । घटना पश्चात् निजको महिनावारी रोकीयो, त्यसपछी मात्र उसले मलाई सबै घटना बताई । घटना थाहा पाएपछि हामीले प्रहरी कार्यालयमा उजुरी दियौं । उसको ३ महिनाको गर्भ गर्भपतन गरायौं । प्रहरीले निज आरोपीतलाई पक्राउ गरी अनुसन्धानको लागि हिरासतमा राखेको थियो तर पीडितको बनावटी बयान तयार पारेछन् । उसको घटना एउटा थियो बयानमा उसले तिमिसँग म विवाह गर्छु हामीले तिम्रो आमासँग पनि विवाहको लागि कुरा गरिसकेका छौं । उहाँले हुन्छ भन्नु भएको छ भनी कुरा गर्दा गर्दै निजको सहमतीमा सम्बन्ध राखेको हो, मैले निजलाई जबरजस्ती करणी गरेको होइन भन्ने व्यहोराको पीडितको बयान बनाएका रहेछन् । सो बारेमा पहिले हामीलाई थाहा भएन पछि मुद्दा फैसला भएपछि मात्र थाहा पायौं पछि अपराधी छुट्यो, हामी अन्यायमा परेका छौं । उक्त घटनाले मेरो भतीजी लगायत मेरो परिवारका सदस्यहरूलाई निकै दुःखी र चिन्तित बनाएको छ । उक्त घटना पश्चात छोरी स्कूल जान सकेको छैन, उसलाई घरबाट बाहिर निस्किएर कहि कतै जान मन लाग्दैन । उसको स्वास्थ्य बिग्रिएको छ, उसको अनुहार सधै न्याउरो छ, कसैसँग खुलेर बोल्न पनि सकेको अवस्था छैन ।

**आवाज २**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

म एउटा महिला अधिकारकर्मी हुँ । गाउँघरका महिलाहरूलाई कुनै अन्याय भएको अवस्थामा न्याय प्राप्त गर्नको लागि सहयोग गर्ने मानिस हुँ । तर विडम्बना म माथि एउटा घटना घट्यो । म एउटा हजुर आमा भईसकेको महिला माथि आफ्नै गाउँको देवर नाता पर्नेले एकै छिन काम छ भनी उसको घरमा बोलायो, उसको भान्सा भएको कोठामा पुऱ्यायो । उसको घरमा कोही थिएनन्, मलाई लडायो म माथि चढ्यो र बोल्न सक्ने अवस्था नदिईकन जबरजस्ती करणी गऱ्यो । मैले घटना भएको लगतै कोही कसैलाई जानकारी नदिई, हिंसा सहनु पाप हो भनी निजको विरुद्धमा प्रहरी कार्यालयमा उजुरी दिए, प्रहरीको साथ सहयोगले उजुरी दर्ता भयो । हाल पीडक प्रहरी कार्यालयमा थुनामा रहेको छ । आशा एवम् विश्वास छ निजले कानून बमोजीम हदैसम्मको सजाय पाउने छन् । तर समाजका मानिसहरूलाई नसोधी उजुरी गरेको भनेर समाजले म लगायत मेरो परिवारलाई एक्लो बनाएको छ । सोही कारणले परिवारका सदस्यहरूले मलाई मानसिक यातना दिन थाल्नु भएको छ । म जस्तो महिला अरुको हक हितको लागि काम गर्नेलाई त समाजले यस्तो व्यवहार गर्दछ भने अरु बोल्न नसक्ने महिलाहरूको के हालत होला ? अब म घर न घाटको भएको छु । मैले न्याय कसरी पाउने ?

**आवाज ३**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

मलाई १४ वर्षको उमेरमा छिमेकीले बलात्कार गरेको, उ विवाहित पूरुष हो, उसको घरमा श्रीमती, छोरा, छोरीहरू छन् । यस्तो भएपछि उसलाई सजाय दिलाउनको लागि उजुर गर्नु पर्दछ भन्ने मलाई थाहा भएन, डर लाग्यो घरको मानिसहरूलाई भन्न पनि सकिन । बलात्कार पश्चात मेरो महिनावारी रोकियो, पछि पेट पनि बढ्न थाल्यो, मलाई परिवारले केरकार गर्न थाल्यो । मैले सबै कुराहरू बताएपछि परिवार तथा गाउँका मानिसहरू भएर मलाई उसको घर भित्र हुलिदिए, मेरो बच्चा सोही घरमा जन्मियो । म त्यो घरमा एक वर्षसम्म बसे, त्यो बदमास तथा घर परिवारका सदस्यहरूले शाह्रै नै दुःख दिए र म त्यहाबाट भागेर हिँडेको हु । म घरेलु हिंसा पीडित पनि हु । हाल मेरो साडे एक वर्षको छोरी पनि छ, काम गरेर खान पनि बच्चा सानो भएकोले गारो छ । यो बच्चालाई कसरी हुँकाउने, कहाँ जाने कहाँ बस्ने केही थाहा छैन, मलाई अन्याय परेकोले मलाई न्याय चाहिएको छ ।

**आवाज ४**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

म १४ वर्षको भए, मेरो आफ्नै मामाले ३ महिना अगाडि बलात्कार गरेको, त्यो बेला म नौं कक्षामा पढ्दै थिए । त्यो बदमासको विरुद्धमा प्रहरी कार्यालयमा जाहेरी दिएपछि प्रहरीले उसलाई पत्राउ गऱ्यो हाल उ थुनामा छ । आशा छ उसलाई धेरै सजाय हुन्छ । तर मेरो भने शारीरिक अवस्था कमजोर भएको छ, पढाई छुटेको छ, पढ्न मन लाग्दैन मेरो भविष्यको चिन्ता लागि रहन्छ ।

**कर्णाली प्रदेश अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा दर्ता भएको उजुरीको विवरण**

चार्ट नं १८ः जिल्लागत उजुरी विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

कर्णाली प्रदेश अन्तर्गतका १० वटा जिल्लाको नेपाल प्रहरीमा दर्ता भएका जबरजस्ती करणीका उजुरीको विवरणको आधारमा गरेको अध्ययनले सबैभन्दा बढी सुर्खेत जिल्लामा ५२ प्रतिशत, रुकुम जिल्लामा

१४ प्रतिशत, सल्यान र जुम्ला जिल्लामा क्रमश ९ र ९ प्रतिशत उजुरी रहेको छ। त्यसैगरी जाजरकोट र दैलेख जिल्लामा क्रमश ८, ६ प्रतिशत र कालिकोट जिल्लामा २ प्रतिशत उजुरी रहेको छ भने बाँकी जिल्लाहरू हुम्ला, मुगु र डोल्पा जिल्लाहरूमा बलात्कार सम्बन्धी कुनै पनि उजुरीहरू नभएको माथिको तथ्याङ्कले देखाएको छ।

टेबल नं.१३ : महिनागत उजुरी विवरण

| उजुरी दर्ता महिना | | |
|---|---|---|
| **महिना** | **संख्या** | **प्रतिशत** |
| **नखुलेको** | ३४ | ५२% |
| १ | १ | २% |
| ३ | २ | ३% |
| ४ | ४ | ६% |
| ५ | ५ | ७% |
| ६ | ३ | ५% |
| ७ | १० | १५% |
| ८ | २ | ३% |
| ९ | ३ | ५% |
| १० | १ | २% |
| जम्मा | ६५ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

कर्णाली प्रदेश अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा मुद्दा दर्ता भएको महिना हेर्दा नखुलाएको ५२ प्रतिशत, कार्तिक र भाद्र महिनामा क्रमश १५ र ७ प्रतिशत, साउन महिनामा ६ प्रतिशत, असोज र पौष महिनामा क्रमश ५, ५ प्रतिशत उजुरी दर्ता भएको देखिन्छ भने अन्य महिनामा ३ प्रतिशत भन्दा कम उजुरी दर्ता भएको माथिको तथ्याङ्कले देखाएको छ।

टेबल नं. १४ : पीडित र पीडकको उमेर/ जातीय समुदाय

| पीडकको उमेर | | | पीडकको जातीय समुदाय | | | पीडितको उमेर | | | पीडितको जातीय समुदाय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत | उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत |
| नखुलेको | ४३ | ६३% | बाहुन/क्षेत्री | २० | २९% | नखुलेको | ५४ | ८३% | बाहुन/क्षेत्री | ६ | ९% |
| १५-१८ | ३ | ४% | दलित | २० | २९% | ८-१८ | ७ | १०% | दलित | ७ | ११% |
| १९-३५ | २१ | ३१% | जनजाती | १० | १५% | १९-३५ | २ | ३% | जनजाती | ४ | ६% |
| ७० | १ | २% | मुसल्मान | १ | २% | ४० | १ | २% | नखुलेको | ४८ | ७४% |
| जम्मा | ६८ | १००% | नखुलेका | १७ | २५% | ६६ | १ | २% | जम्मा | ६५ | १००% |
| | | | जम्मा | ६८ | १००% | जम्मा | ६५ | १००% | | | |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

कर्णाली प्रदेश अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा माथिको टेबल अनुसार पीडितको उमेर समूहको विश्लेषण गर्दा सबैभन्दा बढी उमेर नखुलाएको ८३ प्रतिशत रहेको छ। ८ देखि १८ वर्ष उमेर समूहको १० प्रतिशत, १९ देखि ३५ वर्षसम्म उमेर समूह ३ प्रतिशत रहेको छ भने ४० र ६६ वर्षको उमेर समूहको क्रमश २, २ प्रतिशत रहेको देखाएको छ। त्यसैगरी पीडकको उमेर

समूह हेर्दा ६३ प्रतिशत उमेर समूह नखुलाएको, १९ देखि ३५ वर्ष उमेर समूहको ३१ प्रतिशत, १५ देखि १८ वर्ष उमेर समूहको ४ प्रतिशत र बाँकी २ प्रतिशत ७० वर्ष उमेर समूहको रहेको माथिको तथ्याङ्कले देखाएको छ।

कर्णाली प्रदेश अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा बलात्कारका घटनाबाट पीडित भएको जातीय समुदायको अध्ययन गर्दा अधिकाँश जातीयता नखुलेको ७४ प्रतिशत रहेको छ। त्यसैगरी दलित ११ प्रतिशत, बाहुन/क्षेत्री ९ प्रतिशत, बाँकी ६ प्रतिशत जनजाती रहेको माथिको टेबलले देखाएको छ। बलात्कारका घटनामा संलग्न पीडकको जातीय समुदाय अध्ययनले बाहुन/क्षेत्री र दलित क्रमश २९, २९ प्रतिशत, उमेर नखुलाएको २५ प्रतिशत, जनजाति १५ प्रतिशत, बाँकी २ प्रतिशत मुस्लिम रहेको माथिको तथ्याङ्कले देखाएको छ।

टेबल नं. १५ : घटनास्थल

| घटना स्थल | संख्या | प्रतिशत |
|---|---|---|
| घर कोठामा | २४ | ३७% |
| खेतबारी/जंगल | १२ | १८% |
| **नखुलेको** | **२५** | ३९% |
| सार्वजनिक स्थलमा (होटल, मन्दिर, विद्यालय आदी) | ४ | ६% |
| जम्मा | ६५ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

कर्णाली प्रदेश अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा बलात्कारका घटनाहरूको दिन-दिनै बढी रहेका छन् यस्ता घटना हुने स्थानको बारेमा माथिको तथ्याङ्कको आधारमा हेर्दा सबैभन्दा बढी घरको कोठामा ३७ प्रतिशत, नखुलाएको ३९ प्रतिशत, खेतबारी/जंगल १८ प्रतिशत र सार्वजनिक स्थलमा ६ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं १९: घटना विषय




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ६ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा घटनाको विषय हेर्दा अधिकाँश जबरजस्ती करणी ९२ प्रतिशत, सामूहिक बलात्कार ६ प्रतिशत, अपहरण बन्धक गरी जबरजस्ती करणी गरेको बाँकी २ प्रतिशत रहेकोमाथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं २०: कारवाहीको स्थिती




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

कर्णाली प्रदेश अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी उजुरीको विवरणको आधारमा बलात्कारका घटनामा कारबाहीको स्थिती अध्ययनले पीडकलाई पुर्पक्षका लागि कारागार चलान गरेको ६५ प्रतिशत, पीडक फरार भएकाले खोजी कार्य भइरहेको १९ प्रतिशत, धरौटीमा छुटेको र साधारण तारिखमा छुटको क्रमश ४, ४ प्रतिशत रहेको छ। त्यसैगरी संरक्षकको जिम्मा जमानी र बाल सुधार गृह पठाएको क्रमश ३, ३ प्रतिशत रहेको छ भने अन्य २ प्रतिशत नखुलाएको भन्ने माथिको तथ्याङ्कले देखाएको छ।

**मूख्य तथ्यहरू**

कर्णाली प्रदेश अन्तर्गतका १० वटा जिल्लाहरू मध्ये जबरजस्ती करणीका उजुरीहरूको विवरणको आधारमा अध्ययन गर्दा सबैभन्दा बढी सुर्खेत जिल्लामा र हुम्ला, डोल्पा र मुगु जिल्लामा कुनै पनि उजुरी नभएको देखिन्छ। उजुरी दर्ता भएको विवरण अध्ययन गर्दा सबैभन्दा बढी कार्तिक महिनामा उजुरी दर्ता भएको छ। त्यसैगरी पीडितको विवरणको अध्ययनले नखुलेको धेरै पाइएता पनि खुलाएको विवरणको आधारमा विश्लेषण गर्दा अधिकाँश पीडितहरू ८ देखि १८ वर्ष उमेर समूहको बालिकाहरू धेरै यौन हिंसाको शिकारमा पर्ने गरेको पाइयो भने पीडक चाँहि १९ वर्ष देखि ३५ वर्ष उमेर समुहको बढी रहेको पाइयो। पीडकको जातजातिको विवरण हेर्दा सबैभन्दा बढी ब्राह्मण/क्षेत्री र दलित रहेको छ। त्यसैगरी पीडितको जातजातिको विवरणको विश्लेषण गर्दा अधिकाँश दलित र ब्राह्मण/क्षेत्री समुदायको पीडित भएको देखिन्छ। जबरजस्ती करणीको प्रवृति हेर्दा सबैभन्दा बढी जबरजस्ती करणी भएको कम मात्र सामूहिक जबरजस्ती करणी भएको पाइयो। कारवाहीको स्थिती अवस्था हेर्दा अधिकाँश उजुरीहरू पुर्पक्षको लागि कारागार चलान भएको र अन्य अनुसन्धान जारी र फरार रहेको देखिन्छ। नेपाल प्रहरीको तथ्याङ्क विवरणमा अधिकाँश नखुलेको पाइएकाले जे जस्तो प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरिएको हो।

# महिला हिंसा न्यूनीकरण, मानव अधिकारको संरक्षण एवम् सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान"

## प्रदेश नं. ७

**मा. मोहना अन्सारी**

देशमा संक्रमण कालको अन्त्य हुँदाको अवस्थामा समेत महिला दिदी बहिनीहरू हिंसाको चपेटामा परेका छन् । हिंसाको सिकार भएकाहरूका लागि कानून बनाएर कार्यान्वयन गरिनु पर्दछ । निर्मला पन्तको घटनालाई राष्ट्रिय मानव अधिकार आयोगले गम्भिरताका साथ लिईरहेको छ । आयोगले निर्मला पन्तको बलात्कारपछि हत्याबारे भईरहेको अनुसन्धानको अनुगमन गरिरहेको छ । काठमाण्डौमा घटना भएकोमा १० मिनेटमै घटनास्थलमा पुग्ने नेपाल प्रहरीले कञ्चनपुरको निर्मला पन्तको घटनाका सम्बन्धमा पीडितले पटक-पटक प्रहरीसँग गुहार माग्दा समेत प्रहरी घटनास्थलमा समयमा पुगेको पाईएन । कुनै पनि घटनाको अनुसन्धानमा प्रहरीले तदारुकता देखाउनु पर्दछ । राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस बमोजिम दोषीलाई कारवाही गरिएको छैन । महिला हिंसा एवम् अपराधजन्य कार्यको नियन्त्रणका लागि नेपाल प्रहरीको अहम भूमिका रहने भएकाले अपराध नियन्त्रणका लागि प्रहरी संवेदनशील त छ नै तर अझै हुनुपर्दछ ।

**मूख्य न्यायधिवक्ता कुलानन्द उपाध्याय**

हाल सबैतिर अपराधको मात्रा बढेको छ । निर्मला पन्तको घटनाका सम्बन्धमा अपराधीलाई यथाशक्य शिघ्र पत्ता लगाईनु पर्दछ । राज्यले कुनै पनि व्यक्ति र सम्पत्तीको सुरक्षाको जिम्मा लिनु पर्दछ । अपराध बढ्नुमा यस स्थानमा पेशेवार अपराधीको संख्या बढेको अवस्था छ । हामी राज्यको करबाट तलब खाएका कर्मचारीहरू घटना प्रति संवेदनशील हुनु जरुरी छ । यस अवस्थामा सुरक्षा र प्रशासन निकायका प्रमुखहरू सर्तक हुनु आवश्यक छ । प्रदेशले कानून बनाएको छ तर प्रभावकारी कार्यान्वियन भएको अवस्था छैन । प्रदेश सरकारले शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त राख्नुपर्दछ ।

**प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल**

निर्मला पन्तको मार्मिक घटनामा प्रहरी प्रमुखको हैसियतले आफू संवेदनशील रहेको छु । यस जिल्लामा प्रहरीले गरेका कार्यहरूको सम्बन्धमा कुरा सुनिरहँदा दुखित र सजक भईएको छ । प्रहरी जनताका लागि हो त्यसैले प्रहरीले जनताका आवाज सुनिदिनु पर्दछ । उक्त घटनाका सम्बन्धमा कञ्चनपुरका तत्कालीन प्रहरी उपरिक्षकलाई निलम्वन गरिएको छ । बलात्कार र हत्या जस्तो गम्भीर अपराधमा सहभागी वा सहयोगी भए रहेको देखिएमा वा अनुसन्धानमा प्रभावकारी भूमिका निर्वाह नगर्ने प्रहरी नायव उपरिक्षक, प्रहरी उपरिक्षक, प्रहरी अतिरिक्त महानिरिक्षक जो भए पनि कानूनी कठघरामा उभ्याइने र कसुर अनुसारको सजाय गरिनेछ । प्रहरीद्वारा धेरै राम्रा कामहरू पनि भएका छन् केही शंकास्पद् व्यक्तिहरूलाई शोधपुछका लागि ल्याइनु राम्रै हो तर यातना दिएर कुनै पनि व्यक्तिलाई सावित गराउन खोज्नु गलत हो । प्रहरी संगठनले गरेका कामका सम्बन्धका धेरै ठूलो धब्बा लाग्ने गरी आरोप नलागाइयोस् । गम्भीर खालका घटनामा प्रहरीद्वारा मिलापत्र

नगराइयोस । नालायक नेतृत्वका कारण कञ्चनपुरबासीहरूले प्रहरीलाई साथी बनाउन सकेका छैनन् । घटनाका सम्बन्धमा यातना दिई सावित्री नगराउनका लागि प्रहरी संगठनको प्रमुखको हैसियतले सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई निर्देशन दिएको छु । आम नागरिकहरू प्रहरीले गरेका राम्रा कामहरूको प्रशंसा गरिदिनुहोस् । प्रहरी संगठन भित्रका समस्याहरूमा जनशक्ति र स्रोत साधनको पनि अभाव रहेको छ । अवका दिनमा प्रहरी आधुनिक प्रविधीमा एड्भान्स भई व्यवसायीक हुनु जरुरी छ । आगामी दिनमा प्रहरी मेरो साथी हो भन्ने कुरामा जनताको विश्वास जिती सेवा गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

**प्रकाश शाह, स्थानीय मामिला तथा कानून मन्त्री**

समाजमा सदिऔँदेखि चलिआएको पुरातन सोचका कारण महिला हिंसाका घटनाहरू बढेका छन् । महिला माथि हुने बलात्कारका घटनामा प्रहरी संयन्त्र माथि आम नागरिकको विश्वासको वातावरण रहेको पाईएन । प्रहरीले कसैको पनि दवाबमा नपरी निष्पक्ष रुपमा प्रभावकारी तरीकाले अनुसन्धान गरिनु पर्दछ । नेपाल सरकारका कर्मचारीहरूले कर्तव्यनिष्ट भई काम गर्नुपर्दछ । अनुसन्धानमा लापरवाही गर्नेलाई कारवाही गरिनु पर्दछ । पीडितलाई न्याय दिने र पीडकलाई दण्ड दिनेमा प्रदेश सरकार संवेदनशील रहेको छ । अपराधी जुनसुकै संगठनको होस उसलाई दण्डित गरिनुपर्दछ । नागरिक समाज संचारकर्मी सवैले अपराधी पत्ता लगाउने कुरामा प्रहरीलाई सहयोग गरिनुपर्दछ ।

**प्रकाश रावल, प्रदेशसभा सदस्य**

राष्ट्रिय मानव अधिकार आयोगले कञ्चनपुर जिल्लामा आएर माहिलाको मानव अधिकार विषयक राष्ट्रिय अभियानको सुरुवात गरेकोमा धन्यबादका साथ आफू सहयोग गर्न तत्पर रहेको छु । कञ्चनपुर जिल्ला अन्तरगत मेरै क्षेत्रमा घटेको घटना प्रति म सभासदको नाताले संवेदनशील छु । प्रहरीसंगठनबाट घटनालाई गम्भिरताका साथ हेरिनु पर्दछ । प्रभावकारी अनुसन्धान गरि दोषी पत्तालगाई कानूनी कठघरामा ल्याइनु पर्दछ ।

**नागरिक समाज**

हिंसाका घटना अनुसन्धानको दायरामा ल्याउने प्रमुख दायित्व नेपाल प्रहरीकै हो । हाल नेपालमा ७२ हजार प्रहरी कर्मचारीहरू रहेको अवस्थामा करीव २० प्रतिशत प्रहरी कर्मचारीहरू भि.आई.पी र भि.भि.आई.पी.को सुरक्षाका लागि खटिनु पर्ने अवस्था रहेको छ । संख्या र सुरक्षाको हिंसावले हेर्ने हो भनेपनि १ जना प्रहरी कर्मचारीले १००० जना नागरिकलाई सुरक्षा दिनु पर्ने देखिन्छ । बाटो हिडडुल गर्दा डोटी जिल्लामा तीन जना प्रहरी कर्मचारीहरू एउटै मोटरसाइकलमा सवार गर्दै गरेको देखिन्छ । गाडीको पछाडी झुण्डिएर सवार गरेको देखिन्छ । त्यसैले प्रहरी संगठन भित्र उपकरण एवम् स्रोत साधनको अभाव रहेको देखिन्छ । अर्का तर्फ प्रहरीले कुनै अपराधको आशँकामा कुनै मानिसलाई समातेर ल्याउँदा राजनैतिक दवाब र प्रभावका कारण बाटैमा छोडीदिनुपर्ने बाध्यता रहेको छ । घटनाका सम्बन्धमा सञ्चारकर्मीहरूले सत्य तथ्यबाहिर ल्याईदिनु पर्दछ । प्रहरी समक्ष महिला हिंसाको घटनाका सम्बन्धमा उजुरी लिएर जाँदा प्रहरीलाई उजुरी दर्ता नगर्न दवाब आईसकेको हुन्छ । कथित पीडक कुनै राजनैतिक दलको संरक्षणमा रहेको हुन्छ । प्रहरीले राजनैतिक दवाबका कारण अनुसन्धान प्रभावकारी

तरिकाले प्रभावकारी गर्नै पाउँदैन । महिला हिंसाका सम्बन्धमा १० जना महिलाहरू हिंसामा परेको अवस्थामा १ महिला बलात्कारको शिकार भएको हुन्छ तर कञ्चनपुर जिल्लामा मिति २०७५।४।१० गतेका दिन निर्मला पन्तको घटना पश्चात आजको मितिसम्ममा लगभग पाँचदेखि सात वटा बलात्कारका घटना घटेका छन् । मानव अधिकार संरक्षण गर्नु राज्यको दायित्व हो । राज्यका तर्फबाट निर्मला पन्तको घटनाका सम्बन्धमा छानविन भईरहेको छ । समाजमा शान्ति स्थापना गर्नका लागि हामी नागरिक समाज, मानव अधिकारकर्मी, प्रहरी र प्रशासन सवैको समान भुमिका रहन्छ । निर्मला पन्तको घटनाका सम्बन्धमा प्रभावकारी छानविन भई पीडित परिवारले न्याय पाउनु पर्दछ ।

**कार्यपत्र**

नेपाल प्रहरीको तर्फबाट **नेपाल प्रहरीले महिला हिंसा न्यूनीकरणमा लिएका पहल, चुनौति र दायित्व** विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । लैंगिक हिंसामा आधारित विभदेको अवस्थासँग सम्बन्धीत रहेर प्रस्तुतीकरण भएको थियो । महिला हिंसा बढ्नुमा समाजमा आधारित विभेद, गर्भदेखी चिहानसम्म महिलालाई गरिने विभेद ,असमान शक्ति संरचना, कानूनी कार्यान्वयनको जटिलताका सम्बन्धका प्रस्तुतीकरण गरिएको थियो । हिंसाका सम्बन्धमा प्रहरी कार्यालयमा रहेका जम्मा उजुरी संख्या बलात्कारका प्रयास गरिएको भनिएको सम्बन्धमा प्रहरी कार्यालयमा पर्न आएका उजुरी सख्या र अपराध हुने अधिकतम् समय एवम् हिंसा न्यूनीकरणमा नेपाल प्रहरीको प्रयास एवम् चुनौति र सुझावका सहितको प्रस्तुत गरिएको थियो ।

**आवाज १**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*मेरो घर दार्चुला हो, ६ वर्षको उमेरमा आमाले धनगढीमा एकजना हुनेखाने व्यक्तिको घरमा कमलरी राखेर गएको । १० वर्षको भएपछि काठमाण्डौ लगेर घरको काममा लगाएको, स्कुल पढ्न पनि नपाएको, काठमाण्डौ लगेको केही दिनपछि मलाई सोही व्यक्तिले बेलुका रक्सी खाएर आएर खुट्टा मिच्न लगाएर जबरजस्ती गर्‍यो । पटक/पटक जबरजस्ती गर्दा मेरो स्तनको दुबै मुन्टो घाउ भएर चुडिएर गएको । त्यसपछि पटक पटक बलात्कारमा परें । भागेर जाँदा पनि समातेर ल्याई हाल्ने गरेको, प्रहरीमा जादा पनि झुटो बोलेको भनेर उनीहरूलाई बुझाईदिने गरेको । १३ वर्षको भएपछि गर्भवती भएको थाहा पाएर उसको श्रीमतीले नजिकको मेडिकलमा लगेर औषधी खुवाएको तर बच्चा खेर नगएपछि काठकाण्डौबाट डडेलधुरा लगेर गर्भपतन गराएको । हाल कञ्चनपुरको बृद्ध आश्रमको सहारामा बसिरहेको छु । त्यो पापीलाई प्रहरीले पक्राउ गरेको छैन, उसलाई सजाए होस भन्न चाहान्छु ।*

**आवाज २**

*घटना पश्चात आइपरेका कठिनाइहरु*

*म १७ वर्षको उमेर हुँदा गाउँकै एक जना केटाले मन पराएको र निजलाई आफूले पनि माया गर्ने गरेको । एक दिन भेटन बोलाएर जादा उसँग अरु गाउँका पाँच जना केटाहरूले जबरजस्ती हात, खुट्टा बाँधी बलात्कार गरी छाडिदिएको । आफूबेहोस भएपछि के भयो केही थाहा नभएको, होसमा आएपछि आफूलाई फल्ना फल्नाले जबरजस्ती गर्‍यो भनी नजिकको प्रहरीमा जादा समेत प्रहरीले चासो नदेखाएको । ४ दिनपछि महिला अधिकारकर्मीको सहयोगमा स्वास्थ्य परिक्षण भयो र केटाहरूलाई पक्राउ गरियो । ती ६ जना केटा मध्ये १ जना मात्र जेल सजाँय काटीरहेको र बाँकी ५ जना धरौटीमा छुटेकोले गाउमा खुलेआम हिडने गरेको, आफन्तहरूलाई ती केटाहरूले फेरी पनि बलात्कार गर्ने धम्की दिने गरेको, बजार आउदा पिछा गर्ने गरेकोले आफू ती केटाहरूबाट असुरक्षित रहेकोले सरकार सँग सुरक्षा माग गर्दछु ।*

**प्रदेश नं. ७ अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा दर्ता भएको उजुरीको विवरण**

चार्ट नं २१: जिल्लागत उजुरीको संख्या




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ७ अन्तर्गतका ९ वटा जिल्लाहरूको जबरजस्ती करणी सम्बन्धी उजुरी विवरणको आधारमा जबरजस्ती करणीको उजुरीको अध्ययनले सबैभन्दा बढी कैलाली जिल्लामा ३५ प्रतिशत, कञ्चनपुर जिल्लामा २४ प्रतिशत रहेको छ । त्यसैगरी अछाम, डोटी र बैतडी जिल्लामा क्रमश ७, ७, ७ प्रतिशत रहको छ भने सबैभन्दा कम बझाङ्ग र डडेल्धुरा जिल्लामा क्रमश ६, ६ प्रतिशत, बाजुरा र दार्चुला जिल्लामा क्रश ४४ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ ।

चार्ट नं. २२: उजुरी प्राप्त महिनाको विवरण




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ७ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी सम्बन्धी उजुरी विवरणको आधारमा उजुरी दर्ता भएको महिनाको अध्ययनले असोज महिनामा सबैभन्दा बढी १९ प्रतिशत, साउन र मंसिर महिनामा क्रमश १६, १६ प्रतिशत, कार्तिक र भाद्र महिनामा क्रमश १५, १४ प्रतिशत रहेको छ। त्यसैगरी पौष र माघ महिनामा १२ र ७ प्रतिशत उजुरी दर्ता भएको माथिको तथ्याङ्कले देखाएको छ ।

टेबल नं. १६: पीडित र पीडकको उमेर/जातीय समुदाय

| पीडकको उमेर | | | पीडकको जातीय समुदाय | | | पीढितको उमेर | | | पीडितका जातीय समुदाय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत | उमेर | संख्या | प्रतिशत | जातीय समुदाय | संख्या | प्रतिशत |
| १२-१८ | ३ | ४ | ब्रामण/क्षेत्री | २३ | ३३% | ५-१८ | ३१ | ४५% | ब्राह्मण/क्षेत्री | ११ | १६% |
| १९-३५ | १४ | २० | दलित | ७ | १०% | १९-३५ | ४ | ६% | दलित | १ | १% |
| ३५-५० | १ | १ | जनजाति | २२ | ३१% | नखुलेको | ३४ | ४९% | नखुलेको | ४७ | ६८% |
| ५०-७५ | ४ | ६ | नखुलेको | १७ | २५% | जम्मा | ६९ | १००% | जनजाति | ८ | १२% |
| नखुलेको | ४८ | ६९ | मुस्लिम | १ | १% | | | | मुस्लिम | २ | ३% |
| जम्मा | ७० | १००% | जम्मा | ७० | १००% | | | | जम्मा | ६९ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ७ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी सम्बन्धी नेपाल प्रहरीमा परेको उजुरी विवरणको आधारमा पीडकको उमेर समूह अध्ययनले अधिकाँश उजुरी विवरणमा उमेर नखुलेको ६९ प्रतिशत, १९ देखि ३५ वर्ष उमेर समूहको २० प्रतिशत, ५०देखि ७५ वर्ष उमेर समूहको ६ प्रतिशत, १२देखि १८ वर्ष उमेर समूहको ४ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ। त्यसैगरीपीडितको उमेर समूह अध्ययन गर्दा अधिकाँश नखुलेको ४९ प्रतिशत, ५देखि १८ वर्ष उमेर समूहको ४५ प्रतिशत र १९देखि ३५ वर्ष उमेर समूहको ६ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ ।

प्रदेश नं. ७ अन्तर्गतका जिल्लाहरूको जबरजस्ती करणी सम्बन्धी नेपाल प्रहरीमा परेको उजुरी विवरणको आधारमा पीडकको जातीय समुदायको अध्ययनले सबैभन्दा बढी ब्राह्मण /क्षेत्री ३३ प्रतिशत, जनजाति ३१ प्रतिशत, नखुलेको २५ प्रतिशत, दलित १० प्रतिशत र मुस्लिम १ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ । त्यसैगरी पीडितको जातीय समुदायको अध्ययनले अधिकाँश नखुलेको ६८ प्रतिशत रहेको छ, ब्राह्मण/क्षेत्री १६ प्रतिशत, जनजाति १२ प्रतिशत, मुस्लिम ३ प्रतिशत र दलित १ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ ।

चार्ट नं २३ः कारवाहीको स्थिती




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ७ अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा प्राप्त जबरजस्ती करणीको उजुरीको विवरणको आधारमा कारवाहीको स्थितीको अध्ययन गर्दा सबैभन्दा बढी पुर्पक्षको लागि कारागार चलान ६१ प्रतिशत, अनुसन्धान जारी २१ प्रतिशत, धरौटीमा छुटेको ६ प्रतिशत, आफन्तको जिम्मा र साधारण तारेखमा छुटेको क्रमश ३, ३ प्रतिशत रहेको छ। त्यसैगरी बाल सुधार गृह पठाएको र फरार अनुसन्धान जारी क्रमश २.५, १.५ प्रतिशत रहेको छ भने कैद सजाय १.५ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ।

चार्ट नं.२४: घटना विषय




*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ७ अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा प्राप्त जबरजस्ती करणीको उजुरीको विवरणको आधारमाघटनाको विषय अध्ययनबाट जबरजस्ती करणी ९६ प्रतिशत  र जबरजस्ती करणी र हत्या ३ प्रतिशत, सामूहिक जबरजस्ती करणी १ प्रतिशत रहेको माथिको चार्टले देखाएको छ।

टेबल नं. १७ : घटना स्थल

| घटना स्थल | संख्या | प्रतिशत |
|---|---|---|
| घरकोठामा | १४ | २०% |
| पीडितको  घर | ९ | १३% |
| खेतबारी/जंगल | १८ | २६% |
| सार्वजनिक स्थलमा | ४ | ६% |
| नखुलेको | २४ | ३५% |
| जम्मा | ६९ | १००% |

*स्रोत : नेपाल प्रहरीबाट प्राप्त तथ्यांक, २०७५*

प्रदेश नं. ७ अन्तर्गतका जिल्लाहरूमा नेपाल प्रहरीमा प्राप्त जबरजस्ती करणीको उजुरीको विवरणको आधारमा घटना स्थलको अध्ययनले अधिकाँश घटना भएको स्थान नखुलाएको ३५ प्रतिशत रहेको छ । खेतवारी / जंगलमा २६ प्रतिशत, घर कोठामा २० प्रतिशत, पीडितको घरमा १३ प्रतिशत र सार्वजनिक स्थलमा ६ प्रतिशत रहेको माथिको तथ्याङ्कले देखाएको छ।

## मूख्य तथ्यहरू

प्रदेश नं. ७ अन्तर्गतका ९ वटा जिल्लाहरू मध्ये जबरजस्ती करणीका उजुरीहरूको विवरणको आधारमा अध्ययन गर्दा सबैभन्दा बढी कैलाली र कञ्चनपुर जिल्लामा र सबैभन्दा कम दार्चुला र बाजुरा जिल्लामा उजुरी भएको देखिन्छ । उजुरी दर्ता भएको विवरण अध्ययन गर्दा सबैभन्दा बढी असोज महिनामा उजुरी दर्ता भएको छ। त्यसैगरी पीडितको विवरणको अध्ययनले नखुलेको धेरै पाइएता पनि खुलाएको विवरणको आधारमा विश्लेषण गर्दा अधिकाँश पीडितहरू ५ देखि १८ वर्ष उमेर समूहको बालिकाहरू धेरै यौन हिंसाको शिकारमा पर्ने गरेको पाइयो भने पीडक चाँहि १९ वर्ष देखि ३५ वर्ष उमेर समुहको बढी रहेको पाइयो। पीडकको जातजातिको विवरण हेर्दा सबैभन्दा बढी ब्राह्मण/क्षेत्री र जनजाति रहेको छ। त्यसैगरी पीडितको जातजातिको विवरणको विश्लेषण गर्दा अधिकाँश ब्राह्मण/क्षेत्री र जनजाति समुदायको पीडित भएको देखिन्छ। जबरजस्ती करणीको प्रवृति हेर्दा सबैभन्दा बढी जबरजस्ती करणी भएको कम मात्र सामूहिक जबरजस्ती करणी र हत्या समेत पाइयो। कारवाहीको स्थिती अवस्था हेर्दा अधिकाँश उजुरीहरू पुर्पक्षको लागि कारागार चलान भएको र अन्य अनुसन्धान जारी र फरार रहेको देखिन्छ। नेपाल प्रहरीको तथ्याङ्क विवरणमा अधिकाँश नखुलेको पाइएकाले जे जस्तो प्राप्त तथ्याङ्कको आधारमा यो विश्लेषण गरिएको हो।

**महिला हिंसा न्यूनीकरणमा आयोगबाट भएका प्रतिनिधिमूलक कार्यहरू**

मिति २०७१।१२।११ गतेको आयोगको बैठकको निर्णय बमोजिम देशमा बढ्दै गईरहेको बलात्कार लगायत महिला हिंसाका घटनारुलाई दृष्टिगत गरी सो को न्यूनीकरण र नियण्त्रणका लागि आवश्यक कार्य गर्न राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य श्री मोहना अन्सारीको संयोजकत्वमा महिला हिंसा नियण्त्रण सम्बन्धी समिति गठन गरीएको ।

यसै गरी आयोगबाट देशको कुनै पनि ठाउँमा घट्ने वलात्कार लगायत महिला हिंसाका घटनाहरूको सम्बन्धमा तदारुकताका साथ अनुगमन तथा अनुसन्धान गर्न तथा घटनाको सम्बन्धमा २४ घण्टा भित्र आयोगको केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुरमा प्राप्त हुने गरी जानकारी पठाउन निर्देशन दिईएको ।

यसै गरी मिति २०७२ सालमा आयोगबाट व्यवस्थापिका-संसद अन्तर्गत महिला,बालबालिका, जेष्ठ नागरिक र समाज कल्याण समितिको उपसमितिमा आयोगबाट समय समयमा महिला हिंसा न्यूनीकरणका लागि पहल, कानूनी व्यवस्था परिमार्जन लगायतका षियमा प्रस्तुत हुने गरेको ।

**आयोगमा वहाल रहेका जबरजस्ती करणीसँग सम्बन्धित केही मुद्दाहरू**

**तरन्नु सिद्धिकी**

१७ वर्षीय तरन्नु सिद्धिकीलाई २०५९ साल जेष्ठमा चिसापानी व्यारेकका सैनिक जवानहरूले गिरफ्तार गरी ३ दिनसम्म राखी बलात्कार गरेको घटना पीडितको तर्फबाट आयोगमा बोधार्थ उजुरी प्राप्त भएको । आयोगबाट सो उजुरीमा अनुगमन भएको । बलात्कार जस्तो संवेदनशील विषयलाई आयोगले प्रभावकारी अनुसन्धान नगर्दा जबरजस्ती करणीका पीडितहरुलाई अन्याय पर्न जान्छ । हालसम्म पनि बलात्कार तथा जबरजस्ती करणीका अधिकांश मुद्दाहरूमा आयोगबाट निर्दिष्ट अनुगमन तथा अनुसन्धान नहुँदा बलात्कार पीडितहरू न्यायबाट वञ्चित हुनु परेको अवस्था रहेको छ ।

**निर्मला पन्त**

कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं २ निम्वुखेडा निवासी वर्ष १३ की निर्मला पन्तको बलात्कारपछि हत्या गरिएको घटनाका सम्बन्धमा आयोगले स्वविवेकीय (suomoto) संवैधानिक कार्यादेश प्रयोग गरी उजुरी दर्ता गरेको । आयोगद्वारा मा.मोहना अन्सारीको नेतृत्वमा प्रारम्भिक अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिएको साथै प्रारम्भिक अनुसन्धानको सुझाव बमोजिम आयोगले विज्ञ सम्मिलित टोली गठन गरी अनुसन्धान सम्पन्न गरी मिति २०७५/७/२७ मा नेपाल सरकारलाई तपशील बमोजिम सिफारिश गरेको ।

१. मेडिको लिगल, नमुना संकलन प्रक्रियामा संलग्न अनुसन्धानकर्ता चिकित्सकहरूले विधी प्रक्रिया अनुसार नगरेको र लापरवाही गरेको पाईएकोले संलग्नहरूलाई छानवीनको दायरामा ल्याउन ।

२. प्राप्त DNA को बगतयकफबा प्रविधिबाट परिक्षण सम्भव हुँदाहुदै पनि सो नगरि YSTR प्रविधीबाट मात्र परिक्षण गरेको पाईएको हुँदा यस्तो त्रुटिपूर्ण परिक्षणमा संलग्न प्राविधिकहरूलाई आवश्यक छानवीनको दायरामा ल्याउन । साथै भविष्यमा गरिने यस्ता खाले परिक्षणमा विश्वसनियता ल्याउन

आवश्यक पर्ने सबै परिक्षणहरू गर्न तथा सुविधा नभएको खण्डमा अन्यत्र पठाउन ।

३. घटनाका घाईतेहरू अर्जुन भण्डारी लगायत घाईते सबैको निःशुल्क उपचार गर्न, हालसम्म उपचारमा लागेको खर्च पीडितहरूलाई उपलब्ध गराउन ।

४. पृथकीकरण नगरिएको DNA नरहेको, संकलित स्वाब बाँकी रहे पनि पूरुष म्ल्ब अत्यन्त न्यून रहेको, लामो समयसम्म भेजाईनल स्वाबबाट थप नतिजामुलक परिक्षणको संभावना अत्यन्त कम रहेको पाईदा यसैमा मात्र भर नपरी Human intelligence को माध्यम द्वारा प्रभावकारी र नतिजामुलक अनुसन्धान जारी राख्न ।

**सुन्तली तामाङ्ग**

रामेछाप जिल्ला, सैपु गा.वि.स. वडा नं. १ बस्ने डिल्लीमाया तामाङकी छोरी वर्ष १४ की सुन्तली तामाङलाई मिति २०६८।१०।५ गते सोही गा.वि.स. को वडा नं. १ को खुर्दुकी भन्ने स्थानमा ऐ. ऐ. बस्ने श्याम राउतले वलात्कारपछि कर्तव्य गरी मारेको र सो घटना उपर जिल्ला प्रहरी कार्यालय रामेछापमा पटक पटक किटानी जाहेरी दिएकोमा प्रहरीले जाहेरी लिन इन्कार गरेको, किटान नगरि दिएको जाहेरी उपर प्रभावकारी अनुसन्धान नगरेको, तत्कालीन प्रहरी प्रमुख सञ्जीवशर्मा दासले अभियुक्तलाई पक्राउ नगरेकोले न्याय पाउनबाट बन्चित भएको, आरोपित श्याम राउतको परिवारबाट डर धम्की भएकोले बसिरहेको स्थानबाट विस्थापित भई सिन्धुली जिल्लामा बस्न बाध्य भएकोले घटनाको प्रभावकारी अनुसन्धान गर्न लगाई न्याय पाउँ, आफ्नै घरमा बस्न सक्ने वातावरण मिलाईपाउँ भन्ने समेतको व्यहोरा उल्लेख गरी सुन्तली तामाङ समेतको हकमा डिल्लीमाया तामाङले मिति २०६९।५।५ मा आयोगमा उजुरी दर्ता भएको ।

आयोगबाट जिल्ला प्रहरी कार्यालय, रामेछापलाई मिति २०७२।१।७, च.नं. १०१७ मार्फत निज बालिका सुन्तली तामाङको सम्बन्धमा प्रहरीले तयार गरेको घटनास्थल प्रकृती मुचुल्का, वलत्कार भएको हो होइन भनी परिक्षण गरेको चिकित्सकको प्रतिवेदन समेत ७ प्रकारका कागजातहरू उपलव्ध गराउन पत्राचार भएकोमा उक्त कार्यालयबाट मिति २०७२।१।९, च.नं. २१२३ मार्फत आयोगमा पत्र मार्फत माग गरिएका कागजातहरू पठाएको । प्राप्त कागजातहरू मध्ये शव परिक्षण प्रतिवेदनमा मृत्युको कारणमा Asphyxia due to strangulection भन्ने उल्लेख छ । नेपाल प्रहरीको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा परिक्षणमा पठाइएको घटनास्थलबाट संकलन गरिएको सुन्तली तामाङले लगाएका कपडाहरूको प्रयोगशाला परिक्षण अन्तर्गत A-P, Sperm Cells, K-M Test, Takayama Test प्रतिवेदनमा Positive देखिएको भन्ने देखिन्छ ।

तत्कालिन नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ को उपधारा २ (ख) र वर्तमान नेपालको संविधान २०७२ को धारा २४९ को उपधारा २ (ख) विपरित उदासिनता देखाएकोले रामेछाप जिल्लाका तत्कालिन प्रहरी प्रहरी नायव उपरिक्षक सञ्जीव शर्मा दासलाई विभागीय कारवाहीका लागि पत्राचार गर्ने र घटनाको प्रभावकारी अनुसन्धान गरी मृतकका हकवालालाई बारा कलैयाकी बालिका पूजा शाहलाई यस्तै प्रकृतीको घटनामा उपलव्ध गराए सरह राहत क्षतिपूर्ति उपलव्ध गराउन साथै पीडित

परिवारले न्यायको खोजीमा गरेको खर्च र आन्तरिक रुपमा विस्थापित भएको अवस्थामा भएको आर्थिक क्षति समेतको मूल्यांकन गरी राहत क्षतिपूर्ति उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय आयोगबाट भएको ।

**निर्मला टमाटा**

जिल्ला अछाम बरादेवी गाविस वडा नं. २ बस्ने कालुसिंह टमटाको छोरी वर्ष १७ की निर्मला टमटा (रसिला) सहित रचना, रनिता रमिता, विन्दु, भजन तथा एक जना नाम नखुलेको महिला गरी ७ जनालाई मिति २०६०/४/२९ गते अछाम मंगलसेनबाट आएको नेपाली सेनाको नेतृत्वको संयुक्त सुरक्षाफौजले अछामको ओलीगाँउ स्थित विद्यालयबाट पक्राउ गरी वलात्कार गर्नुका साथै यातना दिएको यातनाको कारण रचनाको मृत्यु भएको र निर्मलाको अवस्था गम्भीर रहेको घटनाको अनुसन्धान गरी दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्ति दिलाईपाउँ भनी आयोगमा २०६२ भाद्रमा दर्ता भएको उजुरीका सम्बन्धमा मिति २०६४ साल भाद्र २८ गते नेपाली सेनाको सुदुरपश्चिम पृतना हेडक्वाटर तथा ज्वालादल गणसँग जानकारी माग गरिएको । यसैगरी मिति २०६९/०२/०९ गते माओवादी सेती महाकाली राज्य समिति जिल्ला संगठन समिति अछामसँग जानकारी तथा प्रतिक्रिया माग गरेको पाईन्छ । बलात्कार तथा बलात्कारपछि हत्या भएका संवेदनशील मुद्दाहरूमा पीडितको पीडाको गम्भिर्यतालाई मनन् गरेर fast track बाट मुद्दा अनुसन्धान गरी पीडितलाई न्याय प्रदान गर्नुपर्नेमा राष्ट्रिय मानव अधिकार आयोगले समेत सो तर्फ यस्ता संवेदनशील मुद्दामा आवश्यक तथा शिघ्र कारवाही अगाडी बढाउन आवश्यक रहेको छ ।

**तथ्यगत विश्लेषण**

राष्ट्रिय मानव अधिकार आयोगले नेपालका ७७ जिल्ला मध्ये ७० जिल्लामा मानव अधिकारको अवस्था के कस्तो छ र मानव अधिकारका कुन कुन सवालहरू बढी जोखिममा रहेका छन् आगामी दिनमा मानव अधिकारका कार्यक्रमहरू बनाईदा कुन अधिकारलाई बढी प्राथमिकता दिईनु पर्दछ भनी एक अध्ययन तथा सर्वेक्षण गरेको थियो जसमा प्रायः सबै जिल्लामा महिला अधिकारको अवस्था नाजुक रहेको, महिला हिंसाका घटनाहरूमा वृद्धि भईरहेको तथ्यहरू प्राप्त भएको थियो । सोही तथ्यको आधारमा आयोगले आफ्नो छैठौ रणनितिक योजना (२०७१-२०७७) मा महिला अधिकारलाई सम्बोधन गरिनु पर्ने विषयलाई प्राथमिकतामा राखी कार्य गरिरहेको छ । महिला हिंसा एक अपराध ठहर्ने र अपराध अनुसन्धानको प्रमुख जिम्मेवार निकाय नेपाल प्रहरी रहेकोले नेपाल प्रहरीलाई अझ बढी जवाफदेही बनाउनु यो अभियानको उद्देश्य रहेको थियो । सोही उद्देश्यलाई मध्य नजर गरी आयोगले सातै प्रदेशमा अभियान सञ्चालन गर्ने भनी निर्णय गरी आयोगका माननीय सदस्य मोहना अन्सारीलाई जिम्मेवारी प्रदान गरेको थियो ।

महिला हिंसाका घटनामा अनुसन्धान प्रभावकारी नहुने गरेको तथ्य पीडितले औंल्याएको पाईएको छ भने आयोगमा प्राप्त उजुरीलाई विश्लेषण गर्दा बलात्कार समेतका मुद्दामा राजनीतीकरण भई मुद्दा फिर्ता लिने क्रम बढ्दो रहेको पाइएको छ । बलात्कारका मुद्दामा पीडितलाई अदालतमा पुगेपछि विभिन्न प्रलोभन देखाई बयान फेर्न लाउने र कथित पीडकलाई संरक्षण गर्ने गरेको यथार्थता पाईएको छ । बलात्कार

पीडीतहरूको न्यायमा पहुँच न्युन रहेको त्यसमा पनि अपाङ्गता भएका बालिकाहरू झनै न्यायबाट वञ्चित भएको तथ्यहरू पाईएको छ। द्वन्द्व र शान्ति दुवै अवस्थामा महिला र बालबालिका बढी जोखिममा पर्ने र यस्तो समयमा महिला तथा बालिकाहरू बलात्कार तथा बेचविखनको शिकार हुने गरेको पाईएकोले त्यस तर्फ समयमै ध्यान पुर्याई छरितो तथा शिघ्र न्याय प्राप्तिका बैकल्पिक संयन्त्रहरूको व्यवस्था हुन जरुरी छ।

कुनै पनि महिला तथा बालिका बलात्कारमा परेमा निजको चरित्रमा प्रश्न चिन्ह खडा गर्ने र पीडितकै कारण बलात्कारमा पर्ने गरेको भनी पीडकलाई उन्मुक्ति दिने परम्परागत तथा पितृसत्तात्क सोच समाजमा हावी भएको पाईएकोले त्यस तर्फ चेतना जागरण हुन जरुरी छ। जनघनत्व बढी भएको ठाउँमा, र विभिन्न कारणले आन्तरिक बसाँई सराई तथा वैदेशिक रोजगारीमा जाने पूरुषको संख्यामा वृद्धि हुने पनि हिंसाको कारण देखिएकोले सो कार्यलाई समयमै व्यवस्थित गरिनु पर्दछ।

नेपाल प्रहरीमा दर्ता भएका अधिकाँश बलात्कारका घटनाहरूको पृष्ठभूमी अध्ययन गर्दा पीडकले मादक पदार्थ सेवन गरी यस्तो अपराध गर्ने गरेको देखिएकोले मदिरा नियण्त्रण पनि एक महत्वपूर्ण अभ्यास सावित भएको देखिन्छ। समुदायमा जबरजस्ती करणीको घटना घटि सकेपछि पीडकको पहिचान हुँदा पनि कहिलेकहीं सिँगो समाज नै आरोपित पीडकको पक्षमा उभिदा पीडित न्यायको पहुँचबाट वञ्चित हुनुपर्ने अवस्था र दोहोरो पीडित हुनुपर्ने अवस्था कायम रहेको छ। सामाजिक सञ्जाल तथा सञ्चार माध्यमहरूले विना भेरिफिकेशन सञ्चार माध्यमबाट समाचार संप्रेषण गर्दा र पीडितको गोपनियतालाई वेवास्ता गर्दा प्रहरी अनुसन्धानमा कठिनाई भएको र पीडित असुरक्षित हुनु परेको अवस्था रहेको छ। घटना भई सकेपछि पीडितको पुर्नस्थापनामा चुनैती रहेको तथा सेवा केन्द्रहरूको अभावमा पर्याप्त परामर्श सेवा प्रदान गर्न सकिएको छैन। तसर्थ पीडितको पुर्नस्थापना र आत्मनिर्भर बनाउने खालका कार्यक्रम तय हुनु जरुरी देखिन्छ। शिक्षित समाजमा पनि हिंसाका घटना बढ्ने गरेको र नेपाल प्रहरीको तथ्याङ्क विश्लेषण गर्दा हाडनाता करणी बढी भएको देखिन्छ। सिँगो समाज नै पीडितलाई मेलमिलाप गराईदिने, मुद्दा फिर्ता लिन बाध्य बनाउने र पीडक सँग नै वैवाहिक सम्बन्ध कायम गरिदिने पाईएकोले पीडीत महिला झन् बढी पीडित भईरहेको पाईएको छ।

बलात्कार जस्तो जघन्य अपराधमा कम संवेदनशीलताका कारण प्रमाण संकलनमा कठिनाई र लामो न्यायीक प्रक्रिया भएका कारण पीडीतहरूमा निराशापन देखिन्छ। नेपाल सरकारले ५५ जिल्लामा गठन गरेको OCMC लाई चुस्त दुरुस्त तथा पर्याप्त बजेटको व्यवस्था गरिनु पर्दछ।

बाल विवाह गैरकानूनी भएता पनि समाजमा हावी भए बाट हिंसामा वृद्धि भईरहेको पाईएको छ। जबर जस्ती करणीको मुद्दा हेर्दा अपाङ्गता भएका, दृष्टिविहिन तथा दलित बालिकाहरू बढी प्रताडित भएको पाईएको छ। देशको भौगोलिक विकटता र प्रहरी प्रशासन स्रोत साधनले युक्त नहुँदा पीडितले न्याय पाउन नसकेको देखिन्छ। विस्थापित महिलाहरूलाई पुनर्स्थापनाको लागि सरकारी संयन्त्रहरू परिचालन गर्नुपर्नेछ।

महिला हिंसाको सवाल सामाजिक सवाल भएका कारण सम्पूर्ण व्यक्ति, निकाय गम्भीर हुनुपर्ने आवश्यकता रहेको छ। महिला हिंसा सम्बन्धी मुद्दा अदालतमा पुग्ने बित्तिकै पीडितको संरक्षण र क्षतीपूर्तीको लागि आदेश हुनु जरुरी रहेको छ। सामाजिक कुसंस्कार, परम्परा, पितृसत्तात्मक सोचलाई परिर्वतन गरे मात्र

महिला विरुद्धको हिंसा न्यूनीकरण हुदै जानेछ। महिला हिंसाको घटनालाई विभिन्न पूर्वाग्रही रुपमा नहेरी, पीडितको आवाजलाई सुनेर न्यायको अनुभूति प्रदान गर्नुपर्नेछ। सबै सरोकारवाला निकायहरू एकजुट भई महिला हिंसा न्यूनीकरणका लागि आफ्नो दायित्व पुरा गर्ने प्रतिवद्ध भएर कार्य गरेका कुनै पनि महिला हिंसाको चपेटामा पर्न नसक्ने देखिन्छ। प्रहरी प्रशासन पनि चुस्त दुरुस्त, दक्ष जनशक्ति र स्रोत साधन युक्त बनाई महिलाको मुद्दामा सम्बेदनशिल भई तत्काल कारवाही अगाडि बढाई प्रभावकारी अनुसन्धान गरी न्याय प्राप्तिका लागि सहयोग गर्नु पर्ने मूख्य जिम्मेवारी रहेको छ।

महिला हिंसाको न्यूनीकरणको लागि सबै नागरिकले आ-आफनो जवाफदेहिता निर्भाह गरेको अवस्थामा मात्र महिला हिंसाको न्यूनीकरण सम्भव छ। महिला हिंसा तथा अपराधहरूलाई राजनीतीकरण गरिनुहुँदैन, सबै राजनीतीक दलहरूले आ-आफनो घोषणा पत्रमा मानव अधिकारको संरक्षण गर्ने प्रतिवद्धता जाहेर गरेका छन्। घटनाका सम्बन्धमा राज्य गम्भिर हुनु पर्दछ। बलात्कार जस्ता घटनाहरूमा अनुसन्धानमा लापरवाही गर्नेलाई कारवाही गरिनु पर्दछ। अपराधी जुनसुकै संगठनको होस उसलाई दण्डित गरिनु पर्दछ। नेपाली समाज पितृसत्तात्मक समाज भएको कारण महिला माथि बहुआयमिक हिंसा र भेद्भावजन्य व्यवहारहरू अझै पनि कायमै छन्। समाजमा विद्यमान विभेद र रुढीवादी सामाजिक मूल्य मान्यताका कारण घरेलु हिंसा, बहुविवाह, बोक्सीको आरोप, कुटाइ, यौन दुर्व्यवहार, दाइजोको कारण हुने हिंसा, वैवाहिक बलात्कार, रुढिवादी प्रचलनको अभ्यास, हिंसा, यौन शोषण, जबरजस्ति यौन व्यवसायमा लगाउने, महिला बेचविखन र शोषण जस्ता प्रणालीबद्ध हिंसाहरू महिला माथि हुँदै आएका छन्। अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हकको व्यवस्था गरिएको भएतापनि कानूनको कार्यान्वयन हुन नसक्दा पीडित न्यायबाट वञ्चित हुनुपर्ने अवस्था विद्यमान छ।

बालिका तथा महिलाहरूले बदलिदो सामाजिक परिवेश अनुसारका पोशाक तथा पहिरन लगाएका कारण पूरुषको मानसिकतामा परिवर्तन हुने भएकाले महिला हिंसा खास गरी जबरजस्ती करणीका घटनाहरूमा वृद्धि हुने गरेको भन्ने समेत हालसम्म पूरुषको सोच रहेको पाईन्छ। सामाजिक सञ्जालको व्यापक दुरुपयोग हुने कारण १६ वर्ष भन्दा मुनिका बालिका बलात्कृत हुने र बलात्कार गर्ने बालक पनि १६ वर्ष भन्दा मुनिका नै हुने गरेको पाईएको छ। आधुनिक प्रविधिको व्यापक दुरुपयोग गरी प्राय सबैको हातमा मोवाईल हुने र ईन्टरनेटको प्रयोग गरी अश्लिल भिडियोहरू हेरी मनोरञ्जन लिने गरेको र त्यसको यथार्थ जीवनमा प्रयोग गर्न खोज्दा समेत बलात्कारका घटनामा वृद्धि भएको पाईन्छ। किशोर अवस्थामा बालबालिकामा तिब्र यौन जिज्ञासा बढ्दै जाने विद्यालयमा यौन शिक्षाको अभाव हुने, परिवारमा समेत यौनको बारेमा खुलेर बहश नहुने र बालबालिकाको संवेगात्मक विकास भईनसकेको अवस्थाका कारण सही र गलत छुट्याउन नसक्दा यौन ईच्छा पूर्ति गर्न खोज्दा पनि बलात्कारका घटनामा वृद्धि भईरहेको पाईन्छ।

समाजमा अविवाहित महिला तथा बालिकालाई जबरजस्ती करणी भएमा अशुद्ध हुने र विवाह गर्न नसकिने भन्ने पितृसत्तात्मक सोच हावी भएका कारण यस्ता घटना परिवार तथा समाजमा दवाइने गरेको, जवरजस्त मिलाउने गरेको, पूरुष सदैव चोखो नै रहने तर महिला भने यौन सम्पर्क हुना साथ बिटुलो हुने

भन्ने मान्यता हालसम्म पनि रहेको हुँदा एक त घटना उजागर नहुने अर्को पीडकको पहिचान भए पनि कारवाहीको दायरामा नआउने परिस्थिती सिर्जना हुँदा पीडित न्यायको  पहुँचबाट वञ्चित हुनु परेको अवस्था छ।

राज्यको नयाँ संरचनामा स्थानीय तहमा मुद्दा मामिलाको निरुपण गर्न न्यायीक समिति क्रियाशिल रहेको छ तर उक्त न्यायीक समितमा नेपालको कानून अनुसार के कस्ता उजुरीहरू अनुसन्धानको दायरामा पर्छन् भन्ने अनभिज्ञताका कारण गम्भीर किसिमका अपराध बलात्कार तथा जबरजस्ती करणीका मुद्दा समेतमा मिलापत्र गर्ने प्रयास भएको देखिन्छ।

**कानूनी विश्लेषण**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २ ले जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव बिना अधिकार र स्वतन्त्रताहरूको अधिकार हुने कुरा सुनिश्चित गरेको छ। साथै ऐ. धारा ५ ले कुनै पनि व्यक्तिलाई अमानवीय वा अपमानजनक व्यवहार गर्न नपाइने कुरा उल्लेख गरेको छ। ऐ. धारा २५ ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार प्रत्याभूत तथा ऐ. धारा २६(१) प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकारको सुनिश्चित गरेको छ।[३]

यसै गरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (सन् १९६६) को धारा २ र ३ मा सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य हैसियत जस्ता कुनै पनि किसिमको अन्तर नराखी सबै अधिकारको आदर एवम् सुनिश्चित पार्ने अभिभारा दिइनुको साथै अधिकारको उपभोगमा पुरुष र महिलाको समान अधिकार हुने सुनिश्चित गरेको छ।[२]

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (सन् १९६६) को धारा १० ले परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ भनी बालबालिकाको संरक्षणमा परिवारलाई दायित्व प्रदान गरेको छ। त्यसैगरी शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने कुरामा समेत जोड दिएको छ। ऐ १०(२) बमोजिम शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने, ऐ ३ बमोजिम आर्थिक र सामाजिक शोषणबाट बालबालिका तथा तरुणहरूको संरक्षण गर्नुपर्दछ। उनीहरूको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक र जीवनको लागि खतरापूर्ण हुने वा उनीहरूको सामान्य विकासमा अवरोध गर्ने खालका काममा उनीहरूलाई लगाउने कार्यलाई कानूनद्वारा दण्डनीय बनाउनुपर्ने कुरामा जोड दिएको छ।[३]

१ *मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८*

२ *नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी १९६६*

३ *आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धी १९६६*

मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धीका पक्ष राष्ट्रमा सबै पुरुष, महिलाहरुलाई आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा राजनैतिक अधिकारहरु समान रुपले उपभोग गर्न पाउने अधिकार उपलब्ध गराउने दायित्व रहेको हुँदा लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार प्रतिबन्ध गरिने भन्ने महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ (CEDAW) को प्रस्तावनामा नै उल्लेख गरिएको छ। धारा १ ले महिला र पुरुषबीच राजनैतिक, आर्थिक, सामाजिक, साँकृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिलाबीच समानताका आधारमा महिलाहरूद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोगमा अड्चन गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्यले लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिबन्ध सम्झनुपर्छ भन्ने उल्लेख गरेको छ। २ (च) ले महिला विरुद्धको भेद्भाव सृजना गर्ने प्रचलित कानून, नियम, परम्परा तथा व्यवहारहरू परिवर्तन वा उन्मूलन गर्न कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्न पक्ष राष्ट्रलाई जोड दिएको हुन्छ। नेपालले सन् २०११ मा सिड समितिबाट प्राप्त गरेको निष्कर्ष सुझाव नं. १७ मा प्रष्टसँग निर्देशन दिएको छ। पितृसत्तात्मक सौंच र समाजमा गहिरोसँग गाडिएको कुप्रथा, प्रचलनहरू जस्तै छाउपडी, बालबिवाह र दाइजो प्रथा लगायत अन्त्य गर्न तत्काल (ढिलो नगरी) राज्यले समय किटान सहित रणनीतिक उपाय र मूर्त उद्देश्यहरू तय गर्न दिइएको निर्देशन तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धिको समितिको साधारण सुझाव १९ ले लिङ्गमा आधारित हिंसाले महिलाको मानव अधिकार र मौलिक स्वतन्त्रताको उपभोगमा क्षति पुऱ्याउँदछ र जसले महिलाको (क) जीवनको अधिकार, अमानवीय तथा दुर्व्यवहार विरुद्धको अधिकार, व्यक्तिको स्वतन्त्रता तथा सुरक्षाको अधिकार, कानून बमोजिम समान संरक्षणको अधिकार, परिवारमा समानताको अधिकार, शारीरिक तथा मानसिक स्वास्थ्यमा उच्च स्तरको सेवाको अधिकार, स्वस्थ्य तथा उचित वातावरणमा बाँच्न पाउने अधिकार र सम्मानपूर्वक बाँच्न पाउने अधिकार उल्लघंन भएको देखियो।[४]

नेपालले पछिल्लो समय सन् २०१८ महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदन उपर निश्कर्ष टिप्पणीमा ९ मा समिति पक्ष राज्यलाई महासन्धिको धारा १ र २ तथा दिगो विकास लक्ष्यको लक्ष्य नं. ५.१ बमोजिम आफ्नो कानुनी सुधारलाई प्राथमिकतामा राख्दै सबै तिरबाट महिला र बालबालिका विरुद्धका सबै प्रकारका भेद्भाव अन्त्य गर्न र देहायका कार्यहरु गर्न सिफारिस गर्दछः (क) महिला विरुद्ध सार्वजनिक र निजी क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष तथा अन्तरवर्गीय प्रकृतिका बहुविभेदपूर्ण कार्यहरुको परिभाषा सहितको विस्तृत विभेद विरोधी कानून तर्जुमा गर्ने र पीडितहरुलाई प्रभावकारी न्यायको प्रत्याभूति गर्ने, (ख) महिला र बालिका विरुद्ध अझै पनि बाँकी रहेका विभेदकारी संवैधानिक र कानूनी व्यवस्थाहरु खासगरी नागरिकता, सम्बन्ध विच्छेदपछिको वैवाहिक सम्पतिको बाँडफाँड र वैदेशिक रोजगारीमा पहुँच जस्ता क्षेत्रमा रहेका सबै व्यवस्थाहरु खारेज गर्ने रहेको छ।[४]

त्यसैगरी महिला विरुद्ध लिङ्गमा आधारित भेद्भाव अन्तर्गत सुझाव नं. २१ मा प्रष्टसँग महिला विरुद्धको

४ *महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मूलन सम्बन्धी महासन्धि १९७९*

५ *महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदन उपर निश्कर्ष टिप्पणी, महिला कानून र विकासका मञ्च (FWLD ) २०७५,*

लैङ्गिक भेद्भाव सम्बन्धी यसको सामान्य सुझाव नं. ३५ (२०१७) र आवाधिक सामान्य सुझाव नं. १९ समेतका आधारमा पक्ष राज्यहरु तपशील बमोजिमको सिफारिस गरेको छ। (क) आदिवासी सामुदायीक र अस्थायी शिविरहरुमा रहेका समुदायहरु लगायत महिला विरुद्धमा हुने लिङ्गमा आधारित हिंसाबाट खास रुपमा प्रभावित समुदायहरुको निमित्त लक्षित सचेतना बढाउने कार्यक्रमहरु सञ्चालन गर्ने र तिनीहरुबाट लैङ्गिक हिंसा उन्मूलन कोषमा पहुँच उपलब्ध गराउने विशेष व्यवस्था गर्ने र प्रहरी सेवामा आदिवासी महिलाहरुको प्रवेशलाई प्रोत्साहन गर्ने। (ख) छलफलको समयमा संकेत गरिएको सन् २०१८ को अन्त्य अगावै लैङ्गिक सशक्तिकरण र लिङ्गका आधारमा हिंसा सम्बन्धी रणनीति र कार्ययोजना पारित गर्ने र यसको कार्यान्वयनको निमित्त लिङ्गमा आधारित हिंसा अन्त्य गर्ने कोष लगायत पर्याप्त स्रोतहरु विनियोजन गर्ने, (ग) अपराध संहितालाई संशोधन गरी यौनजन्य हिंसा, जबरजस्ती करणी र जबरजस्ती करणी गराइएको गर्भपतनलाई यातना कै रुपमा परिभाषित गर्ने र जबरजस्ती करणीको परिभाषालाई अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधानको व्यवस्था बमोजिम र विश्वव्यापी आवधिक पुनरावलोकनका समयमा प्रतिवद्धता गरिए झै परिस्कृत गर्ने भन्ने सिफारिस रहेकोछ। त्यसैगरी सुझाव नं. २३ मा द्वन्द रोकथाम, द्वन्द र द्वन्दरोत्तर अवस्थामा महिलाको भूमिका सम्बन्धी सामान्य सिफारिस नं. ३० (२०१३) र सामान्य सिफारिस नं ३३ (२०१५) बमोजिम पक्ष राज्यलाई सशस्त्र द्वन्दको समयमा भएका यौनजन्य हिंसाका मुद्दामा हदम्यादको व्यवस्था हटाउने, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको संशोधनलाई पक्ष राज्यको अन्तराष्ट्रिय कानुन अन्तर्गतको दायित्व बमोजिक परिमार्जन गर्ने, नागरिक समाज र पीडितहरुसँग परामर्श गर्ने, सन् २०१५ को फ्रेबुअरी २६ (तदनुसार २०७१ फागुन १४) को सर्वोच्च अदालतको फैसालालाई ध्यानमा राख्दै क्षमादान सम्बन्धी व्यवस्था सच्याउने गरी परिमार्जन गर्ने र ऐनमा लैङ्गिक दृष्टिकोणलाई समावेश गर्ने कुराको सुनिश्चितता गर्ने। (ग) मा सशस्त्र द्वन्दको समयमा पीडित भएका महिला र बालिकाहरुलाई अन्तरिम राहत र पूर्ण प्रभावकारी क्षतिपूर्ति, पुनर्स्थापना सहितको न्यायमा पहुँच दिने र भविष्यमा त्यस्ता घटना नदोहोरिने कुराको प्रत्याभूति गर्ने भन्ने सिफारिस गरेको छ।

बुँदा नं. २५ मा मानव बेचबिखान तथा लैङ्गिक र अन्य प्रकारका शोषण लगायत सार्वजनिक र निजी क्षेत्रमा महिला र बालिका विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्न समति पक्ष राज्यलाई दिगो विकास लक्ष्यको ५.२ मा लक्षित हुन ध्यानाकर्षण गराउँदछ जुन यस प्रकार रहेको छ : (क) वैदेशिक रोजगारमा जान इच्छुक महिला कामदारहरुमा लागू गरिएको प्रतिवन्ध फुकुवा गर्ने र ग्रामीण, विस्थापित , आदिवासी जनजाती र दलित महिला तथा बालबालिकाहरुमा बेचविखनका जोखिम र बेचबिखनको आपराधिक प्रकृतिका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने व्यवस्था गरेको छ।

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार देशको कुल जनसंख्याको आधा भन्दा बढी हिंसा (५०.४५) प्रतिशत महिलाले ओगटेको छ। तर महिला र पुरुषबीचको असमान शक्ति सन्तुलनका कारण महिलाहरु पुरुषको तुलनामा आर्थिक, समाजिक, राजनीतिक रुपमा पछाडि पारिएका छन्।[६] देशको स्रोत साधन वितरण र उपभोगमा महिलाहरुको अवसर, पहुँच नगन्य मात्रामा रहेको छ। पितृसतात्मक सोच र सँस्कृतिबाट केन्द्रित राज्य व्यवस्था र सामाजिक संरचनाले सामाजमा स्थापित महिलालाई हेर्ने असमान पूर्ण दृष्टिकोण र मूल्यमान्यता कारण महिलाहरु राज्यका हरेक क्षेत्रबाट पछाडि पारिएका छन्।

६ *नेपालको राष्ट्रिय जनगणना २०६८*

नेपालको संविधानको धारा १६ को उपधारा (१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानको धारा २१ ले अपराध पीडितलाई मुद्दा अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हकको सुनिश्चित गर्नुका साथै अपराध पीडीतलाई सामाजिक पुर्नस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने कुराको ग्यारेन्टी गरेको छ। संविधानको धारा २९ को उपधारा (१) ले प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक प्रदान गरेको छ। त्यस्तै उपधारा (२) ले धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न नपाईने सुनिश्चितता गरेको छ। त्यसैगरी धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ। उक्त धाराको (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेद्भाव बीना समाज वंशीय हक हुनेछ। (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुनेछ। (३) मा महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। साथै (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरेको छ।[७] त्यसैगरी धारा १८ मा समानताको हकको व्यवस्था गरेको छ। उक्त धाराको (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समाज संरक्षणबाट वञ्चित गरिने छैन। (२) मा सामान्य कानूनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिती, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेद्भाव गरिने छैन। (३)मा राज्ये नागरिकहरुका बीच उत्पति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, अीर्थक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने उल्लेख गरेको छ।

नेपालको संविधानले संघीय संसदमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको अनिवार्य प्रावधान गरेको छ भने ४० प्रतिशत महिलाको सहभागिता स्थानीय तहमा सुनिश्चित गरेको छ। प्रतिनिधि सभा र प्रदेश सभामा प्रत्यक्षतर्फ उम्मेदवारी दिएका १९४५ मध्ये महिलाहरुको संख्या जम्मा १३६ मात्र रहेको थियो। दलहरुले महिला प्रतिस्पर्धी बनाउनुको भन्दा समानुपातिक निर्वाचन प्रणाली मार्फत संसदमा प्रतिनिधित्व पुरा गर्ने रणनीति अपनाएको हुँदा महिलाको नेतृत्वदायी क्षमताको अवमूल्यन भएको देखिन्छ।

मुलुकी अपराध (संहिता) ऐन २०७४ संसदबाट पारित भई २०७५ भदौ १ गतेबाट लागू भैसकेको छ। यस संहिताको परिच्छेद १० मा भेद्भाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर महल रहेको छ। उक्त महलको दफा १६८ को उपदफा (१) मा निम्न अपमानजनक वा अमानवीय व्यवहारलाई कसूरजन्य कार्य मानिएको छ : (क) बोक्सा बोक्सी आरोप लगाउने, उपदफा २ मा यस्ता कसुर गर्ने व्यक्तिलाई पाँच वर्ष कैद र पचास हजार जरिवाना हुनेछ। (३ )मा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडी मा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन। ऐ.(४) उपदफा (३) बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना

७ *नेपालको संविधान २०७२, नेपाल सरकार, कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति*

र दुवै सजाय हुनेछ। (५) राष्ट्र सेवकले यस दफा दफामा लेखिएको कसुर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुनेछ भन्ने उल्लेख गरिएको छ।[८] मुलुकी अपराध (संहिता) को परिच्छेद १८ को दफा २१९ ले करणी गर्न नहुने भन्ने व्यवस्था गरेको छ। उक्त दफाको उपदफा २ मा कसैले कुनै पनि महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको निम्न बमोजिमको अवस्थामा मानिनेछ : ऐ. दफाको परिच्छेद (क) मा करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्याउनमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, (ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, (ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएको पनि जबरजस्ती करणी गरेको मानिनेछ।

त्यसैगरी ऐ दफाको उपदफा (३) मा जबरजस्ती करणी गर्ने व्यक्तिलाई करणी गर्दाको परिस्थिती र महिलाको उमेर हेरी देहाय बमोजिमको कैद हुनेछः (क) दश वर्षभन्दा कम उमेरको बालिका भए सोह्रदेखि बीस वर्षसम्म। (ख) दश वर्ष भन्दा बढी चौध वर्षभन्दा कम उमेरको बालिका भए चौधदेखि सोह्र वर्षसम्म, (ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरको बालिका भएका बाह्र वर्षसम्म, (घ) सोह्र वर्ष भन्दा बढी अठार वर्षभन्दा कम उमेरको महिला भए दशदेखि बाह्र वर्षसम्म, (ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरको महिला भए सात वर्षदेखि दश वर्षसम्म कैद सजायको व्यवस्था गरेको छ।

ऐ. दफाको उपदफा (४) मा उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा पाँच वर्षसम्म कैद हुनेछ। त्यसैगरी उपदफा (५) उफदफा ४ बमोजिमको अवस्थामा पीडितको निवेदन माग भए बमोजिम आवश्यक भएमा पतिको नाममा देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछः (क) पत्नीलाई निज बसी आएको घरमा नै बसोवास गर्न दिन, पत्नीलाई खान लगाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लागाउन, (ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन, (ग) दुवैलाई एकै ठाउँमा बसोवास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा अलग बस्दा पत्नीको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन, (घ) पत्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

त्यसैगरी दफा २२४ मा यौन दुर्व्यवहार गर्न नहुने व्यवस्था गरेको छ। उपदफा (१) मा कसैले कसैलाई यौन दुर्व्यवहार गर्न वा गराउँनु हुँदैन भन्ने रहको छ। उपदफा (२) कसैले पनि आफ्नो पती पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरी बिना करणी आशयले समातेमा वा निजको संवेदनशिल अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरी पोशाक लगाउन बाधा गरेमा एकान्तमा लगी आफ्नो यौनाङ्ग छुन लगाउने, देखाउने र निजसँग अश्लिल शब्द बोल्ने, साँकेतिक रुपमा वा विद्युतीय

८ *मुलुकी अपराध (संहिता) ऐन २०७४ मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४, पेज ६४, ८२ देखि ८७ सम्म , पेज ४३ देखि ४४*

माध्यमबाट प्रयोग गरी अश्लिल तस्वीर र चित्र देखाएमा, यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा निजसँग अस्वभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिनेछ।

दफा (२२५) मा बाल यौन दुरुपयोग गर्न नहुने व्यवस्था गरेका छ। ऐ. दफाको उपदफा (१) कसैले बाल यौन दुरुपयोग गर्न वा गराउन हुँदैन। त्यसैगरी उपदफा (२) मा कसैले करणीका आशयले बालबालिकालाई अस्वभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा यौन सम्बन्धी आफ्नो यौन अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बालयौन दुरुपयोग गरेको मानिनेछ। उक्त माथिका दफा (२२४) र (२२५) सम्बन्धी कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था गरेकोछ।

ऐ. दफा को उपदफा (६) मा उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (HIV/AIDS) वा सरुवा यौनरोग (STD) भएको थाहा पाउँदा-पाउँदै कसैले जबरजस्ती करणी गरेको भए त्यस्तो कुसरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत हुनेछ।

ऐ. दफा को उपदफा (७) मा सामूहिक रुपमा जबरजस्ती करणी गरेमा वा ६ महिना भन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जबरजस्ती करणी गरेका उपदफा (३) मा लेखिएको सजायमा थप पाँच बर्षसम्म कैद हुनेछ। त्यसैगरी उपदफा (८) मा कसैले हाडनाता करणी गरेमा निजलाई हाडनाता करणीमा यस परिच्छेद बमोजिमको सजायमा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ।

दफा (२२८) मा क्षतिपूर्ति भराउने भन्ने व्यवस्था गरेको छ जस अनुसार दफा (२२०) हाडनाता करणी र अप्राकृतिक मैथुन (२२६) अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई कसुरदारबाट मुनासिव क्षतिपूर्ति भराइदिनु पर्नेछ।

दफा (२२९) मा हदम्याद सम्बन्धी व्यवस्था गरेको छ, उपदफा (१) मा २२० अन्तर्गतको कसुरमा जहिलेसुकै पनि उजुर गर्न सकिनेछ। उपदफा (२) मा दफा २१९ को उपदफा (३) अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्ष भित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसुर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन भन्ने व्यवस्था गरिएको छ।

मुलुकी अपराध संहिताको परिच्छेद-५ अन्तर्गत सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसुरको दफा (११८) मा अभद्र व्यहार गर्न नहुने भन्ने रहेको छ त्यसैगरी उपदफा (१) मा कसैले सार्वजनिक स्थान वा कानूनी रुपमा प्रवेश निषेधित क्षेत्रमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रुपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्न हुदैन भन्ने व्यवस्था गरेको छ। यदि उक्त कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी दफा (१२०) मा वेश्यावृति वा वेश्यागमनका लागि आफ्नो घर, जग्गा, सवारी साधन उपलब्ध गराउन हुँदैन। यस्तो कसूर गर्ने

व्यक्तिलाई छ महिना कैद र पाँच हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ। त्यसैगरी दफा (१२१) अश्लिल किताब, पर्चा इत्यादि बनाउन वा बिक्री गर्न नहुने गरेकोछ। उक्त दफाको उपदफा (१) मा कसैले सार्वजनिक रुपमा अश्लिल किताव पर्चा बनाउने कुनै काम गर्न हुँदैन भन्ने रहेको छ।

दफा (१२२) मा सार्वजनिक स्थानमा यौनाङ्ग देखाउन नहुने व्यवस्था रहेको छ। उक्त दफाको उपदफा (१) मा दश वर्ष भन्दा माथिका व्यक्तिले स्वास्थ्य विज्ञान वा चिकित्सा सम्बन्धी उपचारको प्रयोजनका लागि बाहेक सार्वजनिक स्थानमा अश्लील क्रियाकलाप वा व्यवहार गर्न वा यौनाङ्ग देखाउन वा कसैलाई अश्लिल शब्द बोल्न वा इशारा गर्न हुँदैन। यस्तो कसूर गर्ने व्यक्तिलाई छ महिना कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था गरेको छ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को प्रस्तावनामा प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्य रहेको उल्लेख गरिएको छ। उक्त ऐनको २ मा परिभाषा अन्तर्गत (क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ[९] भन्ने उल्लेख गरेको छ।

९ *घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६*

## यौनजन्य अपराध र अनुसन्धान तथा अभियोजन

मुलुकी फौजदारी कार्यविधी २०७४ ले जबरजस्ती करणी कसूरलाई जघन्य कसूरको रुपमा परिभाषित गरी यस्तो कसूर सोही ऐनको अनुसूची १ मा समावेश गरी यस्तो कसूरको अनुसन्धान र अभियोजन गर्ने दायित्व र जिम्मेवारी राज्यपक्ष अर्थात सरकारमा निहित हुने व्यवस्था हुने गरेको छ। यस किसिमका जघन्य अपराधको रोकथाम, नियण्त्रण र कारवाही व्यक्ति विशेषले सम्भव नहुने भएकाले राज्यले नै जिम्मा लिएको अवस्था छ। जबरजस्ती करणी सम्बन्धी कसूर सम्बन्धी कुनै सुचना प्राप्त भएमा सम्बन्धित प्रहरी कार्यालयले दर्ता गरी कार्वाही प्रक्रिया अगाडी बढाउनु पर्नेछ। यसरी सूचना प्राप्त भएपछि सम्बन्धित प्रहरी कार्यालय वा प्रहरी कर्मचारीले कसूर सँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिने र कसूर गर्ने व्यक्ति भाग्न उम्कन नपाउने गरी आवश्यक प्रभावकारी व्यवस्था यथाशिघ्र गर्नुपर्ने छ। जबरजस्ती करणीको कसूरमा कम्तीमा प्रहरी निरीक्षक दर्जाको अनुसन्धान अधिकृत तोक्नु पर्दछ।

जबरजस्ती करणीको कसूरको जाहेरी दरखास्त वा सूचना दर्ता हुनासाथ त्यस्तो कसूरको जाहेरी दरखास्त वा सूचना दर्ता हुनासाथ त्यस्तो कसूरको अनुसन्धान गर्न तोकिएको कर्मचारी वा अनुसन्धान अधिकारीले अनुसन्धान शुरु गरेपछि सो को प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा ३ दिन भित्र पठाउनु पर्नेछ। यस्तो प्रारम्भिक प्रतिवेदनमा घटनास्थल विवरण, कसूर भएको स्थलको वस्तुस्थितीको मुचुल्का, खानतलासी वा वरामती मुचुल्का वा ज्यान मारेको कसूरमा लाशजाँच मुचुल्का समेत समावेश हुनुपर्दछ। प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले आवश्क निर्देशन दिनु पर्ने वा दिन सक्ने छ। जबर जस्ती करणी जस्तो कसूरमा सर्वोच्च अदालतको फैसला कल्याण श्रेष्ठ, बलराम केसी, सुन्तली धामीको केश एवम् विगतका सबै प्रहरी महानिरिक्षकबाट प्रस्तुत भएका प्रतिवद्धतालाई मध्य नजर गरी अनुसन्धान गर्न विशेष टोली गठन गर्न सम्बन्धित प्रहरीकार्यालय वा केन्द्रबाट प्रहरी महानिरिक्षकले खटाउन सक्नेछ।

यसरी हुने अनुसन्धानको शिलसिलामा प्रमाणको संकलन, अभियुक्तको वयान, थुनामा राख्ने सम्मको अधिकार कानूनले प्रदान गरेको छ। जबरजस्ती करणीबारे अनुसन्धान अधिकारीले अधिक संवेदनशीलता अपनाउनु पर्ने हुन्छ जस्तै प्रमाणको सुरक्षा,व्यक्तिको रगत, वीर्य, रौं वा शरीरको अन्य कुनै भागमा डि.एन.ए. वा अन्य कुनै भौतिक प्रमाण तत्काल परिक्षण गराउनु पर्ने हुन्छ। कहिलेकहीँ सम्बन्धित अनुसन्धान अधिकारीलाई विशेषज्ञ मार्फतबाट पनि प्रमाणको परिक्षण गर्नुपर्ने हुन्छ। त्यस्तो काम विलम्ब नगरि तत्काल गर्नुपर्छ।

जबरजस्ती करणीको मुद्दामा शिघ्र न्याय अवस्थालाई पहिला प्राथमिकतामा राखी अनुसन्धान प्रतिवदन सरकारी वकील कार्यालयमा पठाउनु पर्ने हुन्छ। अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले थप अनुसन्धान गर्न वा मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्णय गर्ने छ तर प्रहरी कार्यालयबाट प्राप्त अनुसन्धान प्रतिवेदनको प्रमाण एवम् पीडित सँगको भेटपछि मुद्दाचलाउने वा नचलाउने अधिकार सरकारी वकीललाई रहेको छ। सरकारी वकीलले मुद्दा चलाउने पर्याप्त आधार नभएमा सोही व्यहोरा उल्लेख गरी महान्यायधिवक्ता समक्ष पठाई निकास भए बमोजिम गर्नु पर्ने छ तर सरकारी वकीलले मुद्दा चलाउने आधार प्रमाण भएमा अभियोगपत्र तयार गरी म्याद भित्रै सम्बन्धित अदालतमा अभियोगपत्र पेश गर्नु पर्ने छ।

अभियोगपत्र पेश गर्दा कसूरका सम्बन्धमा संकलित सबुत प्रमाण, दसी तथा वस्तु र अभियुक्त हिरासतमा रहेको भए र सरकारी वकिलको जिम्मेवारी तोकेको छ।अनुसन्धान कमजोर भएमा त्यसको पूर्ण दायित्व प्रहरी एवम् सरकारी वकिलमा निहित हुन्छ। सुचना दिने व्यक्ति वा अन्य आधार वा माध्यमबाट प्रहरीलाई प्राप्त सुचना नै अपराधको अनुसन्धान एवम् अपराध पीडितलाई सुरक्षित गर्ने आधार हुन्। अतः सम्बन्धित अधिकारीले प्रहरी, सम्बन्धित प्रहरी कार्यालय तथा सरकारी वकिल बढी जिम्मेवार हुनुपर्दछ।

**यौनजन्य अपराध र न्यायीक कारवाही र निर्णय**

कुनै पनि कसुर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार त्यस्तो कसुर भएको क्षेत्रको सम्बन्धीत जिल्ला अदालतलाई हुन्छ। यसरी न्याय मर्न नदिने एवम् छिटो न्याय प्राप्ति होस् भन्का लागि द्रुत बन्द ईजलाश गठन गरी टुङ्गयाउनु पर्नेछ। यसरी कसुरका सम्बन्धमा अदालतमा मुद्दा दायर भएपछि अदालतले त्यस्तो मुद्दाको कारवाही विलम्ब नगरि प्रारम्भ गर्नुपर्ने छ। आवश्यकतानुसार पक्राउपूर्जी र समाहवान जारी गर्ने छ। अदालतमा अभियोगपत्र दर्ता भएपछि अदालतले कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनाशिव आधार भएमा जबरजस्तिकरणीको मुद्दामा त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षका लाग थुनामा राख्ने छ। पर्याप्त आधार प्रमाण नभएमा धरौटी, जमानत वा बैंक जमानत वा तारेखमा राख्न सक्ने छ।

जबजस्तीकरणी कसूर सम्बन्धी मुद्दा अदालतमा दायर भईसकेपछि त्यसको प्रगती विवरण सम्बन्धीत व्यक्तिलाई अनिवार्य दिईने छ एवम् एक पटक दायर भैसकेको मुद्दा फिर्ता लिन मिल्दैन वा छैन । अदालतमा अभियुक्त उपस्थित भएपछि अभियुक्तलाई अभियोग सुनाई बयान लिईन्छ । अभियुक्तको बयानपछि अदालतले पुर्पक्षका निम्ति थुना, धरौटी वा तारेखमा राख्ने आदेश गर्नेछ।

अदालतले आवश्यक सबूद प्रमाण बुझ्न सक्ने वा पुनः अनुसन्धान गर्न सक्नेछ । यौनजन्य कसूर महिला हिंसा, जबरजस्तिकरणी जस्ता मुद्दामा अनिवार्य बन्द ईजलास हुनुपर्ने छ। यसरी बन्द ईजलासमा सम्बन्धीत पक्ष, सम्बन्धीत कानून व्यबसायी, अदालतमा कर्मचारी र अदालतले आवश्यक देखेका अन्य व्यक्ति मात्र प्रवेश गर्न सक्नेछ । यसरी कारवाही प्रक्रिया समाप्त भएको १ महिना भित्र अदालतले समान्यतया फैसला गर्नु पर्ने कानूनी व्यवस्था छ।

**हिंसाका स्वरुपहरू**

लैंङ्गिक समानता कायम गर्न तथा लैंङ्गिक हिंसा अन्त्य गर्न बनेको ऐन, २०७२ बमोजिम “लैंङ्गिक हिंसा भन्नाले सार्वजनिक वा नीजि जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ।”

त्यसैगरी नेपाल सरकार, प्रधानमन्त्रीको कार्यालयले जारी गरेको लैंङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि, २०६८ अनुसार “लैंङ्गिक हिंसा भन्नाले घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य विभेदपूर्ण व्यवहार लगायत लैंङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ”

भनेर परिभाषा गरेको पाइन्छ । माथिको परिभाषाको आधारमा कुनै पनि व्यक्तिलाई उसको लिङ्गभेदको आधारमा गरिएको शारीरिक, मानसिक, सामाजिक सास्कृतिक, आर्थिक र यौनिकरुपले पीडा दिने वा पीडा पुऱ्याउने वा त्यस्ता कार्यहरू गर्नका लागि डर, धाक, धम्की जस्ता व्यवहार गर्नु, वा व्यक्तिको आधारभूत स्वतन्त्रता खण्डित गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहार गर्नु लैंङ्गिक हिंसा हुन् । लैंङ्गिक हिंसाको परिभाषा व्यापक छ । घरदेखि कार्यथलोसम्म, अपमानजन्य शब्दको प्रयोगदेखि व्यवहारसम्म, लेखेर वा बोलेर, कागजदेखि भाषणसम्म, भ्रुणदेखि जीवनपर्यन्त लैंङ्गिक हिंसा हुनसक्छ । लैंङ्गिक हिंसा कानून बमोजिम दण्डनीय छन् । नेपालको संविधान २०७२ मा, कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनिय हुनेछ भन्ने व्यवस्था छ ।

महिला, पूरुष र तेस्रो लिंङ्गी भएकै आधारमा महिला, पूरुष र तेस्रो लिंङ्गीहरूलाई गरिने विभिन्न भेद्भाव, दुर्व्यवहार, अपमान, शारीरिक, मानसिक, भावनात्मक र यौनजन्य पीडा सबै लैंङ्गिक हिंसा हुन् भन्नेकुरा माथिको परिभाषाबाट अवगत भएको छ । एउटा व्यक्ति, समाज, समूह, संस्था, राजनीतिक दल, राज्य, नीजि क्षेत्र, संञ्चार माध्यम आदिले बोलेर वा लेखेर वा त्यस्तो व्यवहार गरेर वा कुनै पनि संकेतद्वारा फरक लिंङ्ग भएकै कारण महिला वा पूरुष वा तेस्रो लिङ्गीहरूको मन, भावनामा चोट पुऱ्याएर, कुटपीट वा लछारपछार गरेर, अग्नी जन्य पदार्थ वा एसिडको प्रयोग गरी वा विभिन्न प्रकारले यौनजन्य दुर्व्यवहार गरेर वा मानव वा मानव अंग बेचविखन गरेर वा लिङ्ग पहिचान गरी गर्भपतन गर्न दवाब दिइ वा जबरजस्ती गर्भपतन गराएर वा फरक लिंङ्ग भएकै आधारमा शिक्षा, स्वास्थ्य, पोषण, मायाममता, स्याहारसुसारमा विभेदपूर्ण व्यबहार गरेर वा असमान कामको असमान ज्याला दिएर वा श्रम शोषण आदि गरेर वा माथिका यस्तै यस्तै कार्य गर्न लगाएर लैंङ्गिक हिंसा गर्दै आएको पाइन्छ। लैंगिकतामा आधारित हिंसा महिला, पूरुष र तेस्रोलिंङ्गी सबैमाथि भएका छन्। पूरुषविरुद्ध हुदै आएका लैंङ्गिक हिंसाभन्दा महिला विरुद्ध हुदै आएका लैंङ्गिक हिंसाहरू बढी खतरनाक र गम्भिर प्रकृतिका छन्।

**महिला हिंसा**

महिला र बालबालिका माथि विभिन्न प्रकारका लैंङ्गिक हिंसा र घरेलु हिंसाहरू भएका छन् । महिलालाई अपमान गर्ने, महिलाको शरीरको अखण्डता तथा स्वतन्त्रसँग हिँड्डुल गर्न पाउने अधिकारलाई व्यक्तिगत दवाब तथा सामाजिकरूपमा दमन गरी महिलाको अधिकारको खण्डन गर्ने, मानसिक तथा शारीरिकरूपमा चोट पुऱ्याउने, आर्थिकरूपमा विपन्न र परनिर्भर बनाउने, यौनशोषण गर्ने, सामाजिकरूपमा लान्छना लगाउने, बहिस्करण गर्ने वा अलग्याउने वा हेला गर्ने, बालविवाह, बेचविखन गर्ने, महिलाको उपश्थितीलाई अस्वीकार गर्ने, हतोत्शाहीत पार्ने, महिला भएकै कारण असहयोग गर्ने, उत्प्रेरणा नदिने आदि कार्यहरूलाई महिलामाथि हुने हिंसा भनिन्छ। महिलामाथि गरिने हिंसाका मिूख्य सात स्वरुपहरूद्द निम्नानुसार छन्। [9]

१. **शारीरिक हिंसा**

शारीरिक हिंसा भन्नाले कुनैपनि प्रकारको हातहतियार प्रयोग गरी वा नगरि महिला भएकै नाताले उनलाई

9 https://mowcsc.gov.np/uploads/uploads/5zGTAOooE8r85Ei5IEx4T0Ld8cCUTPhJyNbq2w3Y.pdf

कुटपीट गर्ने, शरीरमा चोटपटक लाग्ने, निलडाम बनाइदिने, लछारपछार पार्ने वा थुनामा राख्ने आदि कार्यलाई शारीरिक हिंसा भनिन्छ। शारीरिक हिंसा गर्दा कहिले काही महिलाको प्राणसमेत जान सक्छ। नेपालमा २३ प्रतिशत महिलालाई शारीरिक हिंसा, ८१.७ प्रतिशत बालबालिकालाई अनुशासनका नाममा शारीरिक मानसिक दण्डसजाँय दिइएको युनिसेफले गरेको MICS, 2014, Unicef मा उल्लेख गरेको छ।

### २. मानसिक तथा भावनात्मक हिंसा

शारीरिक कुटपिट तथा यातनाको धम्की दिने, गालीगलौज गर्ने, अपशब्द बोल्ने, धम्क्याउने, त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप तथा लान्छना लगाउने, घरबाट निकाला गर्ने, मानसिक चोट पुग्न सक्ने कार्य गर्ने गराउने, अरूका अगाडि होच्याउने, हेला गर्ने, तिरस्कार गर्ने, इच्छाविपरीत काम गर्न दवाब दिने, बैचारिक आस्थाका नाममा धम्क्याउने, धर्म, परम्पराका आधारमा गरिने भेद्भावजन्य व्यवहार, बोली आदि कार्य सबै मानसिक तथा भावनात्मक हिंसाभित्र पर्दछन्। व्यंग्य गर्ने वा नबोल्ने साथै ईच्छा विपरितका कार्य गरेर सताउने, मन नपर्ने वस्तु तथा मानिसको प्रयोग गरी मनमा पीडा पुऱ्याउने, होच्याउने, मनोसामाजिक बल, हिम्मत सबै नस्ट गर्ने गराउने कार्य पनि मानसिक तथा भावनात्मक हिंसा नै हो यसले व्यक्तिलाई डिप्रेसनतिर लैजाने एउटा गम्भिर तरिका पनि हो। नेपालमा १२ प्रतिशत महिलालाई मानसिक तथा भावनात्मक हिंसा भएको छ (नेपाल सरकार, राष्ट्रिय जीवनस्तर सर्वेक्षण सन् २०१६) यौनजन्य हिंसा, आर्थिक हिंसा, सामाजिक सास्कृतिक हिंसा, शारीरिक मानसिक हिंसाका मूख्य कारक तत्वहरू हुन्। त्यसैगरी कर्तव्यज्यान गर्ने, अपहरण गर्ने, शरीर बन्दक राख्ने, कुटपीट गर्ने, अंङ्गभङ्ग पार्ने, अग्निजन्य पदार्थको प्रयोग गरी हिंसा गर्ने आदि कार्यले पनि शारीरिक मानसिक हिंसालाई बढाउँछ। नेपालमा २६ प्रतिशत महिलालाई शारीरिक मानसिक हिंसा हुने गरेको कुरा नेपाल सरकारले गरेको राष्ट्रिय जीवनस्तर मापन सर्वेक्षण सन् २०१६ मा उल्लेख गरिएको छ।

### यौनजन्य हिंसा

यौनजन्य हिंसाले महिलाको यौनजन्य अङ्ग तथा अन्य संवेदनशील अङ्गसँग सम्बन्धित दुर्व्यवहार र उत्पीडनलाई जनाउँछ। यसभित्र महिलाको इच्छाविरूद्ध जबरजस्ती करणी गर्नु, १८ वर्ष मुनीका बालबालिकाको सहमती लिएरै यौनसम्बन्ध राख्नु वा राख्ने प्रयास गर्नु वा यौन अङ्ग तथा अन्य संवेदनशील अङ्ग छुने वा नजिक आउने, अश्लील चित्र, दृश्य वा फिल्म देखाउनुवा जबरजस्ती यस्ता चित्र, दृश्य वा फिल्म खिच्न कर लगाइनु आदि यौनजन्य हिंसाभित्र पर्दछन्। त्यसैगरी, महिलाको सुरक्षित यौनस्वास्थ्यमा आघात पुग्ने, जबरजस्ती गर्भधारण, जबरजस्ती गर्भपतन, यौन शोषण, प्रलोभनमा पारेर वा बाध्यतापूर्ण यौन व्यवहार गर्ने र शरीरिको मूख्य सम्वेदनशील भाग जस्तै योनी, स्तन, ओठ, र गुदद्वार जस्ता भागहरूमा छुन खोज्नु, चलाउनु आदि यौनजन्य हिंसाभित्र भित्र पर्दछ। यतिमात्र होइन, बस तथा अन्य सवारी साधनमा गरिने दुर्व्यवहारपूर्ण यौनिक कृयाकलाप, बजार, बाटोघाटो तथा सार्वजनीक ठाउँमा गरिने यौनजन्य जिस्काईहरू, सीटी बजाएर वा हुटिङ गरेर हतोत्शाही पार्नु, मनमा असजिलो हुने गरी हेरीरहनु, समलिंङ्गीको आरोप लगाउनु आदि पनि यौनजन्य हिंसा हुन्। यौनजन्य हिंसा वैवाहिक सम्बन्धमा पनि हुन सक्छ। चिनेका वा नचिनेका व्यक्ति, घरमा आउने पाहुना वा आफन्त जोबाट पनि यौनजन्य हिंसा हुनसक्छ। त्यसैगरी सामाजिक सञ्जालको दुरुपयोग गरी अश्लिील फोटोहरू इमेल, मेसेज, आदि

पठाएर वा सार्वजनिक गरिदिएर वा सार्वजनिक गरिदिने धम्की दिएर पनि यौनजन्य हिंसा गर्न सक्दछन् । नेपालमा ३४ प्रतिशत महिलामाथि श्रीमाहरूले यौनजन्य हिंसा गरेका छन् (नेपाल सरकारले गरेको राष्ट्रिय जीवनस्तर सर्वेक्षण सन् २०१६)

बलात्कार, बलात्कारको प्रयास, बलात्कारका लागि सहयोगी कार्य, यौन दुर्व्यवहार, यौन शोषण र वैवाहिक बलात्कारहरू सबै यौनजन्य हिंसामा पर्दछन्। १. बलात्कारः बलात्कारलाई अर्को शब्दमा जबरजस्ती करणी पनि भनिन्छ । महिलाको सहमती नलिई वा धाकधम्की दिइ वा जोरजुलुम गरी वा जबरजस्ती यौनसम्बन्ध राख्नु भनेको बलात्कार हो भने १८ वर्ष मुनीका बालिकालाई को सहमती लिई वा नलिई वा ललाइ फकाई वा लोभदेखाई बालबालिकासँग यान सम्बन्ध राख्नुलाई बलात्कार भनिन्छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिनेछ भन्ने व्यवस्था गरेको छ । ऐन बमोजिम निम्न अवस्थामा बलात्कार भएको मानिन्छ ।

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, मुलुकी अपराध संहिता २०७४, करणी सम्बन्धी कसुर महलको दफा २१९ (२)

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ ।

२. **बलात्कारको प्रयास**ः बलात्कारको प्रयास पनि यौनजन्य हिंसा हो र यो अपराध हो । करणीको आसयले कुनै पनि व्यक्तिलाई यौनदुर्व्यवहार गरेमा, भित्री पोषाक खोली संवेदनशील अङ्गहरू जोडेमा, छोएमा वा छुने प्रयास गरेमा बलात्कारको प्रयास गरेको मानिन्छ ।

३. **यौन दुर्व्यवहार**ः यदि कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरी विना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रूपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिने छ भनेर ऐनलेछ परिभाषा गरेको छ । छ मुलुकी अपराध संहिता २०७४ को दफा २२४ (२)कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ अनुसार निम्न अवस्थामा यौनजन्य दुर्व्यवहार गरेको मानिने छ भनेको छ । कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको

दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछः-

(क) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा,
(ख) अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा,
(ग) लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,
(घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,
(ङ) यौनजन्य आशयले जिस्क्याएमा वा हैरानी दिएमा

**यौन शोषण**

कुनैपनि प्रकारको लाभ लिने प्रयोजनले वा धन कमाउने वा नाफा आर्जन गर्ने उद्देश्यले महिला तथा बालबालिकालाई प्रयोग गरी वा ललाई फकाई वा प्रलोभनमा पारी वा डरधाक धम्की दिई जबरजस्ती यौनकार्य गर्न लगाउनु यौन शोषण हो ।

**वैवाहिक बलात्कार**

वैवाहिक सम्बन्धमा पनि बलात्कार हुनसक्छ । यदि श्रीमान श्रीमतीबीच एकआपसमा सहमती नभई, श्रीमती वा श्रीमानको इच्छाविरुद्ध जबरजस्ती करणी गरेमा त्यसलाई वैवाहिक बलात्कार भनिन्छ । हाम्रो समाजमा प्राय श्रीमतीमाथि श्रीमानले वैवाहिक बलात्कार गरेका घटनाहरू सार्वजनिक हुँदै आएका छन् । विवाह गरेर ल्याएकी श्रीमतिमाथि मेरो पुरै हक छ, मैले जे गरेपनि हुन्छ भन्ने गलत सामाजिक मानसिक सोचाईले घरमा कहिल्यै शान्ति हुँदैन । श्रीमान श्रीमती एकअर्काका असल र सहयोगी जीवन साथी हुन तर दास र दासीको सम्बन्ध होइन । मेरो शरीरमाथि मेरो अधिकार छ भन्नुको अर्थ पनि एकले अर्कोको शरीरलाई जबरजस्ती प्रयोग गर्नुहुँदैन भन्ने हो । जबरजस्ती यौनसम्बन्ध राख्दा पूरुषलाई यौन सन्तुष्टी मिल्न सक्ला तर श्रीमतीको प्रेम मिल्दैन भने श्रीमतीलाई यौन सन्तुष्टी पनि मिल्दैन बरु उल्टै शारीरिक मानसिक पीडा बोध हुन्छ, भावनामा चोट पुर्‍याउँछ, महिलाको यौन तथा प्रजनन् अधिकारको उलंघन हुन्छ, अनिच्छत गर्भधारण हुनसक्छ, जोखिमपूर्ण तरिकाले गर्भपतन गर्ने सम्भावना हुन्छ र यसले आमाको ज्यानै समेत पनि जान सक्छ । त्यसैले श्रीमतीको मन्जुरी वा सहमती बिना यौनसम्बन्ध राख्नुलाई कानूनले बलात्कार र अपराधिक कार्य हो भनेको छ ।

**आर्थिक हिंसा**

सगोल वा नीजि सम्पत्तिको प्रयोग गर्न, रोजगारी वा आर्थिक स्रोतसाधनको पहुँचमा रोकलगाउने, महिलाले रोजगारीको काम गर्छु भन्दा वा जागिर वा व्यापार व्यावसाय गर्छु भन्दा गर्न नदिने, काम गरेबापत फरक लिंग भएको आधारमा असमान ज्याला दिने, कमाएर ल्याएको तलब माथि नियन्त्रण गर्ने, काम गर्न लगाएर श्रम नदिने आदि कार्य आर्थिक हिंसाभित्र पर्दछ । आर्थिक हिंसाका कारण विश्वमै ७० प्रतिशत महिला गरीब छन् (विश्व स्वास्थ्य संगठन) ।

## सामाजिक तथा साँस्कृतिक हिंसा

परम्परागत सामाजिक मूल्यमान्यताका आधारमा महिलामाथि विभिन्न प्रकारका सामाजिक साँस्कृतिक हिंसा हुदै आएका छन् र सबैप्रकार सामाजिक हिंसाहरू रूपमानेपालको कानून बमोजिम दण्डनीय छन् । महिलाविरुद्ध हुँदै आएका सामाजिक साँस्कृतिक हिंसाहरू मध्ये बालविवाह, अनिच्छित विवाह, बोक्सीको आरोप, बहुविवाह, छुवाछुत, दाइजोको नाममा हुने हिंसा, छाउपडी तथा महिनावारीका नाममा हुने हिंसा, झुमा, कुमारी, देउकी र सुत्केरी अवस्थामा गरिने छुवाछुत लगायतका व्यबहारहरू सबै सामाजिक साँस्कृतिक हिंसा भित्र पर्दछन्। सामाजिक सँस्कृतीको नाममा महिलाहरूलाई पाखा पार्ने र नियन्त्रणमा राख्ने यो एउटा गलत माध्यम हो र अपराधिक कार्य पनि हो। हालै कार्यान्वयनमा आएको मुलुकी अपराध संहिताले बालविवाहविवाह वा छिटो विवाह र बहुविवाहलाई बदर गर्ने र जानीजानी त्यस्तो विवाह गर्ने गराउनेलाई कैद सजाँयको व्यवस्था गरेको छ। त्यसैगरी छाउपडी, बोक्सीको आरोपमा गरिने हिंसा आदिलाई पनि कानूनले निरुत्साहित गरेको छ। नेपालमा २४.५ प्रतिशतको उमेर नपुग्दै विवाह भएको छ (MICS, 2014, Unicef)

## राजनीतिक भेद्भाव तथा हिंसा

